# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

वि.सं. २०२२ मा दैलेख जिल्लाको दुल्लु गा.वि.स. मा जन्मेका बखतबहादुर थापा वि.सं. २०५५ देखि नेपाली साहित्यक क्षेत्रमा प्रवेश गरेका हुन् । बखतबहादुर थापा समसामयिक आख्यान साहित्यका एक चर्चित आख्यानकार हुन् । उनले **ज्वाला सन्देश** पत्रिकामा 'दैलेख' शीर्षकको कविता वि.सं. २०५५ मा प्रकाशन गराएर औपचारिक रूपमा साहित्य क्षेत्रमा प्रवेश गरेको पाइन्छ । थापाले **'आघात' कथासङ्ग्रह** (२०६२) प्रकाशन गरी औपचारिकरूपमा कथालेखन गरी नेपाली साहित्य क्षेत्रमा विभिन्न कथासङ्ग्रह प्रकाशन गरेका छन् । उनको साझा प्रकाशनबाट **'कम्प्युटर आतङ्क'** (२०६९) कथासङ्ग्रह प्रकाशन भएको पाइन्छ । वि.सं २०३० को दशकमा कथाकारको रूपमा स्थापित बखतबहादुर थापा आधुनिक नेपाली कथासाहित्यको समसामयिक धाराका कथाकार हुन् । कविता लेखनबाट साहित्य क्षेत्रमा प्रवेश गरेका भए तापनि थापा आख्यानकारका रूपमा नै नेपाली साहित्यमा चिनिदै आएका छन् । हालसम्म उनका **परदेश** (२०५८), **कुहिरो र काग** (२०६१), **कालचक्र** (२०६४), **जङ्गे** (२०७१) उपन्यासका साथै कविता, नियात्रा, निबन्धहरू पनि थोरै मात्रामा लेखेको पाइन्छ तर पनि उनको विशेष साहित्यिक यात्रा भने हालसम्म पनि आख्यान (कथा) विधामा नै मान्न सकिन्छ ।

नेपाली साहित्यको कथा क्षेत्रमा देखा परेका थापाका कथामा सामाजिक यथार्थवादी धारा अंङ्गालिएको पाइन्छ । उनको कथा लेखनमा ग्रामीण तथा शहरी क्षेत्रमा घटेका समग्र घटनालाई वढी जोड दिएको छ । गरिवी, अशिक्षा, अन्धविश्वासले गर्दा माओवादी र सरकारवीचको जनयुद्धमा होमिनु परेको अवस्थाका कारुणिक चित्रण उनका कथामा देख्न सकिन्छ । त्यसैगरी नेपाली जनताले भोग्नु परेको त्रासदीपूर्ण स्थिति, गरिबीका कारण विदेशिन बाध्य नेपाली युवाहरूको दयनिय अवस्था र प्राविधिक ठगीसम्बन्धी विषय वस्तुको प्रस्तुती उनका कथामा पाइन्छ । उनका कथासङ्ग्रहहरूमा धनीमानीहरूले गरिबहरूलाई गर्ने अमानवीय व्यवहार, होटलमा काम गर्ने केटीहरूको बिवशता, गर्भवती भएकी महिलालाई विवाह गरी त्यसबाट जन्मिएका छोराछोरीलाई भगवान्को वरदान भनी स्विकार्नु पर्ने

वाध्यात्मक अवस्थाको चित्रण, प्राविधिक ठगी र नेपालको राजनैतिक अस्तव्यस्तताको चित्रण, माओवादी युद्धकालको त्रासदीपूर्ण अवस्था आदिको चित्रण देखिन्छ । उनका कथाहरू सरल र सहज र सम्प्रेष्य देखिए तापिनि भाषिक पक्ष भने ग्रामीण परिवेशमा बोलिने ठेट नेपाली भाषा पाइन्छ । यिनै कथाहरू सङ्ग्रहित कथासङ्ग्रहको अध्ययन यस शोधकार्यको विषय क्षेत्र हो ।

### १.२ समस्याकथन

बखतबहादुर थापा नेपाली साहित्यको आधुनिक कालको समसामयिक धाराका विशिष्ट साधक हुन् । उनको जीवनी, व्यक्तित्व र कृतित्व अध्ययन भए तापनि उनका कथाकारिताको विशेष अध्ययन अनुसन्धान भएको छैन । तसर्थ उनका दुई कथासङ्ग्रहको तत्त्वगत विश्लेषण गर्नु नै शोधपत्रको प्रमुख समस्या हो र यसै समस्यामा रही शोधकार्य गरिएको छ ।

(१) बखतबहादुर थापाको कथायात्रा केकस्तो रहेको छ ?

(२) बखतबहादुर थापाका कथाहरू केकस्ता छन् ?

### १.३. शोधको उद्देश्य

कथाकार बखतबहादुर थापाको जीवनी र व्यक्तित्वको संक्षिप्त चर्चा सहित नेपाली कथा साहित्यमा कथासङ्ग्रहको स्थान निर्धारण गर्दै तत्त्वगत विश्लेषण गर्नु नै यस अध्ययनको उद्देश्य हो । यसलाई निम्न बुँदाका आधारमा स्पष्ट गर्न सकिन्छ :

(१) बखतबहादुर थापाको कथायात्राको विशेष अध्ययन गर्नु,

(२) बखतबहादुर थापाको प्रत्येक कथाको कथातत्त्वका आधारमा विश्लेषण गर्नु ।

### १.४ पूर्वकार्यको समीक्षा

वि.सं. २०३० दशकदेखि नै नेपाली साहित्यमा विभिन्न रचना लिएर देखापरेका बखतबहादुर थापाको दुई कथासङ्ग्रहका बारेमा अहिलेसम्म विशेष अध्ययन भएको छैन ।

उनको उक्त कथाकारिताका बारेमा भएका अध्ययन जे जति छन्, तिनलाई पूर्व कार्यको रूपमा कालक्रमिक तरिकाले यस प्रकार राख्न सकिन्छ ।

खगेन्द्रप्रसाद लुइटेलले **आघात** (२०६२) कथासङ्ग्रहको 'बखतबहादुरका बखत बखतका कुरा' शीर्षक भूमिकामा बखतबहादुर थापाले वर्तमान नेपाली सामजमा विद्यमान विभिन्न विषयवस्तु, घटनावली, सन्दर्भ, प्रसङ्ग आदिलाई टपक्क टिपेर कथासूत्रमा आबद्ध गर्न सफल रहेका कुरा उल्लेख गरेका छन् ।

तीर्थ न्यौपानेले 'बखतका गन्थन' (**कान्तिपुर,** २०६२, पुस ९) शीर्षक लेखमा खगेन्द्रप्रसाद लुइटेलको भूमिकाको केही अंश उद्धृत गर्दै **आघात** सङ्ग्रहबारे चोटिलो गन्थन व्यक्ति गरी **आघात** कथा मार्मिक नेपाली समसामयिक घटनामा आधारित कथा हो भनि शीर्षक सार्थक रहेको कुरा व्यक्त गरेका छन् ।

व्याकुल पाठकले **नेपाली कथा खण्ड-४** (२०६८) पुस्तकमा बखतबहादुर थापाको व्यक्तित्व र कथाकारिताको चर्चा गर्दै पाठककाअनुसार बखतबहादुर थापाको व्यक्तित्व जस्तै यिनका कथा पनि सरल, सरस र सहज रहेका छन् भन्ने कुरा उल्लेख गरेका छन् ।

खगेन्द्रप्रसाद लुइटेलले **कम्प्युटर आतङ्क** (२०६९) कथासङ्ग्रहको 'सामाजिक यथार्थवादी कथा' मा आधारित भएर यस कथासङ्ग्रहको शीर्षक भूमिका लेखमा थापाले नेपाली सामाजमा विद्यमान अन्याय, अत्याचार, गरिबी अशिक्षा, रोग, भोक, अन्धविश्वास आदिको वास्तविक चित्रण गरेको कुरा उल्लेख गरेका छन् । प्राविधिक ठगी र माओवादी युद्धको वास्तविक चित्र यस कथासङ्ग्रह कथाहरूमा उतारेका कारण थापालाई सामाजिक यथार्थवादी कथाकारका रूपमा चिन्न सकिने धारणा व्यक्त गरेका छन् ।

लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारीले **नेपाली कथाको इतिहास** (२०६९) मा बखतबहादुर थापा ग्रामीण तथा शहरीया परिवेशका सूक्ष्म विषयलाई लिएर कथा लेख्छन् भन्दै **आघात** कथामा अभिव्यक्ति समकालीन युगचेतना र युगीन यथार्थको अभिव्यक्ति पाइने कुरा उल्लेख गरेका छन् ।

सनत रेग्मीले **कम्प्युटर आतङ्क** (२०६९) कथासङ्ग्रहको आवरणमा थापाजीका कथा र उपन्यासहरूमा मध्यपश्चिमका समस्याहरूका साथै वर्तमान समयमा देशले भोगेका

समस्या, नवीन टेक्नोलोजी र त्यससँगको तादात्म्यका विषय रहेको छ भनी व्यक्त गरेका छन् ।

'कम्प्युटर आतङ्क' (**राजधानी**, २०७० वैशाख ५) शीर्षक समाचारमा बखतबहादुर थापाको अभिव्यक्ति सहित पेसाले कम्प्युटर व्यावसायिक बखतले कालचक्र उपन्यासपछि नेपाली साहित्यमा ठूलै प्रगति गरी कथाक्षेत्रमा चिनिने गरेको कुरा जनाएका हुन् भनी उल्लेख गरेका छन् ।

'कम्प्युटर आतङ्क' (**कान्तिपुर,** २०७०, वैशाख ९) शीर्षक समाचारमा खगेन्द्रप्रसाद लुइटेलका भूमिकाको केही अंश उघृत गर्दै यस कथामा कम्प्युरटसम्वन्धी आवश्यकता, यसको उपयोग र कम्प्युरटको दुरूपयोग गर्दा हुनसक्ने दुर्घटनाहरूबारे मार्मिक तरिकाले प्रष्ट्याउन खोजिएको छ ।

ममता भट्टराईको **बखतबहादुर थापाको उपन्यासकारिता (२०७३)** मा थापाको जीवनी, व्यक्तित्व, कृतित्वको संक्षिप्त परिचय दिदै उनका उपन्यासकारिताको योगदानका बारेमा चर्चा गरिएको पाइन्छ । उनका उपन्यासमा हिंसा, हत्या, नेपालीहरूको भोक, शोक, विदेशिनु पर्ने स्थिति आदिको कारुणिक तरिकाको चित्रण गरेका कुरा यस शोधपत्रमा उल्लेख गरेकी छन् ।

लीला खरेलको शीर्षक **बखतबहादुर थापाको जीवनी, व्यक्तित्व र कृतित्व** (२०७०) मा थापाको जीवनी, व्यक्तित्व र कृतित्वको चर्चा गर्दै उपन्यास र कथासङ्ग्रहभित्र नेपाली समाजमा विद्यमान अन्याय, अत्याचार, शोषण, रुढिवादी आदिको यथार्थ चित्रण गरेको कुरा यस शोधपत्रमा उल्लेख गरेकी छन् ।

यसरी थापाका बारेमा विभिन्न लेखक तथा समालोचकहरूले समीक्षाका साथै अन्य शीर्षकमा शोधपत्र गरेता पनि उनका कथाकारिताका बारेमा कनै अध्ययन भएको पाइदैन । माथि उल्लेखित गरिएको पूर्वकार्यको विवरणअनुसार थापालाई सामाजिक यथार्थवादी आख्यानकारका रूपमा चिन्न सकिन्छ । उनका कथा नेपाली समाजको यथार्थ चित्रण देख्न सकिन्छ भने कतिपय कथाहरूमा स्वच्छन्दतावादी, युगीन चेतनावादी भाव पनि पाउन सकिन्छ । उनको हालसम्म कथाकारिताको अध्ययन नभएकोले यहाँ उनको कथाकारिताको अध्ययन गरिएको छ ।

## १.५. शोधको औचित्य र महत्त्व

आधुनिक नेपाली साहित्यले प्रयोगवादी प्रवृत्ति पार गर्न आएको नवीन मोडसँगै आफ्नो साहित्यिक यात्रा थालनी गरेका थापाका कथासङ्ग्रहको विश्लेषणबाट उनको वैशिष्ट्य केलाउन सहयोग पुग्दछ । यस कथासङ्ग्रहको बारेमा विशेष अध्ययन अनुसन्धान नभएकाले पनि प्रस्तुत शोधकार्य स्वयम् औचित्यपूर्ण रहेको छ । अतः शोधकार्यबाट बखतबहादुर थापाका बारेमा अभिरुचि राख्ने प्रत्येक व्यक्ति लाभान्वित हुन्छन् ।

## १.६. शोधको सीमाङ्कन

बखतबहादुर थापाले नेपाली साहित्यका विविध विधामा कलम चलाएका छन् । उनको विशेष चर्चा उपन्यास र कथामा रहेको छ । उनका **आघात** (२०६२), र **कम्प्युटर आतङ्क** (२०६९) जस्ता कथासङ्ग्रह प्रकाशित भएका छन् । बखतबहादुर थापाको आघात (२०६२), र **कम्प्युटर आतङ्क** (२०६९) कथासङ्ग्रहहरूलाई एकै ठाउँमा राखेर कथा सिद्धान्तका आधारमा तत्त्वगत विश्लेषण गरिएको छ ।

## १.७. शोधविधि

बखतबहादुर थापाको कथाकारिता विषयको शोधकार्य सम्पन्न गर्नका लागि निम्नलिखित शोधविधि अपनाइएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नको लागि प्राथमिक तया द्वितीय दुवै स्रोतबाट सामाग्री सङ्कलन गरिएको छ । यसका लागि बखतबहादुर थापाको विषयमा लेखिएका लेखहरू पत्रपत्रिका साथै विभिन्न सामाजिक सञ्जालका माध्यम (फेसबुक, इन्टरनेट, वेभसाइट) आदिमा प्रकाशित लेख, रचना तथा समिक्षालाई द्वितीय आधार मानिएको छ भने थापाद्वारा लिखित कृतिलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ । मुख्य गरेर थापासगँको अन्तवार्ता र पुस्तकालय अध्ययन विधिलाई प्रमुख आधार बनाइएको छ । यसका साथै पूर्ववर्ती जीवनी, व्यक्तित्व र कृतित्व सम्वन्धी शोधपत्रलाई समेत आधार मानिएको छ ।

### १.७.२ विश्लेषण विधि

प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्नका लागि सर्वेक्षण विधि र जीवनी, व्यक्तित्व र कृतित्वलाई प्रमुख आधार मानिएको छ । यसै क्रममा निगनात्मक विधिलाई अपनाउदै वर्णनात्मक विधि तथा विश्लेषणात्मक विधिको पनि प्रयोग गरिएको छ । थापाका साहित्यिक कृतिको अध्यायन गरी त्यसको सामान्य रूपरेखासमेत तयार पारिएको छ । साथै स्रष्टासँग सम्वन्धित पुस्तक, पत्रपत्रिकाको पनि अध्ययन गरी सामान्य परिचय दिएको छ ।

### १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्य पाँच परिच्छेदमा विभाजन गरी निम्नअनुसारका विभिन्न शीर्षक र उपशीर्षकहरूमा प्रस्तुत लिइएको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : बखतबहादुर थापाको सङ्क्षिप्त चिनारी

तेस्रो परिच्छेद : बखतबहादुर थापाको कथायात्रा र प्रवृत्ति

चौथो परिच्छेद : बखतबहादुर थापाको कथाहरूको विश्लेषण

पाचौँ परिच्छेद : सारांश तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# बखतबहादुर थापाको सङ्क्षिप्त परिचय

## २.१ बखतबहादुर थापाको जीवनी

जन्मेदेखि नमरुन्जेलसम्मको समयमा भएका घटनाहरूको सँगालोलाई जीवनी भनिन्छ । कथाकार बखतबहादुर थापाको जीवनलाई तल विभिन्न उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

### २.१.१ जन्म र जन्मस्थान

बखतबहादुर थापा भेरी अञ्चल दैलेख जिल्ला अन्तर्गत गमौडी गा.वि.स. वडा नं. ८ राजाकाँधमा बाबु मोतीराम थापा र आमा बिस्ना थापाबाट वि.सं. २०२२ माघ २९ गते जन्मेका हुन् । थापा मोतीराम थपाका दुई श्रीमतीबाट जन्मिएका ६ छोरा र ४ छोरी मध्ये काहिला छोरा हुन् ।[१] यिनी २०६८ सालदेखि काठमाडौं जिल्ला, बौद्ध महानगरपालिका वडा नं. ६ निजी निवासमा सपरिवार बस्दै आएका छन् ।[२]

### २.१.२ बाल्यकाल र स्वभाव

बखतबहादुर थापाले बाल्यकाल नेपालको ग्रामीण परिवेशमा विताएका हुन् । उनी आफ्नै गाउँघरमा गाई, बाख्रा चराउदै, घाँस दाउरा काट्दै, खनजोत गर्नुका साथै अध्ययनमा लागिपरेको पाइन्छ । मध्यम वर्गीय ग्रामीण परिवारमा जन्मिएकाले अधिकांश समय खेतीकिसानी मै विताएको देखिन्छ ।[३]

बखतबहादुर थापाको बाल्यकालको स्वभाव मिलनसार, सहयोगी खालको देखिन्छ । यिनी आँटिलो र साहसी स्वभावका थिए । आफूले गर्न चाहेको काम यिनी जसरी पनि पूरा

---

[१] लीला खरेल, **बखतबहादुर थापाको जीवनी, व्यक्तित्व र कृतित्व**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रिय विभाग, २०७०) पृ.१३ ।

[२] खगेन्द्रप्रसाद लुइटेल, "प्राविधिक ठगी र जनयुद्धको जीवन्त कथा : कालचक्र' बखतबहादुर थापा, **कालचक्र,** (काठमाडौं : रत्न पुस्तक भण्डार, २०६४), पृ.क ।

[३] लीला खरेल, पूर्ववत् ।

गरेर नै छाड्ने प्रवृत्तिका देखिन्छन् । विद्यालय जीवनमा थापाले एकसय मिटरदेखि चारसय मिटरसम्मको दौड र भाला, सट्फुट हान्ने खेलमा सामेल भएर पुरस्कार समेत जितेका छन् । यसबाट हामीले के बुझ्नुपर्ने हुन्छ भने थापाको खेलकुदमा पनि विशेष रुचि रहेको र अवसर पाए अगाडी बढ्न सक्ने कुरा देखिन्छ ।[४]

### २.१.३ शिक्षादीक्षा

बखतबहादुर थापाको अक्षारम्भ घरबाटै भए पनि औपचारिक शिक्षा विद्यालयबाटै पुरा भएको पाइन्छ । कमजोर आर्थिक अवस्थाका कारण खासै शिक्षा हासिल गर्न पाएनन् ।[५] उनले तीन कक्षासम्म गाउँकै थामिधारा प्राइमरी स्कुलमा अध्ययन गरे भने विजया मा.वि. दुल्लुबाट माध्यमिक शिक्षा पुरा गरेका हुन् । थापाले २०४२ सालको प्रवेशिका परीक्षामा असफल भए पछि घरायसी आर्थिक समस्याका कारण पैसा कमाउने उद्देश्यले सुर्खेत झरे । उचित काम नपाएका कारण ड्राइभिङ्ग सिक्न भनी भारततिर गएका थापा भारतमा धेरै समस्याहरूसँग जुध्नु पऱ्यो । त्यस ठाउँमा उनलाई सबैभन्दा जटिल समस्या भाषाको भएकाले उनले कम्प्युटरसम्बन्धी ज्ञान हासिल गरे ।[६] आज त्यही सीपका कारण उनको जीवन सरल तरिकाले जीवन चलाएको पाइन्छ ।

### २.१.४ पारिवारिक स्थिति र आर्थिक अवस्था

बखतबहादुर थापाको परिवार निम्न वर्गीय मान्न सकिन्छ । यिनको परिवार विशेष गरी खेती किसानीको भरमा गुज्रेको पाइन्छ । ठुलो परिवार र आर्थिक अवस्था कमजोर भएका कारण बर्षभरि खान धौ धौ पर्ने गरेको पाइन्छ । आम्दानीको स्रोत कमजोर भएका कारण यिनका बुबा कालापहाड जाने र दसैँमा घर फर्कदा लत्ताकपडा अन्य सामग्रीइ लिएर आउने गर्दा खुसी लाग्ने व्यर्दथे । यिनले जीवन जिउने क्रममा धेरै जटिल परिस्थितिको सामना गर्नु परेको थियो । जीवनमा केही सीप सिक्ने क्रममा टाइपाइटर सिकी त्यसैबाट गुजारा चलाउन शुरु गरे । यिनले धरै नै सङ्घर्ष गरेर कम्प्युटर हार्डवेयर तालिम लिई

[४] ऐजन, पृ.१४ ।

[५] ऐजन, पृ. १६ ।

[६] ऐजन ।

त्यसैअनुसार काम गर्न थाले  र हाल काठमाडौंको डिल्लीबजारमा आफ्नै कम्प्युटर वर्कसपमा व्यस्त छन् ।[७]

### २.१.४.१ कार्यक्षेत्रमा प्रवेश

बखतबहादुर थापा जीवन भोगाइको क्रममा धन कमाउन भनि नेपालमै बस्न नखोजी भारततिर लागेको पाइन्छ । भारतका पुगी आफ्नो कार्य कुल्ली कामबाट शुरु गरेको वताउछन् । उक्त कार्यबाट आफूलाई सन्तुष्टि नमिलेकोले उनी त्यस ठाउँबाट दिल्ली पुगेको देखिन्छ । दिल्लीमा अचानक उनको गाउँको शिक्षक काम गरी बस्ने चक्रनाथ शास्त्रीसँग भेट भएको देखिन्छ । तिनले यिनलाई टाइपराइटर मर्मत गर्ने पसलमा चिया ओसार्ने काममा लगाइदिन्छन् । भाषिक कठिनाइका कारण थापालाई काम गर्न ग्राहो भएपछि अन्य कामको खोजीमा यत्रतत्र भौतारिएको पाइन्छ ।[८] त्यसपछि थापा एउटा फ्याक्ट्रीमा चौकिदारी काम गर्न थाले । केही समयपछि त्यो काम पनि छोडेर यिनी अर्को टाइपराइटर मर्मत गर्ने पसलमा सरसफाइको काम गर्न थाले । त्यहाँ उनले छोटो समयमा नै टाइपराइटर मर्मत गर्ने काम सिके र त्यो पसल पनि छाडेर अर्को ठाउँमा त्यही काम गर्न थाले । त्यहाँ यिनले फोटोकपी र फ्याक्स मेसिन मर्मत गर्न सिके । यति कष्टपूर्ण काम गर्दा पनि उनलाई पैसा कमाउनु त के सामान्य गुजारा चलाउनसमेत धौ धौ परकाले भारतका विभिन्न ठाउँमा अति कष्टका साथ दुई बर्ष बिताएपछि थापा आफ्नै जन्मथलो नेपाल आएको पाइन्छ ।[९]

त्यसपछि थापा आफ्नै गाउँको घर फर्किए । २/४ महिना गाउँमै भौतारिए पछि यिनी टाइपराइटर मर्मत केन्द्र खोल्ने मनसायले अनुभवको प्रमाणपत्र लिन भनी पुनः दिल्ली गएको र केही समय त्यही आफ्नै टाइपराइटर मर्मत केन्द्र खोलेर बसेको देखिन्छ । त्यहाँ खासै कमाइ नभएकाले थापा आफ्नै साथीसँग नेपाल फर्किएर दाङ्ग गएको देखिन्छ । एक बर्षसम्म दाङमा नै टाइपराइटर मर्मत गरेर बसेको पाइन्छ । २०४८ सालमा थापा काठमाडौं आए र दुई तीन महिना अर्काकै टाइपराइटर पसलमा काम गरे र केही समयपछि आफ्नै टाइपिङ इन्स्टिच्युट खोलेर काम गर्न थाले । त्यसबाट जीवन चलाउन धौ धौ परेकाले

[७] ऐनज, पृ.१५ ।

[८] ऐजन ।

[९] ऐजन ।

उनले त्यो काम पनि छोडेर न्युरोडको एउटा कम्प्युटर सोरूममा टाइपराइटर, फोटोकपी, फ्याक्स मर्मतको काम गर्न थाले । यिनलाई त्यो कामबाट पनि सन्तुष्टि नमिलेकोले हार्डवेयर सिक्न भनी २०५० सालमा काठमाडौंको कमलादी स्थित 'पेसिफिक अफिस अटोमेसन सेन्टर' नामक कम्प्युटर सोरुममा काम गर्न थाले । छोटो समयमा नै काम सिक्दासिक्दै थापा कम्प्युटर प्राविधिक बन्न पुगे ।[१०] २०६२ सालसम्म त्यही काम गरे र त्यसपछि काठमाडौंको डिल्लीबजारमा ज्वाला इलेक्ट्रोनिक्स सर्भिस सेन्टर नामक आफ्नै कम्प्युटर हार्डवेयर वर्कसप खोलेर दैनिकी चलाइरहेका छन् । यिनको मुख्य कार्यक्षेत्र कम्प्युटर प्राविधिक भए पनि फुर्सदको समयमा साहित्य सृजना गर्न पछि परेका छैनन् । आफूले जीवनमा भोगेका र देखेका विविध घटनाहरूलाई समेटेर कथा तथा उपन्यास सृजनामा लागेका थापाले आफूले स्वदेश तथा विदेशका भोगाईहरूलाई आफ्ना कथामा समावेश गर्दै लेखन कार्यलाई अघि बढाएका छन् ।

### २.१.४.२ विवाह र सन्तान

बखतबहादुर थापाको विवाह १७ बर्षको कलिलै उमेरमा हिन्दू परम्पराअनुसार दैलेख जिल्लाको रावतकोट निवासी तेजबहादुर कार्कीकी जेठी छोरी लक्ष्मी कार्कीसँग वि.सं. २०३९ सालमा भएको हो । थापाका दुई छोरा मध्ये जेठो छोरा हेमन्त थापा सि.ए. पढ्दै छन् भने कान्छा भोजराज थापा मेकानिकल इन्जिनियरमा अध्ययनरत छन् । [११] यसरी हेर्दा उनको सुखी परिवार रहेको देखिन्छ ।

### २.१.५ रुचि

थापाको धेरै रुचिहरू मध्ये ड्राइभिङमा विशेष रुचि रहेको पाइन्छ । जीवन चलाउने क्रममा विविध परिस्थितिजन्य कारणवश विभिन्न समस्यासँग जुध्दै कम्प्युटर प्राविधिक बन्न पुगेका छन् । थापा साहित्यका माध्यमबाट विगतमा आफूले भोगेका र देखेका जटिल परिस्थितिहरूलाई सम्योजन गर्दै समाजका वास्तविक घटनाहरूलाई पाठक तथा सर्वसाधारण जनतासम्म पुऱ्याएर आफ्नो दुःख पीडा सबैका सामु छर्लङ्ग पार्न सफल छन् । साहित्यिक कृतिहरूमा यिनी लक्ष्मीप्रसाद देवकोटाको मुनामदन खण्डकाव्य र आख्यानकार ध्रुवचन्द्र

[१०] ऐजन, पृ. १६ ।

[११] ऐजन, पृ.१७ ।

गौतमका कथा, उपन्यास पढ्नमा विशेष रुचि रहेको पाइन्छ । गोर्कीको ‘आमा’ उपन्यास र कालीदासको ‘मेघदूत’ खण्डकाव्यले उनलाई साहित्यप्रति अभिरुचि बढाएको देखिन्छ । खानेकुरामा नेपाली गाउँले खाना मनपराउने थापा साधारण नेपाली पोसाक लगाउन मन पराउछन् । उनी व्यवहारिक, दयालु र सहयोगी भावनाका देखिन्छन् साथै सङ्गीतमा पनि विशेष रुचि रहेको पाइन्छ ।[१२]

## २.१.६ भ्रमण

थापा नेपालको भेरी अञ्चल दैलेख जिल्लाअन्तर्गत गमौडी गा.वि.स. वडा नं. ८ मा जन्मिएर हुर्केका भएता पनि नेपालको विभिन्न स्थानलगायत नेपाल बाहिर भारत, चीन जस्ता देशहरूको भ्रमण गरेका पाइन्छ । थापा भारतको दिल्ली, रूपैडिया, नानापारा, अल्मोडा, बाँकेश्वर, अहमदावाद आदि शहरमा पुगेको स्वयम् बताउछन् र यिनी चीनको बोडर तातोपानी स्थल पुगेको पाइन्छ ।[१३] यिनी नेपालका विभिन्न शहरमा काम विशेषले पुगेका र त्यसै सिलसिलामा भ्रमण गरेको देखिन्छ ।

## २.१.७ मानसम्मान र पुरस्कार

बखतबहादुर थापाका साहित्य क्षेत्रमा धेरै कृतिहरू प्रकाशनमा ल्यएकाले उनलाई नेपाली साहित्य क्षेत्रबाट विभिन्न प्रकारका सम्मानहरू पाएका छन् । उनलाई २०६४ सालमा दैलेखी सेवा समाजले नेपाली साहित्यका क्षेत्रमा योगदान दिएको भन्दै सम्मान गरेको थियो । हालै यिनलाई दीप-गोविन्द स्मृति सम्मान’ (२०६९-०७०) द्वारा सम्मानित गरिएको छ । स्कुले जीवनमा खेलकुदमा सहभागी भएर केही पुरस्कार हात पारेको पाइन्छ ।[१४] थापाले नेपाली साहित्यमा गरेको योगदानअनुरूप उनको सम्मान तथा पुरस्कार भन्नु नै उनका पाठकहरू हुन् ।

---

[१२] ऐजन ।

[१३] ऐजन ।

[१४] ऐजन, पृ.१८ ।

## २.१.८ लेखन

आफूले जीवन कालमा देखेका भोगेका कुरा र आफ्ना मनमा लागेका कुरा साहित्यमार्फत प्रस्तुत गर्नु उनका लेखन कार्य मानिन्छ । साहित्यकार थापाले सानै कक्षामा पढ्दादेखि नै फाट्ट फुट्ट साहित्य सृर्जना गरेता पनि प्रकाशित कविता पछिमात्र दिएको देखिन्छ । बखतबहादुर थापाले पनि नेपाली साहित्यमा विभिन्न खालका लेख तथा रचनाहरू प्रस्तुत गरेका छन् ।

### २.१.८.१ लेखनका लागि प्रेरणा र प्रभाव

थापा साहित्यिक परिवारमा नजन्मिए तापनि थापालाई सर्वप्रथम प्रेरणा दिने काम विराटनगरका एक पत्रकारले गरेका हुन् ।[१५] त्यसपछि थापा राजीव सिन्हाको 'पेसिफिक अफिस अटोमेसन सेन्टर' मा काम गर्न थालेको र उनको सङ्गतद्धारा नै लेखनमा प्रेरणा र हौसला दिएको पाइन्छ ।[१६] नेपाली साहित्यमा उनी ध्रुवचन्द्र गौतमका आख्यानात्मक कृतिहरू र लक्ष्मीप्रसाद देवकोटाको मुनामदन खण्डकाव्यबाट अझ बढि प्रेरित भएको पाइन्छ । यसका अतिरिक्त उनले नेपाल साहित्यका गुरूप्रसाद मैनाली, रमेश विकल, भवानी भिक्षु, मदनमणि दीक्षित, आदि साहित्यिक कृतिहरूलाई आफ्नो साहित्य सृर्जनाको आदर्श स्रोत मानेका छन् । साथै हिन्दी साहित्यका कथाकार प्रेमचन्दका कथाहरू अनि रसियन साहित्यकार गोर्कीको आमा उपन्यास, महाकवि कालिदासको मेघदूत खण्डकाव्यबाट पनि प्रभाव पाएका छन् । यिनले प्रा.डा. खगेन्द्र प्रसाद लुइटेल तथा लीला लुइटेललाई समेत आफ्नो साहित्यिक लेखनको प्रेरणा स्रोत मान्दै आएका छन् ।[१७]

### २.१.८.२ लेखनको प्रारम्भ र प्रकाशित कृतिहरू

बखतबहादुर थापाको लेखन प्रारम्भ सानै उमेरबाट थाले पनि औपचारिक रूपमा ३३ वर्षको उमेरदेखि सुरु भएको हो । २०५५ सालमा दैलेखी सेवा समाजबाट प्रकाशन हुने

---

[१५] ऐजन ।

[१६] ऐजन ।

[१७] ऐजन ।

**ज्वाला सन्देश** पत्रिकामा सर्वप्रथम 'दैलेख' शीर्षकको कविता प्रकाशित भएको हो ।[१८] यो नै उनको प्रथम प्रकाशित रचना हो । यही कविताबाट उनको साहित्य यात्रा प्रारम्भ भएको हो । प्रारम्भिक अवस्थामा कविता र नियात्रा लेखे पनि आफ्नो मनको वेदना कविता र नियात्राबाट नसमेटिने देखेपछि यिनीले विस्तारै आख्यान विधातिर कलम चलाउन थालेको पाइन्छ । उनका प्रारम्भिक अवस्थामा रचनाहरू प्रकाशित नभएकोले उनको पहिलो सङ्ग्रहका रूपमा प्रकाशित कृति २०५८ सालमा प्रकाशित **परदेश** उपन्यास हो । उनले विविध क्षेत्रमा कलम चलाए पनि विशेष गरी कथा र उपन्यास नै मुख्य मान्न सकन्छि । बखतबहादुर थापाका हालसम्म पुस्तककार रूपमा प्रकाशित कृतिहरूको विवरण कालक्रमअनुसार तल दिइएको छ :

| क.सं. | प्रकाशित कृति | विधा | प्रकाशक | प्रकाशिन साल |
|---|---|---|---|---|
| १. | **परदेश** | उपन्यास | मोतीराम थापा | २०५८ |
| २. | **कुहिरो र काग** | उपन्यास | मध्यपश्चिमाञ्चल साहित्य परिषद् | २०६१ |
| ३. | **आघात** | कथासङ्ग्रह | श्रीमती लक्ष्मी थापा | २०६२ |
| ४. | **कालचक्र** | उपन्यास | रत्न पुस्तक भण्डार | २०६४ |
| ५. | **कम्प्युटर आतङ्क** | कथासङ्ग्रह | साझा प्रकाशन | २०६९ |
| ६. | **जङ्गो** | उपन्यास | साझा प्रकाशन | २०७१ |

## २.२ बखतबहादुर थापाको व्यक्तित्व

नेपाली साहित्यको विविध क्षेत्रमा सक्रिय योगदान पुऱ्याउने थापाले व्यक्तित्व निर्माणमा विशेषतः पारिवारिक पृष्ठभूमि हुर्केको भौगोलिक धरातल, अङ्गालेको सस्कारिक आचारण, भोगेको व्यवहारिक क्रियाकलाप, परिवारको आर्थिक, शैक्षिक, राजनैतिक हैसियतले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । यस अध्यायमा क्रमिकरूपमा निम्नानुसार चर्चा गर्न सकिन्छ ।

[१८] ऐजन, पृ.१९ ।

### २.२.१ पृष्ठभूमि

कथा क्षेत्रलाई मुख्य साहित्यिक क्षेत्र बनाएका थापाले नेपाली साहित्यमा धेरै नै योगदान पुऱ्याएको पाइन्छ । शारीरिक वनावटका आधारमा उनका व्यक्तित्वका विविध पाटाहरूलाई यहाँ चर्चा गरिएको छ ।

### २.२.९ शारीरिक व्यक्तित्व

बखतबहादुर थापाको शारीरिक व्यक्तित्वलाई हेर्दा उनी ५ फिट ५ इन्च उचाइ, गहुँगोरो वर्णका देखिन्छन् । उनी बाटुलो अनुहार, ठूलो निधार, दाह्री, जुँगा पाल्ने स्वभावका र शरीर हृष्टपुष्ट नै रहेको पाइन्छ । उनी साना देखि ठूलाखाले सबैसँग मिजासिला स्वभावका देखिन्छन् । उनी जस्तोसुकै जटिल परिस्थितिमा पनि नआत्ति सहज तरिकाले कार्य सम्पन्न गर्ने व्यक्तिका रूपमा चिनिन्छिन्  । सङ्घर्षशील र निडर स्वभावका थापा परिश्रमी र सृर्जनशील प्रकृतिका छन् ।[१९]

### २.२.३ व्यक्तित्वका विभिन्न पाटाहरू

जुनसुकै व्यक्तिको व्यक्तित्व निर्माणका लागि उसको पारिवारिक, सामाजिक, आर्थिक र राजनैतिक पक्षहरूले प्रभाव पारेको हुन्छ । राजनितिक क्षेत्रमा थोरै लगाव रहेका थापा उनी लेखनबाहेक विभिन्न सामाजिक, साँस्कृतिक कार्यमा पनि सम्लग्न छन् तर उनी कुनै साहित्यिक सङ्घसंस्थाहरूसँग आवद्ध भने भएका छैनन् ।[२०] उनका यिनै बहुआयामिक व्यक्तित्वका विविध पक्षहरूलाई निम्नअनुसार अध्ययन गर्न सकिन्छ :

#### २.२.३.१ साहित्यिक व्यक्तित्व

बखतबहादुर थापाको साहित्यिक व्यक्तित्व चर्चा गर्दा साहित्यको सुरुवात कविता विधाबाट भएपनि उनको पहिलो प्रकाशित कृति 'परदेश' (२०५८) उपन्यास हो । औपचारिक रूपमा २०५८ सालदेखि साहित्य क्षेत्रमा प्रवेश गरेका थापा निरन्तररूपमा साहित्य सृर्जनमा लागि परेका छन् । उनको साहित्यिक व्यक्तित्वलाई यहाँ प्रस्तुत गरिएको छ ।

---

[१९] ऐजन, पृ.२१ ।

[२०] ऐजन, पृ.२२ ।

### २.२.३.२ उपन्यासकार व्यक्तित्व

आफूले देखेको र भोगेको जीवनको केही अंश नपरी उपन्यास हुँदैन भन्ने थापाका उपन्यासहरूमा समाजको यथार्थ चित्रण पाइन्छ । सामान्य बिषयवस्तुलाई उपन्यासको रूप दिने थापाले आफू बाँचेको परिवेशबाट नै उपन्यासको बिषयवस्तु लिने गरेका छन् । यिनका उपन्यासमा नेपाली समाजमा विद्यमान अन्याय, अत्याचारको विरोध र गरिब, मजदुर र भरियाहरूले भोग्ने गरेको जटिल परिस्थितिको चित्रण पाइन्छ । नेपाली साहित्यका क्षेत्रमा आख्यानकारका रूपमा परिचत थापाका हालसम्म उपन्यासहरू **परदेश** (२०५८), **कुहिरो र काग** (२०६१), **कालचक्र** (२०६४) र **जङ्गे** (२०७१) प्रकाशित भइसकेका छन् ।[२१] यिनै उपन्यासले थापालाई उपन्यासकार व्यक्तित्वका रूपमा चिनाउने काम गरेको पाइन्छ । उनका उपन्यासमा विशेष गरेर नेपालको दुर्गम ग्रामीण जीवनको झल्को पाउन सकिन्छ ।

### २.२.३.३ कथाकार व्यक्तित्व

कथा क्षेत्रमा विशेष ख्याति कमाएका थापाले हालसम्म **आघात** (२०६२), **कम्प्युटर आतङ्क** (२०६९) कथासङ्ग्रह प्रकाशित छन् । **'आघात' कथासङ्ग्रह**मा जम्मा २० वटा कथाहरू सङ्ग्रहीत छन् । साथै 'कम्प्युटर आतङ्क' कथासङ्ग्रहमा जम्मा २५ वटा कथाहरू सङ्ग्रहीत छन् । थापाको **आघात कथासङ्ग्रह**मा ग्रामीण परिवेश, नेपालको २०६२/२०६३ को जनयुद्धबाट ग्रशित नेपाली जनताको अवस्था, उच्च वर्गले निम्नबर्गमाथि गर्ने अन्याए अत्याचार र व्यवहार, रेष्टुरेन्टमा काम गर्ने केटीहरूको विवशता, मुग्लान पस्नुको पिठा, गर्भवती भएकी महिलालाई विवाह गर्दा जन्मिएका छोराछोरीहरूलाई भगवान्को वरदान भनी स्विकानुपर्ने बाध्यात्मक अवस्थाको कारुणिक चित्रण गरेको देखिन्छ [२२] भने 'कम्प्युटर आतङ्क' कथासङ्ग्रहमा सङ्ग्रहित कथामा प्राविधिक ठगी, त्यसबाट हुने समस्या, नेपाली ग्रामीण जनजीवनका विविध प्रसङगहरू, गरिबी, अशिक्षा, रोग, भोग, अन्धविश्वास, जनयुद्धका घटनाहरू, मुग्लान पस्दाको अवस्था, शहरी जीवनको भोगाइ, सुकुम्वासी समस्या आदि जस्ता प्रसङ्गलाई मार्मिक चित्रण गरिएको छ ।

---

[२१] ऐजन ।

[२२] मधुसूदन गिरी, 'उपन्यासकार थापालाई परिषद्को शुभकामना', बखतबहादुर थापाको **कुहिरो र काग,** (काठमाडौं : मध्यपश्चिमाञ्चल साहित्य मध्यपश्चिमाञ्चल साहित्य परिषद, २०६१) ।

### २.२.३.५ साहित्येतर व्यक्तित्व

थापाको कम्प्युटरसम्बन्धी प्राविधिक पेशालाई व्यवसायिक पेशाको रूपमा लिन सकिन्छ । केही धन कमाउने उद्देश्यले भारततिर लागेका र भारतमा पुगेपछि भाषाका समस्याले गर्दा कुल्ली र चौकीदारी काम गर्दै थापा दिल्ली पुगेको पाइन्छ ।[२३] दिल्लीमा पुगेपछि उनी एउटा टाइपराइटर मर्मत केन्द्रमा सरसफाइ गर्ने काम गर्न थालेपछि छिटै नै उक्त काम सिकि नेपाल फर्केका थिए । दिल्लीबाट फर्किएर आफ्नै टाइपराइटर मर्मत केन्द्र खोलेर काम गर्न थाले ।[२४] उनी यसकामबाट उत्साहित भई कम्प्युटर हार्डवेयर पनि सिक्ने र काम गर्ने उद्देश्यले न्युरोडको एउटा कम्प्युटर सोरुममा काम गर्न थालेको पाइन्छ । केही समयपछि हार्डवेयर सम्वन्धी काम सीकेर २०६१ सालदेखि काठमाडौंको डिल्लीबजारमा आफ्नै कम्प्युटर वर्कसप चलाएर जीवन यापन गर्दै आएका छन् । उनको कार्यक्षेत्र कम्प्युटर प्राविधिक भएता पनि उनको बाँकी समय भने साहित्य सृजना गर्ने र विभिन्न साहित्यिक गोष्ठी तथा समारोहमा सामेल हुने गरेका छन् ।[२५]

## २.३ जीवनी व्यक्तित्व र साहित्यिक लेखनबीचको अन्तरसम्बन्ध

माध्यमिक शिक्षा पुरा गरेर जीवन चलाउनका लागि भारत तिर लागेका थापाले त्यस ठाउँमा धेरै दुःख कष्ट र ठूलो मिहेनतका साथ उनी एक कम्प्युटर प्राविधिक बन्न सफल भए । यसरी जीवन भोगाइको सिलसिलामा प्राप्त दुःख र कष्टका विविध पक्षले उनलाई साहित्य स्रष्टा बनाएको छ ।[२६] थापाको साहित्य सृजनाले उनको कही न कही जीवन भोगाईको अवस्थालाई प्रतिबिम्बित गर्छ ।

---

[२३] लीला खरेल, पूर्ववत् ।

[२४] ऐजन ।

[२५] ऐजन, पृ.२५ ।

[२६] ऐजन ।

## २.४ निष्कर्ष

नेपाली कथाको विकास प्रक्रियालाई महत्वपूर्ण योगदान दिने कथाकार बखत बहादुर थापा नेपाली कथा साहित्यकारका प्रतिभा हुन् । आधुनिक नेपाली कथा सामाजिक यथार्थवादी धारा, मनोवैज्ञानिक यथार्थवादी धारा, समाजवादी यथार्थवादी वा प्रगतिवादी धारा, नवचेतनावादी वा प्रयोगवादी धारा हुँदै समसामयिक धारामा भर्खरै पाइला टेकेको बेला नयाँ आयाम थप्दै कथाकार बखत बहादुर थापा देखा परेका हुन् । पछिल्लो समयमा आएर कथा क्षेत्रमा आफ्ना रचनाका माध्यमले आफ्नो छाप छोडेका सिंहका कथाको मूल प्रवृत्ति नै समसामयिक वस्तुस्थितिको विश्लेषण गर्नु हो । राजनैतिक सामाजिक तथा नैतिक रूपमा पतन भइरहेको देशको यथार्थ विश्लेषण यिनका कथामा पाइन्छ । उपन्यास र कथामा बढी लगाव रहेका थापाको कविता, नियात्रा र निवन्ध छिटफुट रूपमा रहेको पाइन्छ । सरल र स्पष्ट भाषाशैलीमा कथा, उपन्यास लेख्ने थापाले सम्पूर्ण पाठकहरूको मन जित्न सफल भएका छन् । बखतबहादुर थापाको जीवनी, व्यक्तित्वले साहित्य सिर्जनाका प्रत्येक पक्षलाई अन्तरसम्वन्धका रूपमा चिनाएको पाइन्छ ।

# तेस्रो परिच्छेद

# बखतबहादुर थापाको कथायात्रा र प्रवृत्ति

## ३.१ विषयप्रवेश

नेपाली साहित्यमा उत्कृष्ट साहित्यकारका रूपमा देखा परेका थापा एक सशक्त कथाकारका रूपमा स्थापित भएका छन्. । साहित्य सृर्जनाको प्रांरम्भमा कविता क्षेत्रबाट प्रवेश गरेका थापाको लेखन मुख्य गरी आख्यान विधामा रहेको छ । वि.स.२०५५ मा **ज्वाला सन्देश** नामक पत्रिकामा 'दैलेख' शीर्षक कविता प्रकाशन गरी साहित्यतर्फको औपचारिक यात्रा सुरु गरेका थापाका **परदेश** (२०५८), **कुहिरो र काग** (२९६१), **कालचक्र** (२०६४), **जङ्गे** (२०७१) गरी चारओटा उपन्यास र **आघात** (२०६२) र **कम्प्युटर आतङ्क** (२०६८) गरी दुईओटा कथासङ्ग्रह प्रकाशित कृतिहरू हुन् । यिनको साहित्यिक यात्रालाई दुई चरणमा छुट्याइएको छ ।

### ३.१.१ पहिलो चरण (२०५५ देखि २०६१)

थापाको साहित्यिक यात्राको पहिलो चरण वि.सं. २०५५ सालमा प्रकाशित 'दैलेख' कविताबाट सुरु भएको हो । यस चरणमा यिनले केही नियात्रा समेत लेखेको पाइन्छ । यसरी यिनको साहित्य लेखनको प्रथम चरणमा उपन्यास विधालाई समेटिएको पाइन्छ ।

यस चरणको समयावधि वि.सं. २०५५ देखि २०६१ सम्मलाई मान्न सकिन्छ । यस चरणमा थापाका **परदेश** (२०५८) **कुहिरो र काग** (२०६१) गरी २ वटा उपन्यास प्रकाशित भएको पाइन्छ । यस चरणमा उपन्यास विधालाई मात्र मूर्त दिएको पाइन्छ । उनका उपन्यासका विषयवस्तुहरू आफ्नै जीवनमा भोगेका समस्या र सामाजिक परिस्थितिले जन्माएका मनका कपितय पीडा, वेदना, विस्मात् जस्ता कुरालाई थापाले सशक्त ढङ्गले प्रस्तुत गरेका छन् ।

पहिलो चरणलाई अभ्यासिक र सृर्जनात्मक चरण मान्दै उपन्यास लेखनसम्म थापा पुगेको देखिन्छ ।

### ३.१.२ दोस्रो चरण (२०६२ देखि हालसम्म)

वि.स. २०६२ देखि हालसम्मलाई थापाका चरण विभाजन गर्ने क्रममा दोस्रो चरण मान्न सकिन्छ । यस चरणमा कथालेखनलाई आफ्नो साहित्य लेखनको केन्द्रविन्दु बनाएको

पाइन्छ । यिनको यो चरण विशेष गरेर थापाको द्रुत गतिमा अगाडि बढेको कथा लेखनको चरण पनि मान्न सकिन्छ । यस समयमा थापाले कथाका माध्यमबाट नेपाली ग्रामीण समाजमा भएका तथा हुने गरेका अन्याय, अत्यचार, अमानवीय व्यवहार, लुटपात, शोषण जस्ता कुरालाई थयार्थ तरिकाले प्रस्तुत गर्न सफल भएका छन् । यस चरणमा यिनका **आघात, कम्प्युटर आतङ्क कथासङ्ग्रह** र हाल आएर **जङ्गे** उपन्यास पनि प्रकाशित गराएका छन् ।

## ३.३ बखतबहादुर थापाको कथागत प्रवृत्ति

बखतबहादुर थापाको कथागत प्रवृत्तिलाई हेर्दा उनले लेखेका हालसम्मका प्रकाशित २ वटा कथासङ्ग्रहहरू **आघात कथासङ्ग्रह** र **कम्प्यूटर** कथासङ्ग्रह हुन् । उनका थोरै कथासङ्ग्रह भएपनि मार्मिक तथा विषयवस्तुमा आधारित भएर लेखिएका कारण उनी नेपाली साहित्यमा परिचित हुन सफल देखिन्छन् । मूलतः नेपाली समाजमा माओवादी र सरकार पक्षको द्वन्द्वले पारेका कतिपय प्रभाव एवम् जीवन भोगाइले समेटेका अनुभूतिलाई एवम् समसामयिक विभिन्न सन्दर्भलाई यस चरणका कथा र उपन्यासले आत्मसात् गरेको पाइन्छ । सामाजिक यथार्थको सन्दर्भमा नै यी कृतिहरू स्थापित रहेको देखिन्छन् ।

कथा क्षेत्रमा विशेष लागिपरेका थापाले **आघात कथासङ्ग्रह**मा सामाजिक विषयवस्तुलाई अगाडी सारेका छन् । विभिन्न साहित्यिक कार्यक्रममा हुने ढिलासुस्ती जस्ता कुरालाई पनि यस सङ्ग्रहमा सशक्त उठान गरिएको छ । यसका साथै नारा, जुलुस, बन्द हड्ताल, प्रहरीको अत्याचार, रक्सी सेवन, एच.आइ.भी एड्स जस्ता पक्षलाई पनि समेट्न पुगेका छन् । त्यसैगरी **कम्प्यूटर आतङ्क** कथासङ्ग्रहमा उनका कम्प्युटर क्षेत्रको ज्ञानसँग जोड्दै कथा लेखन गरेका छन् । यस सङ्ग्रहका कथाले नवीन टेक्नोलोजीसँग कति सम्बन्ध छ भन्ने कुरा देखाउन खोजेका छन् । मनोविश्लेषणात्मक सामाजिक यथार्थको प्रस्तुती रहेका यिनका कथामा देशले भोगेका विविध पक्षका समस्यालाई ज्वलन्त रूपमा प्रस्तुत गरिएको देखिन्छ । यस सङ्ग्रहका कथामा पनि गरिबी, रोग, अशिक्षा, अन्धविश्वास, ढिलासुस्ती, थिचोमिचो, जनयुद्धकालीन पीडा आदिको यथार्थ प्रस्तुति पाइन्छ । उनका कथासङ्ग्रहका प्रवृत्तिहरूलाई बुद्धागत रूपमा देखाइएको छ :

**आघात कथासङ्ग्रह**मा चाकडी, चाप्लुसी, नातावाद, कृपावाद, नारी शोषण जस्ता विषयले व्यापकता पाएको देखिन्छ ।

यसका अतिरिक्त पनि शैक्षिक बेरोजगारि, अन्धविश्वास, मानवीय दुष्प्रवृत्ति, प्रेम तथा विछोड जस्ता विषयले समेत यसै सङ्ग्रहमा स्थान पाएका छन् ।

त्यस्तै **आघात्** कथासङ्ग्रहमा सामाजिक यथार्थलाई प्रभावकारी रूपले प्रस्तुत गर्न उपन्यासकार थापा सक्षम देखिन्छन् । समाज परिवर्तशील भएकाले उसको वास्तविकता नबुझ्दा दु:ख भोग्नुपर्ने तथ्यलाई सघनरूपले प्रस्तुत गरिएको छ ।

यस कथासङ्ग्रहमा माओवादी जनयुद्धको वास्तविकतालाई प्रस्तुत गरिएको छ । जनयुद्धताका नेपाली समाजले भोगेका दु:ख, घरपरिवारको विचल्ली, हिंसा, बलात्कार, दमन, शोषण आदिको यथार्थतालाई उतारिएको छ ।

यस कथासङ्ग्रहमा नेपालीहरूको बाध्यात्मक अवस्थाका कारण भोगेका अनेकन चित्र उतारिएको यस कथामा नेपालीहरूले बाध्यात्मक अवस्थाका कारण भोगको अनेकन पीडालाई देखाइएको छ ।

अन्य पक्षहरूमा कतिपय प्राविधिक प्रशासनिक कुप्रवृत्ति, ठगी, महिला हिंसालाई समेत यहाँ मार्मिक चित्रण गरिएको छ ।

## ३.४ निष्कर्ष

बखतबहादुर थापाको साहित्य यात्रालाई मुख्य २ चरणमा विभाजन गरी अध्ययन गरिएको छ । पहिलो चरण उपन्यास केन्द्रीत एवम् आभ्यासिक चरण देखिन्छ । दोस्रो चरण कथा विधामा केन्द्रीत देखिन्छ । मूलतः सामाजिक यथार्थको सञ्चेतनलाई यिनको लेखन यात्राको उत्तरोत्तर चरणले विकसित गर्दै लगेको देखिन्छ । काल्पनिक पक्ष असुहाउँदिला जस्ता देखिने यिनका चरणका कृतिले दोस्रो चरणमा आइपुग्दा सशक्तता र सत्यता प्राप्त गर्न सक्षम बनेको देखिन्छ । यिनको लेखन समसामयिक नेपालको ग्रामीण तथा शहरी परिवेशको विविध पाटामा छरिएको पाइन्छ । उक्त अध्ययनले थापालाई आधुनिक युगमा सशक्त कथाकारका रूपमा परिचित गराउन सक्षम देखिन्छन् ।

# चौथो परिच्छेद

## थापाका कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूको विधातात्विक विश्लेषण

### ४.१ विषयपरिचय

बखतबहादुर थापा नेपाली कथा जग्तका एक स्रष्टा हुन् । उनको साहित्यिक यात्राको एक दशक लामो समयमा उनका २ वटा कथासङ्ग्रह प्रकाशित भइसकेका छन् । उनका कथाहरू सामाजिक धरातलका घटनाहरू देखाउन सक्षम देखिन्छन् । यौन, सामाजिक विकृति, विसङ्गति र सामाजिक बेथितिमाथि व्यङ्ग्य प्रहार गर्न समेत सफल देखिएका उनका प्रथम कथासङ्ग्रह **आघात कथासङ्ग्रह** (२०६२) रहेको छ र उनका यिनै कथासङ्ग्रहहरूमा समावेश गरिएका कथाहरूमा भएका कथावस्तु, पात्रहरूको अवस्था, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैली लगायतमा केन्द्रीत भई अध्ययन गरिएको छ । कथाकार बखतबहादुर थापाद्वारा लिखित यस सङ्ग्रह भित्र २० वटा कथाहरू रहेका छन् ।

### ४.१ बखतबहादुर थापाको आघात कथासङ्ग्रहको विश्लेषण

विश्लेषण भन्नाले कुनै पनि सन्दर्भलाई पूर्ण रूपमा जानकारी गराउनु हो । थापाका कथासङ्ग्रहहरूको पनि विस्तृत रूपमा व्याख्या तथा विश्लेषण यस अध्ययनमा गरिएको छ ।

### ४.२ 'आघात' कथासङ्ग्रहको अध्ययन

थापाको **आघात कथासङ्ग्रह**मा कस्ता खालका कथा, संवाद, पात्र, परिवेश कस्ता छन् भनी अध्ययन गरिएको पान्इन्छ ।

#### ४.२.१.१ परिचय

बखतबहादुर थापाको **आघात कथासङ्ग्रह** (२०६२) भित्र २० वटा कथाहरू रहेका छन् । लक्ष्मी थापा प्रकाशनबाट वि.सं. २०६२ सालमा प्रकाशित यो सङ्ग्रह जम्मा १-१३७ सम्म मूल भाग तथा रङ्गीन आवरण र विषय सूचीका ५ पृष्ठ गरी जम्मा १४२ पृष्ठमा संरचित रहेको छ । यस सङ्ग्रहमा समावेश कथाहरू (१) **आघात** र (२) **कम्प्युटर आतङ्क** गरी २ वटा कथासङ्ग्रह रहेका छन् । यिनै कथाहरूलाई कथातत्त्वका आधारमा यहाँ अध्ययन गरिएको छ ।

### ४.२.१.२ कथातत्त्वका आधारमा अध्ययन

बखतबहादुर थापाद्वारा लिखित उपर्युक्त कथाहरूलाई अध्ययन तथा विश्लेषण गर्न कथाका तत्त्वहरूलाई आधार मानिएको छ । उनले लेखेका कथाहरूलाई कथानक, सहभागी, सहभागिता, परिवेश, उद्देश्य, दृष्टिविन्दु र भाषाशैलीय विन्यासका आधारमा अध्ययन गरिएको छ ।

**१.कथानक**

आख्यानात्मक कृतिमा पाठकहरूलाई ध्यानाकर्षित गर्न तथा रुचि जगाउन चयन गरिएका घटनाहरूको विन्यास र अर्न्तसम्वन्धलाई कथानक भनिन्छ । लेखकले कृतिमा इच्छीत प्रभाव प्राप्त गर्नका लागि सावधानीपुर्वक गरिएको घटनाहरूको विन्यास नै कथानक हो ।[२७] कथानक आदि, मध्य र अन्त्य गरी तीन भागमा विभाजित हुन्छ । यहाँ यसै कथानकको आधारमा कथाहरूको अध्ययन गरिएको छ ।

'आघात' लोग्ने र स्वास्नीवीचको प्रेम कस्तो हुनुपर्दछ भन्ने कुराको जानकारी दिन खोजिएको छ । यस कथा रैखिक ढाँचामा आधारित कथा हो । यस कथामा आदि, मध्ये र अन्त्यको सम्योजन पाइन्छ । यस कथाको प्रमुख पात्र गोकुल हो । उनको आर्थिक स्थिति कमजोर रहेता पनि उनकी श्रीमतीको चाहना अनुरूप माइतिबाट दाजुभाईको आर्थिक सहयोग लिएर आफ्नो लोग्ने गोकुललाई उच्च शिक्षा हासिल गराउन काठमाडौंको क्याम्पसमा पढ्न जाने चादोपादो मिलाउछिन् तर गोकुलले आफ्नी श्रीमती तथा ससुरालीको गुन विर्सेर शहरमा अर्कै केटीसँग विवाह गर्छ । जेठी श्रीमतीबाट जन्मिएकी छोरीलाई शहरमा पढाउछु भन्दै घरमै नोकर बनाएर राख्छ । आफूलाई भन्दा पनि धेरै माया गर्ने लोग्नेको यस्तो व्यवहार देखेपछि कति सपना सजाएकी चमेली पागल बन्न पुग्छे । गोकुलका आमावावु पनि पिरले छटपटाएर गाउँमा अस्तव्यस्थ जीवन विताइरहेको अवस्थामा कथा टुङ्गिन्छ । अरुले लगाएको गुण कहिले विर्सन नहुने कुरा यस कथामा चित्रण गरिएको छ ।

यस कथामा क्रमिक घटना देखाइएको छ । सुरुमा गोकुल पढ्नका शहर गएको मध्य भागमा उसले अध्ययनमा सफल भई जागिर खान सुरु गरेको र अन्त्यमा गोकुलले

[२७] खगेन्द्रप्रसाद लुइटेल, **नेपाली उपन्यासको इतिहास,** (काठमाडौं : ने.प्र.प्र.२०६९), पृ.४२ ।

परिवारलाई धोका दिई उनकी श्रीमती पागल हुनुले कथा आदि, मध्ये र अन्त्यकै सिलसिलामा भएको देखिन्छ ।

'भारु वीर' कथा गाउँसमाजमा हुने खाने तथा ठूलाबढा भनाउदाहरूले सोझासाझा गाउँलेहरूलाई कसरी शोषण गर्दारहेछन् भन्ने कुरा छर्लङ्ग पारिएको छ । यस कथाका प्रमुख पात्र च्वाँसे हो भने अन्य पात्रहरूमा दानवीर, च्वासेका सौतेनी भाइहरू, सौतेनी आमा, गाउँलेहरू रहेका छन् । च्वाँसे सौतेनी आमाको हेपाइ खाएर दयनिय जीवन विताइ रहेको हुन्छ । उसको बाबु दानवीर भारतको पैसालाई नेपालीमा साटेर सोझासाधा जनतालाई ठगी गर्दै आफू भने लखपति बनेर बसेको अवस्था यस कथामा पाइन्छ । च्वाँसेलाई यस्ता कुराहरू पटक्कै चित्त बुझेको हुदैन र ऊ ४० वर्ष पछि आफ्नो परिवार र गाउँलाई छाडी अन्य ठाउँमा गएर आनन्दको जीवन विताउने निर्णय गरी जाने दिन सवै गाउँलेहरूलाई चौतारमा भेला गराई सत्य के हो सवै छर्लङ्ग पारेर च्वाँसे विदा हुन्छ ।

'मजदुरको जन्म' कथामा मजदुरहरू जीवनभर कामको खोजीमा यत्रतत्र जानुपर्ने वाध्यता र घरमा जाहान, वालवच्चालाई रोगलाग्दा समेत समयमा थाहा पाउन नसक्ने यातना औँसेको कुराबाट प्रष्ट पार्न खोजिएको छ । यस कथाको मुख्य पात्र औँसे सानै उमेरमा विवाह गर्छ । जीवन धान्ने तथा जहान बच्चा पाल्ने जिम्मेवारी थपिए पछि ऊ मुग्लान पस्ने निर्णय गरी भारत पसेको हुँन्छ । केही समयपछि पैसा कमाएर घर फर्कदा उसको छोरो जन्मिसकेको हुन्छ । तर छोराले आफ्नो बाबु हो भन्ने चिन्दैन । उसका फूपूहरूले तेरा बाबु हुन् भनेपनि लाजले टाउको निउराउछ । औँसेलाई यस्तो परिस्थिति देखेर विदेशिनेको जीवनदेखि धिक्कार छ भनी मनमनै सोच्न थाल्छ । श्रीमतीले बच्चा जन्माउदा कति कष्ट भोग्नु पऱ्यो होला भन्ने सम्झन्छ र जतिबेला श्रीमतीलाई साथ र सहयोग दिनु पर्ने हो त्यो अवस्थामा साथ दिन नपाएकोमा आफूलाई धिकार्दै मनमनै रुन्छ । श्रीमतीको दुःखमा सँगै साथ दिन नसक्नु, बालबच्चालाई स्याहार सुसार गरी हुर्काउन नपाएकोमा व्यर्थको जीवन हो भन्ने भाव प्रकट गर्छ ।

'आत्मग्लानि' कथामा मानिसले जीवनमा गल्ती गरेर लुकाए पनि वुढेसकालमा प्रायश्चीत गर्छ भन्ने कुरा यहाँ देखाउन खोजिएको छ । यस कथाको प्रमुख पात्र 'म' पात्रका काकाले सामान्य घर झगडामा आफ्ना श्रीमतीलाई मारेका हुन्छन् र बुढेसकालमा पापको प्रायश्चित गर्न रुढिवादी परम्पराअनुसार काशी जाने निर्णय गरी छोरालाई सबै कुरा सुनाएर

आत्मग्लानी गर्दै दिन बिताइ रहेको अवस्थामा कथा समाप्त हुन्छ । यस कथामा पापको प्रायश्चीत गर्न देश तथा विदेशका विभिन्न तिर्थस्थलहरूमा जानुपर्ने कुरा पुष्टि गराउन खोजिएको छ ।

बाघ, खरायो र स्याल’ बखतबहादुर थापाद्वारा लिखित कथा हो । यस कथामा नेपाललाई उपनाम दिई बारा, खहरा र सेरा गरी तीन भागमा विभाजन गरिएको हुन्छ । बाराका मान्छे बाघ जस्ता जङ्गीने, गर्जीने, कुरै नबुझ्ी कराउने प्रवृत्तिका देखाइएको छ भने खहराका मान्छे खरायो जस्ता सोझ्ा, एकोहोरो आफ्नो काम गर्ने, अरुको वास्ता नगर्ने तर सेरा देशका मान्छे स्याल जस्ता धूर्त, जाली, फटाहा, अरुलाई दुःख दिने, आफ्नो राम्रो गर्ने प्रवत्तिका माध्यमबाट कथामा व्यङ्ग्य गरिएको छ । बारा देशका मान्छेलाई अन्य देशको कुनै वास्ता हुँदैन । यस कथामा जनावरको माध्यमबाट मानिसहरूलाई व्यङ्ग्य गरिएको पाइन्छ ।

‘रुमलिएको नेता’ कथामा हालका नेपालका नेताहरूलाई व्यङग्य हानिएको छ । चुनाव आउदा गाउँमा भोट माग्न जाने, समस्या सुनिदिने गर्ने तर चुनाव जितेर गएपछि फर्केर पनि गाउँको समस्यालाई नहेर्ने कुरा यस कथाका माध्यमबाट देखाउन खोजिएको छ । यस कथाका प्रमुख पात्र किरण हुन् । यस कथामा द्वन्द्वकालिन नेपालको परिवेशलाई यथार्थ चित्रण गर्न खोजिएको छ । किरणलाई गुण्डाहरूले अपहरण गरेर जङ्गलमा लगी ज्यान मार्ने धम्की दिएका छन् । किनकी किरणले आफ्नो गाउँक्षेत्रबाट चुनाव जितेर संसद भएपछि गाउँलाई बिर्सेर आफ्नै मोजमस्तीमा लाग्छ । गाउँलेहरूले फेरि चुनाव आएपछि पैँचो फेर्ने तथा बदला लिने गरेका हुन्छन् । गुण्डाहरूले अपहरणमा पारेको प्रसङ्गमा कथा टुङ्गिन्छ ।

‘पछुतो’ कथामा ‘म’ पात्र साह्रै मेहनती तर उनको भाई भने मोजमस्तीमा जीवन विताउने प्रवृत्तिको छ । यस कथाको ‘म’ पात्र माछा मारेर जीवन चलाउने गर्छ तर उसको भाइ भने विदेश गएर पैसा कमाएर आउछ र आफ्नै गाउँबाट होटल खोलेर बस्छ । यस कथामा ‘म’ पात्रको छोरोको चाहनामा धेरै छोरीहरू जन्माउने अवस्थामा उसलाई जाहान बच्चा पाल्न ग्राह्रो हुन्छ । भाइले भने एउटी छोरी जन्मिएपछि नै परिवार नियोजन गरेको हुन्छ । दाइको दुःखद परिस्थिति देखेपछि आफ्नै होटलमा काम दिन्छ र विस्तारै सम्झ्ाउदै ‘म’ पात्रले पनि धेरै सन्तान भएकोमा पछुतो मान्दै परिवार नियोजन गर्नु पर्छ भन्ने धारणा राख्छ र कथा सकिन्छ । यस कथाको मुख्य सार भन्नाले आजको युगमा छोराछोरीमा भेदभाव गर्नु हुँदैन । छोराले गर्ने काम छोरीले पनि गर्न सक्छन् । आफ्नो जीवन नै सङ्कटमा

पर्ने गरी छोराको चाहना राख्दै छोरी जन्माउनु कायरता हो भन्ने सन्देस यस ‘पछुतो’ कथामा पान्इछ ।

‘कालोपाटी’ कथामा कसैको पनि मनजुरीविना विवाह गरेमा सफल जीवन विताउन नसक्ने कुरा यस कथामा देखाइएको छ । यस कथाकी प्रमुख नारी पात्र सावित्रीको जीवनसँग खेलवाड भएको कुरा समेटिएको छ । सावित्रिको सानै उमेरमा झुक्याएर लट्याङ्ग्रोसँग विवाह भएको हुन्छ । सावित्रिलाई उक्त केटासँग जीवन विताउन गाह्रो भएपछि  अन्य पुरुषहरूको साहरा खोज्छे । धेरै केटाहरूसँग विवाह गर्दै केही दिन बस्दै हिड्दै गर्न थाल्छे । उनसलाई जुन केटापनि आफ्नो रोजाइअनुसार नपाएपछि अन्त्यमा पुनः आफ्नो भाग्यलाई दोष दिई आफूलाई माया गर्ने आफ्नै लोग्ने लट्याङ्ग्रोसँग बस्न निर्णय गर्छे र कथा टुङ्गिन्छ ।

‘मायाजाल’ कथामा मानवको पनि जवानप्रति कस्तो प्रकारको माया हुन्छ भन्ने कुरा यस कथामा देखाउन खोजिएको छ । ‘म’ पात्रको छोरो सानै हुन्छ । उसलाई जनावर साह्रै मन पर्छ । त्यसकारणले उसले बाटामा भेटेर एउटा कुकुरको छाउरो ल्याएको हुन्छ । त्यस छाउरा घरमा ल्याएपछि घर फोहोर गरेकाले उसकी आमाले त्यस छाउरालाई घरबाट हटाउने कुरा गर्छिन् तर छोरालाई निकाल्ने इच्छा नभएपछि छोराले नजिकैको साथीको घरमा राखेर छाउराको हेरचाह गरिरहन्छ । त्यस घरमा अर्को पनि कुकुर हुन्छ तर त्यो एकदिन मर्छ । त्यो कुकुर मरेपछि त्यो छाउरो पनि चिन्ताले गर्दा मर्छ र छाउरो मरेपछि विचरा म पात्रको छोरालाई गम्भीर असर पर्छ । किनकी उसले छाउरालाई उसले धेरै माया गरेर राखेको हुन्छ । पछि घरमा आमा बावुले सवै मुरन थाहा पाएपछि छोरालाई सम्झाउछन् र कथा सकिन्छ ।

‘दलाल’ कथा नेपालको सन्दर्भमा समसामयिक विद्यार्थी युवाहरूको घटनालाई समाबेस गरिएर प्रस्तुत गरिएको छ । यस कथाको प्रमुख पात्र रामकुमारको सेरोफेरोमा कथा लेखिएको छ । रामकुमार एम.ए. पास गरेता पनि आफूलाई सुहाउदो कुनै जागिर पाएको हुँदैन । घुस दिएर भए पनि जागिर खाने विचार गरी मन्त्रीको ढोका ढकढक्याउन पुग्छ । मन्त्रीले सोझै घुस नलिने विचार बुझेपछि एक दलालको सहायताले केही पैसा खुवाउछ तर पैसा पाएपछि त्यो दलाल वेपत्ता हुन्छ । रामकुमारको जागिर पनि हुँदैन र पैसा पनि खेर

जान्छ अनि जागिर खाने उमेर पनि जान्छ । उसको जीवन निकै धरापमा पर्छ । उसले जीवनमा केही गर्न नसक्ने मनसाय राखेर भौतारिदै हिडेको अवस्थाबाट कथा सकिन्छ ।

'जागिर' कथामा जागीर गर्नु भनेको अरुको काम गर्नु र अरु व्यक्तिहरूसँग गिर्नु हो । त्यसैले सानो काम भएपनि आफ्नै गर्नुपर्छ भन्ने कुरा व्यक्त गर्न खोजिएको छ । यस कथामा एक बालकको मनमा परेको पिडालाई प्रस्तुत गर्न खोजिएको छ । मनमा इख लिएर कुनै पनि कार्य गरेमा अवश्य पनि सफल हुन्छ भन्ने कुरा यस कथाको भनाई हो । किनकी यस कथाको प्रमुख पात्र गगन काठमाडौंको एकजना साहुको पसलमा काम गर्ने गर्छ, तर साहुले नोकरको भन्दा नि घटिया व्यवहार गर्नै गरेकाले उसलाई अतिनै चित्त दुख्यो र पछि गएर म पनि आफ्नै व्यापार गर्छु भन्ने मनमा राख्यो । विस्तारै उसले त्यस पसलमा काम गरी पैसा जम्मा गऱ्यो । अलि उमेरले पनि जवानी भयो र थोरै पैसामा भएपनि आफ्नै व्यपार गर्ने उद्देश्यले घरको पेटीमा फलफुल व्यापार गर्न शुरु गर्‍यो । मनमा आनन्द लिएर स्वतन्त्र जीवन बिताउन थाल्यो र त्यस व्यापारमा ऊ सफल पनि भएको छ ।

'धिक्कार' कथामा गरिवीका कारण कस्तो सम्मको स्थिति भोग्नु पर्ने हुन्छ भन्ने कुरा प्रष्ट पार्न खोजिएको छ । यस कथामा आदि, मध्ये र अन्त्यको सम्योजनबाट लेखिएको छ । यसमा क्रमश घटनाहरू घटिएको छ । यस कथामा एक परिवारमा प्रकाश, उनको आमा र बहिनी हुन्छन् । गरिब परिवारमा जन्मिएको भएपनि दुःख सुख स्नातक सम्म अध्ययन गरी जागिर खान पनि शहरतिरै बस्न थाल्छ । उसकी बहिनीलाई पनि एक निजी अफिसमा काम लगाइदिन्छ । एक दिन अफिसको हामीकले बहिनीलाई गर्भवती बनाइदिन्छ । दाजु बहिनीको सल्लाह अनुसार बहिनी घर फर्कन्छे तर प्रकाशले त्यसमा कुनै चासो नदेखाई त्यही अफिसमै काम गरिरहन्छ । एक दिन उसकी श्रीमती बिरामी पर्छे । ज्योतिषीकोमा देखाउन जान्छ् । ज्योतिषिले घरमा मृत आत्मा छ । त्यसलाई शान्त बनाउ भन्ने सल्लाह दिएपछि घरमा गएर बुझ्दा बहिनी र आमा दुवैको मृत्यु भएको हुन्छ । त्यसपछि उसकी श्रीमती लयाएत उसका गाउँलेहरूले उसलाई आफ्नो परिवार भन्दा जागिरलाई बढी महत्त्व दिएकोमा उसको जागिरलाई धिर्कादछन् । यसरी कथाको समाप्त हुन्छ । तर उसको वाध्यता गरिवी र त्यसलाई सुल्झाउन जागिरको आवश्यक भएको कुरा यस कथाको कथानक हो ।

'जिद्दी' कथामा नारीको चरित्रमाथि प्रकाश पार्न खोजिएको छ । नारीको इज्जतमा एक पटक दाग लागेपछि कहिले पनि मेटिन्न भन्ने कुरा पनि यहाँ प्रस्तुत गरीएको छ । यस

कथामा भारत र नेपालको सेरोफेरोमा केन्द्रीत छ । भारतमा पढेकी केटी कस्ता हुन्छन् भन्ने कुरा यस कथामा देखाउन खोजिएको छ । कथामा श्याम भन्ने व्यक्तिसँग भारतको बङ्गालबाट लाएर सानै उमेरमा नेपालको काठमाडौंमा पढ्दै गरेको राधाको प्रेमविवाह हुन्छ र एउटा रेस्टुरेन्टमा काम गर्न थाल्छिन् । एकदिन यस कथाको 'म' पात्र अथवा श्यामका बाबु रेस्टुरेन्टमा पुगेका हुन्छ र राधासँग परिचय हुन पुग्छ । पछि घरमा पुग्दा त ती बुढा श्यामको बुवा हुन्छ र श्यामका बुवाले राधाको चरित्र देखेर श्यामलाई राधासँग वस्न नदिई घरमा लान्छ । राधा भने त्यही व्यवसाय गरेर वस्न बाध्य हुन्छीन् । यी सव कुरा राधाले 'म' पात्रलाई सुनाएकी हुन्छे ।

'गुरुचेला' कथामा गुरु र चेलाको कत्तिको महत्व छ । नेपालमा गुरूपुर्णिका दिन गुरुलाई कसरी स्वागत गरिन्छ भन्ने कुरा पनि यस कथाका माध्यमबाट प्रष्ट हुन्छ । यस कथाको प्रमुख पात्र कमल भन्ने व्यक्ति एउटा पसलमा काम गर्ने मान्छे हुन्छ । त्यस पसलमा राजिव सर आइरहन्थे । कुराको सिलसिलामा समाजसेवा गर्नु राम्रो काम हो भन्ने कुरा कमलले बुझ्केको हुन्छ । भोका, नाङ्गा, बुढाबुढी असहाय, असक्त, गरिब दुखीको सेवामा लाग्नु पर्ने कुरा कमलले राजिवसरबाट सिकेको हुन्छ । एकदिन कमल पनि उसको साथमा हिन्ने मौका पाएको हुन्छ । राजिवको निस्वार्थ सेवादेखि ऊ धेरै प्रभावित हुन्छ । राजिव सरको प्रेरणाले कमलले एउटा उपन्यास लेखेर हेर्दीन दिदै तपाइ मेरो गुरु नै हुनुहुन्छ भन्छ । कमलको यस्तो कुरा सुनेपछि राजिवले समाजमा गुरुको होइन चेलाको कमी छ भन्ने कुरा गर्छ र आफू गुरु हुन पाएकोमा गर्व गर्छ ।

'हृदयको तरङ्ग' कथामा कामको खोजीमा नेपालका विभिन्न स्थान लगायत भारत पनि जाने गरेको कुरा यसबाट थाहा हुन आएको छ । यस कथामा मनमा अनेकौ कुरा खेलाउने, मनमा तरङ्ग उठाउने तर काम पुरा हुन नसकको अवस्था देखाइएको छ । यस कथाको मुख्यपात्र दीपक भारतमा काम गर्न जान्छ । उसको भेट मानबहादुरसँग हुन्छ । मान बहादुर ११ वर्ष अगाडि देखि त्यहाँ आएर काम गर्दै गरेको हुन्छ । साहुले आफ्नो छोराको जस्तै व्यवहार गरेर राखेकाले उसले आफ्नो भाइलाई पनि त्यहीँ ल्याएर बोडिङ् स्कुलमा पढाउन राखेको हुन्छ । धेरै समयसम्म पनि घर जान नपाएकाले उसलाई घरको साह्रै इदले सताउछ र मनमा तरङ्गहरू उत्पन्न हुन्छन् । त्यसमा पनि आफ्नी जीवनसंगिनीको इदले उसलाई धेरै नै सताइ रहेको हुन्छ । यस्तै यस्तै सोच्दा सोच्दै घरमा जाने चाँदोपादो

मिलाउदैमा एक दिन अचानक उसको. श्रीमती मरेको खवर आएपछि मानवहादुरको कथाव्यथा देखेर दिपकलाई पनि काम गर्न मन जागेन र घर फर्किन प्रेरित भएको कथाबाट कथा सकिन्छ ।

'मोटरसाइकल' कथामा मुख्य गरी काठमाडौं निवासी युवाहरूको इच्छा वढी के मा हुन्छ भन्ने कुरा देखाउन खोजिएको छ । यस कथाको प्रमुख पात्र भोलालाई काठमाडौंको युवाहरू कस्ता हुन्छन् भन्ने पात्रका रूपमा देखाउन खोजिएको छ । भोलाको मोटरसाईकल चढ्ने रहर भएकाले बैंङ्कबाट ऋण झिकेर किनेको हुन्छ तर आँट गरेर साथीभाईसँग मोटरसाइकल अलिअलि चलाउन सिकेपछि बाटोमा चलाउने क्रममा धेरै प्रकारको दुर्घटना हुन्छ । लाइसन नभएको कारण फेरि झन्झटमा पर्छ र पैसा खुवाएर भए पनि लाइसन त निकाल्छ तर अनेकौ घटनाहरूका कारण ऊ जेल समेत पर्न जान्छ र अन्त्यमा उसले मोटरसाइकल साथी मुकेशलाई वेचेर विदेश जाने तयारी गर्छ । यस कथामा युवाहरूको सौख भन्नु नै मोटरसाइकल किन्ने, पछाडी प्रेमीका हाल्ने र घुम्न जाने, धाक रवाफ देखाउने प्रवृत्तिका हुन्छन् भनी देखाइएको छ ।

'घरभेटी' कथामा काठमाडौंमा डेरा नपाउदा विद्यार्थीहरूले भोग्नु परेको जटिल परिस्थितिको चित्रण गरिएको छ । यस कथामा काठमाडौंमा डेरा खोज्दाका समस्याहरूलाई छर्लङ्ग पारिएको छ । कथाको प्रमुख पात्र लक्ष्मीले धेरै सङ्घर्षपछि उसको साथीको माध्यमबाट डेरा त पाउछ तर अध्यारो, साँगुरो चिसो कोठा त्यसमा पनि घरबेटी किचकिचे पर्छ तर त्यही घरमा डेरा बस्ने अर्को जागिरे मान्छेलाई भने कोठा पनि उज्याला, ठूला राम्रो अनि घरभेटीले पनि राम्रो व्यवहार गर्ने गरेको देखेर लक्ष्मी छक्क पर्छ । उसलाई पछि थाहा हुन्छ कि आफू विद्यार्थी भएकाले अपमानित भएर बस्नु परेको रहेछ भनी देशका अनेकौ जिल्लाबाट अध्ययन गर्न भनि आएका युवा विद्यार्थीहरूले काठमाडौंमा कस्ता खालका समस्या भोग्नु पर्दो रहेछ भन्ने कुरा यस कथाको कथानक हो ।

'भगवान् देहलक' कथामा थारु कमैयाहरूको दुःखद् अवस्थाको चित्रण गरिएको छ । कथाको प्रमुख पात्र हरिको विचारलाई यस कथामा देखाउन खोजिएको छ । हरिको परिवार गरिविमा गुज्रिएको, साहुको खेती गरेर जीवन चलाउदै आएका हुन्छन् । हरिको थारु सँस्कृतिअनुसार सानैमा विवाह पनि भएको हुन्छ । केही समयपछि एउटा छोरो पनि जन्मिन्छ । हरि धेरै दुःख कष्ट गरेर आफ्नो पढाईलाई अगाडी बढाएको हुन्छ । सोही समयमा स्नातक

गरेर खरिदारको जागिरमा पनि नाम निकाल्छ । यसपछि हरिको परिवारले भगवानको कृपा ( भगवान देहलक) ले भन्दै अनावश्यक पुजाआजा गरी सवैलाई भोजभतेर खुवाउछन् । यस्तो काम हरिलाई मन पर्दैन । किनकी मिहिनेत गरे जे हुन सफल हुन्छ । भगवानका कारणले होइन् भन्दै ऊ जागिरकै सिलसिलामा सरहरमा नै बस्न थाल्छ । उसलाई गाउँको रितिरिवाज मन पर्दैन र उसलाई एउटै मात्र कुराको चिन्ता हुन्छ । थारु कमैयाहरूलाई सरकारले कैले मुक्ति देलान् भन्ने आशामा बसेको हुन्छ ।

'भाकल' कथामा प्रस्तुत कथा धार्मिक अन्धविश्वासका कारण उत्पन्न हुन सक्ने जटिल परिस्थितिको चित्रण गरिएको छ । कथामा प्रमुख पात्र ऋषि हो । उसको आर्थिक स्थिति ठिकै हुन्छ । एक दिन श्रीमती बिरामी भएपछि केही उपचार गर्दा पनि निको नहुँदा भगवानको शरणमा परी भाकल गर्छ । भाकलअनुसार उसले एउटा बोका काटेर भगवानलाई चढाउनु पर्ने हुन्छ तर उसलाई यसरी निर्दोष प्राणीको हत्या गर्नु पर्दा मनमा अनेकौ सोच्न बाध्य हुन्छ र भगवानसँग क्षेमा माग्दै फेरिबाट कहिले यस्तो बाध्यतामा नपरुँ भनि भगावनसँग प्राथना गर्छ । यस कथाले के भन्न खोजिएको छ भने कसो गर्दा पनि नभएपछि अन्तिममा भगवानको शरणमा पर्नु पर्दो रहेछ । हामी सवका सहारा एक मात्र हुन् भगवान् ।

'रामघाट' कथामा नेपालको द्वन्द्वकालको चर्चा गरिएको छ । माओवादीले सुरुका दिनहरूमा राम्रै काम गरेकाले सबै गाउँलेहरूले सहयोग गरेका हुन्छन् । तर पछि धार्मिक कुराहरूमा बन्देज लगाउन थालेपछि कसैले पनि राम्रो मान्दैनन् र यस कथाको प्रमुख पात्र गणेश पनि त्यही कुरामा चित्त नबुझेर शहर पसेको हुन्छ । उता गाउँमा सोझासिधा जनताहरू रातोदिन डर र त्रासमा बाच्न बाध्य छन्  त्यसमा पनि 'रामघाट' भन्ने ठाउँलाई माओवादीहरूले आफ्नो मुख्य अखडा बनाएका कारण गणेश लगायत त्यहाँका गाउँलेहरूलाई पटक्कै चित्त बुझ्दैन । कहिले यस्तो परिस्थितिबाट मुक्त हुने भन्ने आशामा त्यहाँका गाउँलेहरू बाचेको दर्दनाक स्थिति यस कथाको कथानक हो ।

यसरी बखतबहादुर थापाका कथाहरूले समसामयिक सामाजिक विषयवस्तुलाई चित्रण गर्न सफल रहेको पाइन्छ ।

## २. सहभागी/सहभागिता

कथाको अर्को तत्त्व सहभागी र सहभागिता हो । साहित्यिक कृति वा सङ्कथनमा संलग्न वा प्रयुक्त व्यक्ति, पात्र वा चरित्रलाई सहभागी भनिन्छ । गैरसाहित्यिक सन्दर्भबाट हेर्दा चरित्रले व्यक्तित्व र नैतिकतालाई पनि सङ्केत गर्दछ । सहभागी वा पात्रहरू मानवका अतिरिक्त अमानव, जनावर तथा निर्जीव वस्तुहरू पनि हुन सक्छन् । यस्ता गौरववान र मानवेत्तर वस्तुलाई लेखकले मानवीय व्यक्तित्वमा आरोपित गरी प्रस्तुत गर्दछ ।[२८]

सहभागी र सहभागीका वारेमा अध्ययन गर्न लिङ्गका आधारमा स्त्री र पुरुष, कार्यका आधारमा प्रमुख, सहायक र गौण प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र स्थिर, जीवन चेतनाका आधारमा वर्गीय र व्यक्तिगत, आसन्नताका आधारमा नेपथ्य र मञ्चीय तथा आवद्धताका आधार वद्ध र मुक्त गरी सात् तरिकाबाट माथि प्रस्तुत कथाहरूमा सहभागीहरूको अवस्थाको अध्ययन गरिएको छ ।

| कथा | आधार | लिङग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्रम | पात्र | स्त्री | पु. | प्र. | स् | गौ. | अ. | प्र. | ग. | स्थी. | व. | व्य. | ने. | म. | ब. | मु. |
| १. | गोकुल | + | | + | | | + | | + | | + | | | + | + | |
| | चमेली | | + | | + | | + | | + | | + | | | + | + | |
| | कमला | | + | | | + | + | | | + | | | + | + | + | |
| | जिन्दगी | | + | | | + | | + | | + | | + | + | | | + |
| | हजुरबा | + | | | | + | + | | | + | | | + | | | + |
| | आमा | | + | | | + | + | | | + | | + | + | | | + |
| | डाक्टर | + | | | | + | | + | | + | | + | + | | | + |
| २. | 'म' पात्र च्वाँसे | + | | + | | | + | | + | | + | | | + | + | |
| | वाबु दानवीर | + | | + | | | + | | + | | | + | | + | + | |
| ३. | औंसे | + | | + | | | + | | + | | + | | | + | + | |
| | गोठे | + | | | | + | + | | | + | + | | | + | | + |
| | औंसेको श्रीमती | | + | | | + | | + | | + | | + | + | | | + |
| | आमा तथा वहिनीहर | | + | | | + | | + | | + | | + | + | | | + |
| ४. | म पात्र | + | | + | | | + | | + | | + | | | + | + | |
| | काका पुर्णप्रसाद | + | | | | + | + | | | + | | + | | + | | + |
| | भतिज, | + | | | | + | | | | + | | | + | | + | |

[२८] ऐजन, पृ. ४४ ।

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गाउँले, हेमन्त | | | | | | | | | | | | | | | |
| ५. | बाघ | | | + | | | + | | + | | + | | | + | + | |
| | खरायो | | | | + | | + | | + | | | | + | + | + | |
| | स्याल | | | | | + | | + | | + | | + | + | | | + |
| ६. | किरण | + | | + | | | + | | + | | + | | | + | + | |
| | म पात्र | + | | | | + | + | | | + | | | + | + | + | |
| | अभय | + | | | | + | | + | | + | | + | + | | | + |
| | उद्योगपती | + | | | | + | | + | | + | | + | + | | | + |
| ७. | दाइ | + | | + | | | + | | + | | + | | | + | + | |
| | भाइ | + | | | + | | + | | + | | | + | | + | + | |
| | पदमबहादुर | + | | | | + | | + | | + | | | + | + | + | |
| | जगत | + | | | | + | + | | | + | | + | | + | | + |
| ८. | सावित्रि | | + | + | | | + | | + | | + | | | + | + | |
| | डिट्ठा साहेव, धनबहदुर | + | | | | + | | | | + | | | | | + | |
| | लट्याङ्ग्रो | + | | | | + | | + | | + | | + | + | | | + |
| ९. | आमा, | | + | + | | | + | | + | | + | | | + | + | |
| | बाबु, | + | | | | + | + | | | + | | + | | + | + | |
| | छोरा, | + | | | | + | | + | | + | | | + | + | + | |
| | छाउरो, संदिप, अशोक | + | | | | + | | + | | + | | + | + | | | + |
| १०. | रामकुमार | + | | + | | | + | | + | | + | | | + | + | |
| | मन्त्री | + | | | | + | | | | + | | | + | | | + |
| | दलाल | + | | | | + | | + | | + | | + | + | | | + |
| | पाले | + | + | | | + | | + | | + | | + | + | | | + |
| ११. | गगन | + | | + | | | + | | + | | + | | | + | + | |
| | स्टाफहरू, | + | | | | + | | + | | + | | + | + | | | + |
| | साहू, | + | | | | + | | + | | + | | + | + | | | + |
| १२. | प्रकाश, | + | | + | | | + | | + | | + | | | + | + | |
| १३. | आमा, बहिनी | | + | + | | | + | | + | | + | | | + | + | |
| | अर्पण | | + | + | | | + | | + | | | | | + | | + |
| | 'राधा' | | + | | | + | | + | | + | | + | + | | | + |
| | श्याम | + | | | | + | + | | | + | | | + | + | | + |
| १४. | कमल | + | | + | | | + | | + | | + | | | + | + | |
| | राजिव सर | + | | | | + | + | | | + | | | + | + | + | |
| १५. | दिपक | + | | + | | | + | | + | | + | | | + | + | |
| | मानवहादुर | + | | | | + | | | | + | | + | | | + | |
| | मनवहादुरकी श्रीमती, | | + | + | | | + | | + | | | | + | + | + | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६. | भोला | + | | + | | | + | | + | | + | | | + | + | |
| | मुकेश | + | | | | + | + | | | + | | | + | + | + | |
| | असइ, पुलीसहरू, | + | | | | + | | + | | + | | | | + | | + |
| १७. | लक्ष्मी | | + | + | | | + | | + | | + | | | + | + | |
| | देवेन्द्र, | + | | | | + | + | | | + | | | + | + | + | |
| | घरभेटी बुढा | + | | | | + | | | | + | | + | | | | + |
| १८. | हरि | + | | + | | | + | | + | | + | | | + | + | |
| | मामा | + | | | + | | + | | + | | | | | + | + | |
| | भान्जाका वावु, | + | | | | + | | + | | + | | + | + | | | + |
| | मामाका छोरीहरू | | + | | | + | | + | | + | | | + | + | | + |
| १९. | ऋषि | + | | + | | | + | | + | | + | | | + | + | |
| | श्रीमती | | + | | | + | + | | | + | | | + | + | + | |
| २०. | गणेश | + | | + | | | + | | + | | + | | | + | + | |
| | गाउँलेहरू | | | + | | | + | | + | | | + | | + | | + |

यसरी बखतबहादुर थापाका कथामा पाइने पात्र विधान विविधतामय हुनाका साथै हाम्रो समाजका विभिन्न वर्ग, क्षेत्र कार्यमा संलग्न विभिन्न मानिसहरूको प्रतिनिधित्त्वले गर्दा समाजको यथर्थाताको चित्रण गर्न कथामा प्रयुक्त पात्रहरू सफल र सक्षम रहेका देखिन्छन् ।

## ३. परिवेश

परिवेश भनेको कथाको घटना घट्ने स्थान वा समय तथा अवस्था हो । कृतिमा प्रयुक्त चरित्रहरूले कार्यव्यपार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ । यसलाई देश, काल, वातावरण, कार्यपीठिका, पृष्ठभूमि आदि भन्ने गरेको पनि पाइन्छ । परिवेशलाई घटना र चरित्रभन्दा कम अनिवार्य ठानिए तापनि यसलाई कहिले (समय) र कहाँ (स्थान) सूचित गर्ने आवश्यक तत्त्व मानिन्छ । घटना कहिले, कहाँ र कसरी घटित भयो भन्ने कुरालाई परिवेशले जनाउछ । वास्तवमा परिवेश भनेको देश, काल र वातावरण हो । यसरी घटना घटित हुने स्थान, समय र परिस्थिति नै परिवेश हो । [२९]

[२९] ऐजन, पृ. ४९ ।

**'आघात' कथासङ्ग्रह** भित्रका सबै कथाका ग्रामीण परिवेश तथा नेपालको राजधानी काठमाडौंलाई समेटिएको पाइन्छ । प्रसङ्गअनुसार कुनै कुनै कथामा भारतका केही ठाउँहरूको चित्रण गरिए पनि सबै कथाहरूको प्रत्यक्ष परिवेश प्रायगरी नेपालका ग्रामीण क्षेत्रकै रहेको पाइन्छ। कतै कतै शहरिया परिवेशको समेत चित्रण गर्न पुगेका छन्।

यस कथासङ्ग्रहका प्रमुख तथा प्राय सबै सहभागीहरू एउटा न एउटा समस्यामा गुज्रिएको देखाइएको छ। प्रस्तुत कथासङ्ग्रहका निश्चित साल तिथि मिति नलेखिए तापनि कथाहरूको समयावधि यही नै हो भनेर किटान गर्न सक्ने अवस्था भने छैन।

'आघात' कथाको परिवेश नेपालको ग्रामीण तथा शहरी भेग रहेको छ। ललित आर्थिक स्थिति सुधार्न गाउँबाट शहरतिर अध्ययन गर्न जान्छ। त्यसै सिलसिलामा सहकै एक केटीसँग विवाह गरी घरजम गर्छ गरेका कारण गाउँकी जेठी श्रीमती पागल बनेको छ। घटनाक्रममा शहर, अस्पताल, चौतारा आदि स्थानहरू आएका छन्। घटनाक्रममा नेपालको स्थानिय परिवेश आएको छ। ललितको घरको परिवेश र पात्रका घरको परिवेश पनि कथामा देखिन्छ। यसरी घटनाक्रमको मूल परिवेश शहर तथा नेपालको ग्रामीण परिवेश नै देखिएको छ।

'भारु वीर' कथाको परिवेश पूर्णतः ग्रामीण परिवेशमा आधारित देखिन्छ। साहुमाजनसँग गाउँलेको ऋण, भारत जानलाई नेपाली नोठ (पैशा) साट्ने र भारतीय नोट लिने चलन आदिबाट नेपाल र भारतको स्थानहरू देखिन आएको छ।

'मजदुरको छोरा' कथाको परिवेश नेपाली ग्रामीण भेगको रहेको छ। ग्रामीण परिवेशका मेलापाता, गाईवस्तु आदिको वर्णन गरिएकोले कथा ग्रामीण परिवेशमा आधारित छ भन्न सकिन्छ। मेलाको प्रसङ्ग गाउँघर, आँगनमा खेलेको वर्णन आदिले ग्रामीण परिवेशलाई झल्काएका छन्। पत्रपत्रिका नभेटाइनु चिठीपत्रको आदान प्रदान नहुनु आदिले निम्न वर्गीय मानिसहरूको बसोबास रहेको नेपालको पहाडी जिल्लाको दुर्गम क्षेत्रलाई सङ्केत गरेको छ। त्यसैगरी मजदुर गर्न जाँदाको भारतका स्थानहरू पनि आएको पाइन्छ।

'आत्मग्लानी' कथा नेपालको मध्य पहाडी ग्रामीण भेगको परिवेशलाई समेटेर लेखिएको छ। भीर, पाखा नेपालको पहाडी ग्रामीण भेग कै तस्वीर हो भने उच्च शिक्षा हासिल गर्ने स्थान क्याम्पस भने बनारसको परिवेशलाई लक्षित गरेको छ। काशी, हरिद्धारमा

पापको प्रायस्चीत गर्न जान खोज्नु आदि कुराले हिन्दु धर्ममा तल्लीन भएको मान्न सकिन्छ । यस्तै प्रकारको घटना घटेकाले पनि यस कथामा ग्रामीण परिवेश जीवन्त बनेको छ । उपर्युक्त सबै घटना र वस्तुस्थितिले प्रस्तुत कथाको परिवेश ग्रामीण पहाडी परिवेश हो भन्ने निर्धारण गर्न सकिन्छ ।

बाघ, खरायो र स्याल' कथामा नेपालको विभिन्न ठाउँका व्यक्तिहरू विदेशका विभिन्न ठाउँहरूमा बैदेशिक रोजगारीमा जाने क्रममा दलालबाट कस्तो धोका पाइन्छ भन्ने कुरा देखाउन खोजिएकोले यो नेपालका सम्पूर्ण ठाउँको परिवेश मान्न सकिन्छ ।

'रुमलिएको नेता' कथामा नेपालको जनआन्दोलनका बेलामा हुने गरेका गुण्डागर्दी, दादागिरी, लुटपात, अपहरण आदि हुने गरेको नेपालको द्वन्द्वकालीन परिवेशलाई मान्न सकिन्छ ।

'पछुतो' कथामा नेपालको दुर्गम ग्रामीण परिवेशलाई समेटीएको छ । अशिक्षित गाउँलेहरूको पेशा खोलामा माछा मारी जीविको पार्जन गर्ने, खेतीापतीमा काम गर्ने वातावरणले यस कथामा दुर्गम पिछडिएको ग्रामि(ा परिवेशलाई झल्काएको छ ।

'कालो पाटी' कथाका पात्रहरू ग्रामीण परिवेशका छन् भने कथाको कथानक भने कुनै दुर्गम गाउँको रहेको देखिन्छ । नेपालका गाउँ समाजमा धनको लोभमा आफ्ना छोरा छोरीलाई बाबुआमाले जस्ता केटाकेटी भएपनि सुम्पीन्छन् भन्ने खालको वातावरण देखाइएको छ । समग्रमा यो कथाको परिवेश ग्रामीण भेगको हो भन्न सकिन्छ ।

'मायाजाल' कथा काठमाडौंमा डेरा गरी बस्ने व्यक्तित्वको रहन-सहन, इच्छा, चाहनासँगै समस्या पनि जोडिएको हुन्छ भन्नाले कुनै ठूलो शहरको परिवेशमा आधारित छ भन्न सकिन्छ ।

यस 'दलाल' कथाको कथानक विशेष गरेर राजधानीको कुनै स्थानमा नै घटेको छ । त्यसैले यस कथाको परिवेश केलाउदा शहरको भित्रि भागमा भन्न सकिन्छ । मन्त्रीको घर, काठमाडौंका निजि अफिस, शहरका अन्य ठाउँहरू कथाको परिवेश उल्लेख छ । त्यसैले यस कथाको परिवेश नेपालको राजधानी काठमाडौं शहर हो भन्न सकिन्छ ।

'जागिर' कथाको परिवेश मुख्य गरेर काठमाडौंको पुतलीसडक, भक्तपुरको ठिमीका स्थानहरू हुन् । काठमाडौंको व्यस्त बजार पुतलीसडकमा एक पसलमा गगन लगाएत अन्य स्टाफहरू साहूकोमा कार्यरत हुन्छन् । साहूको ज्याजती सहन नसकी गगनले भगवानसँग यस्तो जुनी सात जुनीसम्म नदेउ, भन्दै मनमनै सोची पछि आफ्नै फलफूल पसल यसैको सेरोफेरोमा खोलेर बसेको पाइन्छ ।

'धिक्कार' कथामा नेपालको केन्द्रीय शहर काठमाडौंको सेरोफेरो र ग्रामीण परिवेशमा घुमेको छ । कथामा अफिस, काठमाडौंको डेरामा बस्दाको अवस्था तथा गाउँको चाडपर्वहरूको रमाइलो, भाइटीकाका क्षणहरू, साहू भनाउदाहरूको कुकर्मको स्थिति तथा गरिविले पिल्सिएको गाउँले अवस्थाहरूको उल्लेख गरिएको छ । आजसम्म पनि यस्तो परिवेश ग्रामीण भेगमा देख्न सकिने कुरा यस कथामा उतारिएको छ । समग्रमा कथामा ग्रामीण परिवेश उल्लेख छ ।

'जिद्दी' कथाको परिवेश बंगाल शहर भारत र काडमाडौंको शहरी क्षेत्रका रेष्टुरेन्टमा आधारित छ । श्याम गाउबाट शहर पढ्न भनी आएको र राधालाई सानैमा बंगालबाट शहरमा पढ्न आएकी तर प्रकाससँग मायाप्रिति बसाली काठमाडौंको शहरकै परिवेशमा आधारित छ । क्याम्पसको वातावरणले कथाको क्षेत्र शहर हो भन्ने सङ्केत गरेको छ । त्यसैगरी शहरका रेष्टुरेन्ट, बजार, जागिर गर्ने स्थानले शहर कै झल्को दिएको पाइन्छ ।

'गुरुचेला' कथा सामाजिक चरित्रप्रधान देखिएका छन् । घटनावृत्ति सूक्ष्म भए पनि घटनामा पूर्णता देखिएको उपर्युक्त कथामा प्रयोग भएका कथानकहरूमा परिवेशको उल्लेख स्पष्ट रूपमा गरिएको छ । काठमाडौंको हनुमान ढोकामा अवस्थित एक पसललाई परिवेश मान्न सकिन्छ । राजिव सरले कलेजका गफ गरेका, शहरमा आउने व्यक्तिहरूको समस्यालाई सहजै समाजसेवा भन्दै सहयोग गरेको आदि कुराले उपर्युक्त कथाहरूको शहरी परिवेशलाई झल्काएको छ ।

'हृदयको तरङ्ग' कथा नेपालको ग्रामीण परिवेशमा आधारित आर्थिक सङ्कटका कारण मुग्लान पस्न वाध्य नेपालीहरूको पिडा, व्यथाको उजागर गरिएको छ । घटना निकै मार्मिक खालको कथानकहरूमा परिवेशको उल्लेख स्पष्ट रूपमा गरिएको छ । नेपालीहरूको

मुलुकबाहिर जानुको बाध्यता, परिवारको सम्झनाको पिडा र भविष्यको टुङ्गो नभएको कुरा यहाँ प्रस्तुत गरिएको छ ।

'मोटर साइकल' कथा काठमाडौंको व्यस्त सडकहरू जस्तैः गौशाला, पुतलीसडक, बानेश्वर क्षेत्रलाई मान्न सकिन्छ । यस कथामा काठमाडौंमा मोटरसाइकलन चलाएर बाटोमा हिड्न कति ग्राहो हुने कुरा भोलाको विचारबाट प्रष्ट हुन आउछ । त्यसैगरी हिन्दु धर्ममा यातायातका साधन किनेपछि दक्षिणकाली माईलाई बली दिनुपर्ने कुराको पनि उल्लेख गरेको पाइन्छ ।

'घरभेटी' कथा काठमाडौंको घरभेटीहरू कस्ता हुन्छन्, कतिसम्म गिरेका हुन्छन् भन्ने कुरा कथाका माध्यमबाट राजधानीका घरहरू र त्यसमा भाडा खान पल्केका घरभेटीहरूको अवस्थामा आधारित छ ।

'भगवान् दहेलक' कथा नेपालको तराइ क्षेत्रका थारु समुदायमा आधारित छ । यस कथामा थारुहरूको सामाजिक तथा आर्थिक अवस्थाका साथै उनीहरूको साँस्कृतिक अवस्थाअनुसार सानैमा विवाह गरिदिने, सन्तानलाई भगवानको देहलक भन्ने ठान्ने तथा तराइको जग्गा जमीनको अवस्थालाई परिवेश मान्न सकिन्छ ।

'भाकल' कथा काठमाडौंको ग्रामीण भेगमा वसोवास गर्ने सोझा सिधा बासिन्दामा आधारित छ । यस कथामा देवीदेवतालाई भाकल गर्ने, र मन्दिर जाने झारफुक गर्ने स्थानलाई परिवेश बनाइएको छ ।

'रामघाट' कथा काठमाडौंको डेरा गरी बस्ने व्यक्तिको बसाई अवस्था र गाउँघर जादाको रमाइलो घटनालाई परिवेस चित्रण गरिएको छ । त्यसैगरी ग्रामीण भेगमा वसोवास गर्ने सोझा सिधा बासिन्दाहरू, गाउँको कच्ची बाटो, पुल, डाडापाँखा आदिको वर्णन गरिएकाले यो कथा ग्रामीण परिवेशको मान्न सकिन्छ । त्यसैगरी माओवादीको जनयुद्धको बेला भएका यथार्थ घटनालाई यहाँ प्रस्तुत गरिएको छ ।

## ४. उद्देश्य

साहित्य सिर्जनाको प्रयोजनमूलकतालाई उद्देश्य भनिन्छ । प्रयोजनमनुद्धिश्य न मन्दोद्रपि प्रवर्तते अर्थात् सामान्य मान्छे पनि उद्देश्यहीन कुरामा प्रवर्तित हुँदैन भने साहित्य

त विशिष्ट साधना मानिन्छ । साहित्यको उद्देश्य र प्रयोजनले एउटै कुरालाई बुझाउछ । यसको अपेक्षित परिणाम र वैयक्तिक प्रयोजनका लागि हुने सहभागिता समेतलाई बुझाउछ । हरेक विधाका साहित्यिक कृतिको सिर्जना उद्देश्यमूलक ढङ्गले गरिने हुँदा साहित्यमा सिर्जनाका पछाडी प्रत्यक्ष वा परोक्ष रूपमा कुनै कुनै प्रकारको उद्देश्य अन्तर्निहित हुन्छ । निरुद्देश्य वा निष्प्रयोजना साहित्यको रचना हुँदैन र त्यसमा कुनै न कुनै उद्देश्य अवश्य हुन्छ ।[३०] यसैका आधारमा बखतबहादुर थापाका कथाहरूले पनि सामाजिक विकृति, राजतैतिक परिवेश, शहरीया जीवनहरूको झल्को दिने उद्देश्य बोकेको देखिन्छ ।

'आघात' कथा चरित्र प्रधान कथा भएकाले कथामा प्रशस्त मनोवैज्ञानिक पक्षको योग भएको बाबु, छोरी तथा जेठी श्रीमती र ललितविच मानसिक द्वन्द्व र तनावमै कथाको अन्त्य भएको छ । कथाकारले कान्छी श्रीमतीको त्यति महत्व नदिई जेठी श्रीमती, छोरी, र आमा बुबाको पक्ष लिएको देखिन्छ । बुवा, आमा र छोरालाई पूर्ण रूपमा त्याग गर्न पनि सक्दैन र उसको प्रणय अनुरोधलाई खुला समर्पण पनि गर्न सकेको छैन । मौन भएर नै कथाको अन्त्य गरेको छ । मनमा लागेका कुरा भन्न नसकि मानसिक पिडा लिएर जीवन विताउन बाध्य हुन नै यस कथाको उद्देश्य हो ।

'भारु वीर' कथा सामाजिक यथार्थवादी धारालाई अङ्गीकार गरेर लेखिएको छ । समाजमा घट्ने गरेका घटनालाई मार्मिक तरिकाले पाठक माझ पुऱ्याउनु नै यस कथाको मुख्य उद्देश्यका रूपमा देखिन्छ । सामाजिक यथार्थवादले समाजभित्र लुकेका यथार्थ पक्षलाई कोट्याउने उद्देश्य राखेको हुन्छ । यही मान्यतालाई पछ्याएर लेखिएको यस कथामा ग्रामीण समाजमा स-साना कुराको ठूलो चर्चा हुने यथार्थतालाई देखाएको छ ।

त्यसैगरी प्रत्येक व्यक्तिमा मानसिक सङ्कट, पीर व्यथा लुकेको हुन्छ । यस कथामा पनि च्वाँसेको मनमा घरका परिवारको हेपाइका कारण निकै गहिरो चोट बोकेको मान्यता प्रस्तुत कथाले मूल उद्देश्यका रूपमा प्रस्तुत गरेको छ । आफ्नै परिवारमा कथानक घटित छ ।

[३०] ऐजन, पृ.५१ ।

'मजदुरको जन्म' कथामा सामाजिक यथार्थवादी कथा भएकाले कथाको मूल उद्देश्य सामाजिक आर्थिक अवस्थाको यथार्थ झलक प्रस्तुत गर्नु रहेको देखिन्छ भन्ने मूल यथार्थ झल्काउनु नै यस कथाको मूल उद्देश्य रहेको देखिन्छ ।

'आत्मग्लानि' कथा घटना प्रधान भएकोले कथाकारले घटनाका माध्यमबाट चरित्रको पर्दाफास गर्दै ग्रामीण समाजमा हुने अन्धविश्वास जाली, फटाहा व्यक्तिले एक दिन पापको प्रायस्चित गर्छ, उसलाई मर्ने बेलामा त्यही पापले पोल्छ भन्ने खालको देखाउने उद्देश्य रोखेको देखिन्छ । कथामा चरित्रलाई घटनाले नै निर्धारण गरेको हुनाले चरित्रहरू घटनासँगै तानिएका छन् । कथाकारले चरित्रहरूलाई जवरजस्ती घटनामा आवद्ध गराएर आफ्नो चरित्रलाई उदाङ्ग पार्नु नै यस कथाको उद्देश्य देखिन्छ ।

'बाघ, खरायो र स्याल' नेपालको विभिन्न ठाउँका व्यक्तिहरू विदेशका विभिन्न ठाउँहरूमा बैदेशिक रोजगारीमा जाने क्रममा दलालबाट कस्तो ठगिन्छन् भन्ने कुरा देखाउन नै मुख्य उद्देश्य मान्न सकिन्छ । बाठो व्यक्तिहरूलाई कसैले केही ठग्न नसक्ने र सोझा सिधा जनातालाई दलालहरूले ठग्न सक्ने रहेछ भन्ने कुरा यस कथामा पाइन्छ ।

'रुमलिएको नेता' कथा चरित्र प्रधान कथा हो । यस कथाको प्रमुख पात्र किरणलाई गुण्डाहरूले अपहरण गरेर जङ्गलमा लान्छन् । किरण आफ्नो गाउँ क्षेत्रबाट चुनाव जितेर संसद भएको हुन्छ तर ऊ नेता भएपछि गाउँलाई बिर्सेर आफ्नै मोजमस्तीमा लाग्छन् भन्ने देखाउनु नै प्रस्तुत कथाको उद्देश्य हो ।

'पछुतो' प्रस्तुत कथामा 'म' पात्र माछा मारेर जीवन चलाउने गर्छ तर उसको भाई भने आफ्नै ठाउँमा होटल खोलेर बस्छ । म धेरै सन्तान जन्माएर "भगवान ले एक वाटो लगाउछन् भन्ने अन्धविस्वासलाई हटाई समयमै परिवार नियोजन गरे देश, जनता र आफू आफ्नो परिवारलाई धरै राम्रो हुने कुरा देखाउन खोज्नु यस कथाको उद्देश्य हो । त्यसैगरी सानो परिवार सुखी परिवार भन्ने भनाईलाई आत्मसाथ गर्न खोजिएको छ । लिङ्गभेदको अन्त्य गराउन खोज्नु यस कथाको उद्देश्य हो ।

'कालो पाटी' प्रस्तुत कथा चरित्र प्रधान कथा हो । कथामा कथाकारले एक अवला नारीको कथाव्यथालाई समेटिएर लेखिएको छ । आफ्नो भाग्यमा जे लेखिएको छ त्यही भोग्नुपर्छ भन्ने सारलाई इङ्गीत गर्दै यस कथा निर्माण भएको छ । सावित्रीको भाग्यमा

लट्याङ्ग्रो नै जीवनसाथी लेखिएका कारण जतिवटा केटासँग भागेर पोइल गएपनि शु:ख प्राप्त गर्न सक्दिनन् र अन्तमा भाग्यलाई दोष दीदै पहीले कै श्रीमानसँग जीवन विताएको प्रसङ्ग नै यस कथाको मुख्य उद्देश्य हो ।

'माया जाल' प्रस्तुत कथा माया भन्ने कुरा मान्छे विच मात्र नभएर पशु तथा जनावरमा समेत हुन्छ भन्ने कुरा देखाउनु यस कथाको उद्देश्य हो । यस कथामा पनि छोराले आफ्ना बाबु र आमालाई भैँ सानो कुकुरलाई निस्वार्थ माया गरेको हुन्छ ।

'दलाल' प्रस्तुत कथामा राजनैतिक नेताहरूको स्वार्थी र भ्रष्ट चरित्रलाई प्रस्तुत गरिएको छ । नेताहरू भोट माग्न जाँदा अनेकौं आदर्श र विकासको कसम खाने र पदमा पुगेपछि भ्रष्ट आचरणको खेल खेल्ने प्रवृत्तिलाई कथाले छरपष्ट पारेको छ । नेता पदमा पुगेपछि उसले जनतालाई विर्सन्छ । रामकुमारको पढाइ पुरा गरी जागिरको खोजिमा लाग्छ तर देशको परिस्थिति, राजनितिक खिचातानी, नातावाद, क्रिपावादले गर्दा उसको पावर नपुगेपछि उसको जागिर पाउदैन र जागिर खाने उमेर सकिन्छ । त्यसैगरी भएको अलि अलि पैसापनि दलाल खाएपछि उर निकै ठूलो सङ्कटमा परेको अवस्थाको माध्यमबाट देशका युवा पिढिहरूलाई सन्देस दिनु प्रस्तुत कथाको उद्देश्य हो ।

'जागिर' कथामा कथाकारले गगनका माध्यमबाट समाजको साहू भनाउदाहरूले कामदारलाई कतिसम्म हेप्ने गर्दछन् भन्ने कुरा यस कथामा देखाउन खोजिएको छ । साहूको हेपाइ खाएर जागिर गर्नुभन्दा सानो भएपनि आफ्नै काम गर्नुपर्छ । जागिर भनेको त 'जा अनि गिर' हो भन्ने तथ्यलाई उजागर गर्नु नै प्रस्तुत कथाको उद्देश्यका रूपमा देखिएको छ ।

'धिक्कार' कथामा कथाकारले प्रकाशका माध्यमबाट नेपालमा पढेलेखेका व्यक्तिहरूलाई जागिर पाउनु भनेको 'आकाशको फल आँखातरि मर' भने जतिकै भएको कुरा देखाउनु यस कथाको मूल उद्देश्य देखिएको छ । जागिर पाउन कतिसम्म निच काम पनि गर्नु पर्दो रहेछ भन्ने कुरा देखाउन खोजिएको छ ।

'जिद्दी' कथामा नारीको एकपटक इज्जत गएपछि सम्हाल्न सकिदैन । त्यो गएको गयै गर्दछ । त्यस्तै यस कथामा पनि राधाले रेष्टुरेन्ट उसको ससुरासँगको वसाइले गर्दा आफ्नो प्रेमीका तथा श्रीमान श्याम तथा घरपरिवार सबै गुमाउनु परेको अवस्थाले आफू ठिक

ठाउँमा बस्नु पर्छ । यदि मन चन्चल भयो भने त्यसको परिणाम आफैँ भोग्नुपर्छ भन्ने देखाउनु नै यस कथाको मुख्य उद्देश्य रहेको छ ।

'गुरुचेला' कथा मूलतः गुरु र चेला विचमा आधारित छन् । यी कथामा शहरी वातावरणको समस्यारहित जीवन, ठूलाबढाहरूको मनोमानी, राजनीतिक भ्रष्टाचार, कर्मचारीहरूमा घुसखोरी जस्ता कुप्रवृत्तिहरू मौलाउदै गएको कुरालाई मुख्य रूपमा प्रस्तुत गरिएको छ । सामाजिक कटुता, स्वार्थी र भ्रष्ट प्रवृत्ति आधुनिक शहरमा निकै मैलाउदै गएको छ यसरी देशको मूल अङ्ग प्रशासन राजनीति र कर्मचारीतन्त्रमा विकृति बढ्दै गएमा पूरै राष्ट्र अपाङ्ग र अभावले पिल्सन सक्ने कुराप्रति सचेत गराउनु र त्यस्ता समस्यालाई केही हदसमम भएपनि समाधान गराउन हरपल लाग्ने राजिव सरबाट कमलले केही कुरा सिक्नु नै यस कथाको मूल उद्देश्य हो ।

'हृदयको तरङ्ग' कथामा नेपालीहरूको मुलुकबाहिर जानुको बाध्यता, परिवारको विचल्ली, दाजुभाइको माया कस्तो हुन्छ भन्ने कुरा छर्लङ्ग पार्नु नै यसको उद्देश्य हो । यस कथामा परिवारको विछोड, कामको पिडा, विदेशको दुःखले हृदयको तरङ्गमा खलबल परेका कारण दिमागमा असर परी मानिस पागलसमेत हुन सक्छ भन्नु नै यस कथाको मूल उद्देश्य हो ।

'मोटरसाइकल' कथामा आफ्नो भित्रको आँट नभएपछि अरुको लहै लह मा लाग्नु हुन्दैन । अरुको देखासिखि गर्नुहुँदैन र आफ्नो घाटी हेरी हाड निल्नु पर्दछ भन्ने सन्देश दिनु यस कथाको मूल उद्देश्य हो । यस कथामा पनि भोलाले अरुको देखासिखि गरेर आफूसँग पैसा नभएपनि बैंकबाट ऋण निकालेर मोटरसाइकल किन्दा कस्तो धोका पायो भन्ने कुरा देखाउन मुख्य उद्देश्य हो ।

'घरभेटी' कथाबाट काठमाडौंका घरहरूको अवस्था र त्यस्ता घरहरूमा पनि भाडा खान पल्केका घरभेटीको छुद्र व्यवहार कस्तो सम्म हुन्छ भन्ने कुरा देखाउनु मुख्य उद्देश्य हो । यस कथामा पनि 'म' पात्रले घरभेटीका कचकच कतिसम्म सहेर वस्नुपर्छ भन्ने कुरा देखाउन खोजिएको छ ।

'भगवान देहलक' कथाबाट भगवानको देहलक भनी धेरै सन्तान जन्माउन हुन्न । सानैमा विवाह गरेर कमाइ न धमाइअनुसार बोझ थपिदिनु हुन्न भन्ने कुरा देखाउन

खोजिएको छ । पढेर पनि जागिर नपाउनुको पिडा कस्तो हुन्छ भन्ने कुरा देखाउनु यस कथाका मुख्य उद्देश्य हो ।

'भाकल' कथामा काठमाडौँका ग्रामीण स्थानका व्यक्तिहरू बोक्सीको आरोपमा विभिन्न देवीदेवतालाई भाकल गर्नु, देवीदेवताको दर्शन गर्नु, भोक दिनु व्यर्थ हो यसबाट रोग ठिक हुदैन भन्ने सन्देश दिन खोज्नु मुख्य उद्देश्य हो ।

'रामघाट' कथामा माओवादीको जनयुद्ध भएको वेला कस्ता खालका घटनाहरू घटे, गाउँमा युवापुस्ताहरू कसरी वेपत्ता भए तथा काम गरेर समेत खान नपाएकाले बाध्य भएर शहर पस्नुपर्ने अवस्था देखाउन खोज्नु नै यस कथाको मुख्य उद्देश्य हो ।

**आघात कथासङ्ग्रह**का कथाहरूमा माया, प्रेम, विछोड, अन्याय, अत्याचार, धार्मिक अन्धविश्वास, नारीहरूले भोग्नु परेको दुःखद अवस्था र युद्धले निम्त्याएको जटिल परिस्थिति आदिलाई मुख्य विषयवस्तु बनाइएको छ । धनीमानी नेता भनाउदा भ्रष्ट, दलालहरूसँग गरिब निम्नस्तरीय जनताहरूले सधैं झुक्नु परेको वास्तविकतालाई यस सङ्ग्रहका कथाहरूमा देखाइएको छ ।

नेपालका प्रायः दुर्गम भेगको चित्रण गरि लेखिएका यस सङ्ग्रहका कथाहरूमा मानविय दृष्यप्रवृति, क्रोध, अन्याय, अत्याचार, धार्मिक अन्धविश्वास, माओवादी समस्या, शैक्षिक बेरोजगारी समस्या, माया, प्रेम आदिको यथार्थ प्रस्तुत देखाइनु नै उद्देश्य मान्न सकिन्छ ।

समग्रमा भन्दा मानवीय दृष्प्रवृत्ति, अन्याय, अत्याचार, सम्वेदना, रुढीवादी परम्परा शैक्षिक बेरोजगारी समस्या, माया, प्रेमको गलत प्रयोग गर्दाका दुःखद अवस्था आदि विषयवस्तुको प्रस्तुती यस सङ्ग्रहका कथाहरूमा गरिएको छ । यसरी बखतबहादुर थापाले कथामा हाम्रै गाउँ समाज भित्रका साना-ठूला विषयलाई लिएर सामाजिक घटनालाई प्रस्तुत गरी सजग हुने सामाजिक सन्देश कथामार्फत दिन खोज्नु मुख्य उद्देश्य मान्न सकिन्छ ।

## ६ दृष्टिविन्दु

दृष्टिबिन्दु कथाको अर्को मुख्य तत्त्व हो । कृतिकारको स्थितिलई बुझाउने दृष्टिविन्दुले कृतिका सहभागी, कार्यव्यापार, परिवेश, उद्देश्य आदिलाई पाठक समक्ष पुऱ्याउने तरिकालाई पनि वुझाउछ ।[३१]

थापाका **आघात कथासङ्ग्रह**मा २० वटै कथाहरूमा दृष्टिविन्दुका आधारमा हेर्दा प्रथम पुरुष दृष्टिविन्दु र तृतीय पुरुष दृष्टिविन्दु प्रयोग गरेका छन् । 'आघात' कथामा तृतिय पुरुष दृष्टिबिन्दु प्रयोग भएको छ । उनका प्राय कथाहरूमा 'म' पात्रका माध्यमबाट स्वयम् आफूनै उपस्थित भई आफ्ना मनका कुरा व्यक्त गरेको पाइन्छ भने तृतीय पुरुषमा विद्यार्थी वर्ग, गाउँका वुढापाका, बुद्धिजीवि तथा पढेलेखेका व्यक्तिका माध्यमबाट विचारहरू व्यक्त गराएको पाइन्छ । कथामा कथाकारले वर्णन शैली छोटो छरितो र कवितात्मक रहेको छ ।

त्यसैगरी 'आत्मग्लानि' कथामा प्रथम पुरूष दृष्टिबिन्दु प्रयुक्त छ । 'बाघ, खरायो र स्याल' कथा सामाजिक तथा राजनैतिक विषयमा आधारित छ । कथाका हरेक पात्रको मानसिक विश्लेषण स्वयम् कथाकार नै भएकाले कथामा तृतीय पुरूष सर्वज्ञ दृष्टिबिन्दु (कथनपद्धति) प्रयोग गरिएको छ । 'धिक्कार' कथामा कथाकारले तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग गरेका हुन् । 'जिद्दी' कथामा कथाकारले वृत्ताकारीय कथानक ढाँचा र तृतीय पुरूष दृष्टिबिन्दु प्रयोग गरिएको छ । 'गुरुचेला', 'हृदयको तरङ्ग', 'मोटरसाइकल', 'भगवान् दहेलक', 'भाकल', 'रामघाट' कथा तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

## ७ भाषाशैली

त्यसैगरी भाषाशैली कथाको कृतिलई प्रस्तुत गर्ने माध्यम हो । भावाभिव्यक्तिको सर्वप्रमुख र सशक्त साधन भाषाका माध्यमबाट साहित्य कृतिको रचना गरिन्छ । यस दृष्टिबाट भाषालाई साहित्यको माध्यम घटक मानिन्छ । [३२]हरेक कृतिको साहित्यिक संरचना भए जस्तै भाषा संरचना पनि हुन्छ । कुनै पनि भाव वा विचारलाई अभिव्यक्त गर्ने मध्यम भाषा हो र भाषालाई अभिव्यक्त गर्ने विभिन्न ढङ्ग  वा तरिका शैली हो  अतः साहित्यका

---

[३१] ऐजन, पृ. ३५

[३२] ऐजन, पृ. ५५ ।

सबै विधाजस्तै आख्यानमा पनि भाषाशैलीको महत्वपूर्ण स्थान हुन्छ । कथामा भाषाको सम्वन्ध बाह्य संरचनासँग मात्र नभएर अन्तवस्तुसँग पनि गासिएको हुन्छ र कथामा प्रतिबिम्बित हुने विचार तथा कथाकारले चयन गरेको अन्तवस्तु अनुरूपको भाषिक प्रयोग कथामा हुने गर्दछ ।

आघात कथामा भाषिक सम्योजन सरल छ । छोटा छोटा वाक्यहरू प्रयोग गरिएका छन् । व्याकरणिक नियमका आधारमा वाक्यको सम्योजन कतै कतै विचलित छ । चित्रात्मक शैली अपनाइएको छ ।

कथामा आगन्तुक शब्द सीमित प्रयोग गरिएका  छन् । जस्तै : ट्युसन, अस्पताल, कपडा, चिठी आदि । कथाकार प्रायः तत्सम शब्दकै प्रयोगमा आकर्षित देखिन्छन् । महिनेत, जेठान, ज्याइँ बाबु, ख्याउटीएकी, प्रेम याचना जस्ता अप्रचलित शब्दहरू कथामा प्रयोग भएका छन् । उखान टुक्काको प्रयोग कथामा गरिएको छैन । कथामा सरल, छोटा र छरिता वाक्यहरू प्रयोग गरिएका छन् ।

जस्तैः के को ठीक नहुनु ? डाक्टर निकै सरल पारामा बोल्दै थिए “आजभोलि यस्तो रोगलाई सामान्य नै ठानिन्छ (पृ. ४)मिश्र तथा जटिल वाक्यहरू तथा कठिन शब्दहरूको प्रयोग कथामा देखिदैन । सरल र ठेट नेपाली शब्दहरूको प्रयोगले कथा रोचक, सरल र मार्मिक बनेको छ ।

‘भारु वीर’ कथा चरित्रप्रधान कथा हो । कथामा मनका पीडा लुकाउन नसकिने रहेछ भन्ने कुरालाई विश्लेषण गरिएको छ । च्वासेले कथाको कथानकलाई सरलबाट जटिल तर्फ अगाडि बढाइएका छ । दृश्यको वर्णनशैली सुन्दर छ । तत्सम शब्दको प्रयोग मध्यम छ आगन्तुक शब्द प्रासङ्गिक रूपमा प्रयुक्त छन् । तद्भव शब्दको प्रयोग बढी रहेको छ । संस्कृत तत्सम शब्दहरूः गुण, प्रशंसा, टिप्पणी, व्यङ्ग्यात्मकता, कृषि, विशेषज्ञता, प्रदर्शन, प्रसङ्ग, सक्रिय, सहभागिता पक्ष, उल्लेख, आकर्षक, दृष्टि आदि हुन् । प्रचलित उखानको प्रयोग कतै देखिँदैन र टुक्काहरू केही प्रयोग गरिएका छन् । कथामा प्रयुक्त केही शब्दहरू यसप्रकार छन् :

‘मजदुरको जन्म’ कथा चरित्रप्रधान कथा हो । कथाको भाषिक संरचना सरल छ । छोटाछोटा वाक्यको सम्योजन गरिएको छ । जटिल वाक्यको कमी छ । तत्सम र तद्भव

शब्दको बाहुल्य छ भने आगन्तुक शब्द प्रासङ्गिक कथनमा मात्र प्रयोग गरिएका छन् । प्रस्तुत कथामा कथाकारले संवादको अधिक प्रयोग गरेका छन् । वर्णन शैलीमा कवितात्मक शैली प्रयुक्त छ ।

'आत्मग्लानि' कथामा आञ्चलिक परिवेशलाई समेटेर याथर्थ घटनाको व्यङ्ग्यात्मक प्रस्तुति गरिएकाले कथामा मिश्रित शैलीको प्रयोग गरिएको पाइन्छ । कथालाई सुन्दर बनाउन प्रयोग गरिने पद्धति नै शैली हो । कथामा 'म' पात्रबाट आफ्ना कुकर्महरू मुखरीत हुनु नै कथाको मुल मर्म हो । उनको अभिव्यक्तिगत शैली भने सरल छ । कथामा मिश्र वाक्य र जटिल वाक्यको सम्योजन अत्यन्त न्यून छ । तत्सम तथा आगन्तुक शब्दहरूको प्रचुर प्रयोग भएको पाइन्छ । यस कथामा प्रयोग भएका केही शब्दहरू संस्कृत तत्सम शब्द : काशी, हरिद्धार, पश्चाताप, ठण्डाराम, पाप, शीताङ्गै आदि । आगन्तुक शब्दहरू : पार्टी जुलुस, बेहोस, क्याम्पस आदि । उखानटुक्का : राय राख्नु, प्रतिस्थापन गर्नु, होस खुल्नु, लामो सास फेर्नु, बरवाद हुनु, लामो सुस्केरा हाल्नु, आदि ।

उपर्युक्त शब्दहरूले कथामा भाषिक मिठास प्रदान गरेको पाइन्छ । वाक्य गठनका दृष्टिले यस कथामा सरल र संयुक्त वाक्यहरूको बढी प्रयोग गरिएको छ । अनुच्छेद योजना पनि आख्यानोचितमा नै रहेका छन् । कथामा संवाद पक्षभन्दा वर्णनात्मक शैलीको बढी प्रयोग भएको पाइन्छ ।

'बाघ, खरायो र स्याल' कथा सामाजिक तथा राजनैतिक विषयमा आधारित छ । कथाका हरेक पात्रको मानसिक विश्लेषण स्वयम् कथाकार नै भएकाले कथामा तृतीय पुरूष सर्वज्ञ दृष्टिबिन्दु (कथनपद्धति) प्रयोग गरिएको छ । कुनै एउटा पारिवारिक र नैतिक कारणका आधारमा लम्किएको यस कथामा जागर जिवन पद्धतिलाई उतारेको छ । कथामा वर्णनात्मक तथा विश्लेषणात्मक शैलीलाई अपनाइएको छ । कथाको कथानकलाई प्रस्तुत गर्ने शैली सरल छ । जटिल वाक्यको कमि छ । सरल वाक्य प्रयोग गरिएका छन् । तत्सम, आगन्तुक शब्द, उखान टुक्काको उचित प्रयोग छ । अन्य भन्दा तत्सम शब्दको प्रयोग बढी देखिन्छ । :

'रूमलिएको नेता' कथामा नेतालाई नेपालको राजनितिक क्षेत्रको सामाजिक परिस्थिति र निमुखा जनताहरूको बिजोगलाई यथार्थ र मानसिक विश्लेषण गरी लेखिएको

कथा हो । कथाले आञ्चलिकतालाई समेटेको छ । यस कथामा उखान टुक्काको व्यापक प्रयोग गरिएको छ । कथाको भाषाशैली वर्णनात्मक र सरल छ । सामान्य बोली चालीमा प्रयोग हुने भाषाको सम्योजन गरिएको छ । यस कथामा प्रयोग भएका केही उखान टुक्काहरू उखान टुक्का : धन देख्दा महादेवका समेत त्रिनेत्र खुल्छन्,' फेरि फेरि त्यही भाषण सुरु!, 'पाप धुरीबाट कराउछ भनेको यही हो' । कथाको भाषाशैली उपयुक्त देखिन्छ । समग्रमा कथाको भाषा शैली सरल स्पष्ट छ ।

'पछुतो' कथामा सरल भाषा शैलीमा सरल तथा छोटा छोटा तर गहकिला भाषाको प्रयोग भएको पाइन्छ । यस कथामा पुराना, बाबुबाजेको पालामा भएका घटनारुलाई आजका दिनमा तुलना गर्दै भाषाहरू प्रस्फूटित भएको पाइन्छ । जस्तैः 'कहाँबाट आउँछ मोरो, मेरै माटा पो टप्काउन पल्केछ । भाई, यसलाई काटेर मजासँग भुट् त, आदि । यस कथामा प्रयोग भएका केही उखान टुक्काहरू आँखा खोल्नु, धक मान्नु, मुख बाउनु 'कालो पाटी' कथामा गाँउले भाषामा सरल शव्दबाट यो कथा लेखिएको छ । यस कथामा आश्चयबोधतक शव्दहरू प्रयोग भएको पाइन्छ । जस्तै : तेरो भाउ घट्दै छ किन, कस्तुरीको बिना जटील, ऊ खङ्ग्रङ्ग भई, नन्दले ओठ लेप्याउदै थपी बुद्धि घुमाएकी हेर न, नतमस्तक हुन्थी आदि ।

'मायाजाल' कथा जनावरको मायाजालमा परेको बालकको विषयवस्तुको आधारमा तयार पारिएको कथा हो । भाषाशैलीका दृष्टिले हेर्दा कथामा सरल, सुवोध्य शैली अपनाइएको छ । सामान्य परिवारको बोलीचालीको भाषा यहाँ प्रयोग गरिएको छ । मध्यम वर्गिय परिवारमा बोलीने सरल, मिठास सब्दहरूको सम्योजनबाट कथा निर्माण भएको छ ।

'जागिर' कथा सामाजिक विषयमा आधारित कथा हो । समाजमा मानिसलाई साहूहरूले पशुसमानको व्यवहार गरेको घटनालाई आधार बनाएर साहूले अबला स्टाफहरूलाई शोषण गरेको यथार्थलाई कथाले देखाउन खोजेको छ । गगन कथाको प्रमुख पात्र हो र कथामा गगनको मनोविष्लेषणात्मक गरिएकाले कथा हो । कथाको वणन शैली वर्णनात्मक छ । शब्दहरूको सम्योजनमा आगन्तुक र तत्सम शब्दको प्रयोग कथानक सुहाउदो छ । कथाको आधा भाग चरित्र विश्लेषणमै खर्च भएकोले कथामा वर्णनात्मक शैलीको प्रभाव परेको छ । कथनपद्धतिका दृष्टिले कथा स्वयम् कथाकारबाटै मुखरित भएकाले कथामा तृतीय पुरूष (सर्वज्ञ) दृष्टिबिन्दुको प्रयोग छ । भाषाशैलीका आधारमा कथामा प्रयुक्त केही शब्द तथा पदावलीहरू यसप्रकार छन् :

म झसङ्ग भएँ ।, खाएको नपच्ने रोग नै लागिसकेको छ । नझपारेसम्म मर्दानाको अनुभुति नहुने । यस्ता जटिल तथा घुमाउरो खालका बाक्यहरूको प्रस्तुती भएको पाइन्छ ।

'धिक्कार' कथामा कथाकारले तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग गरेका हुन् । कथामा विभिन्न घटनाहरूको वर्णन गरिएको छ । वर्णनमा चित्तात्मक शैली र वर्णनात्मक शैली दुवै मिश्रित छ । कथामा प्रतिका र विम्बहरूको प्रयोग गरिएको छ । आगन्तुक शब्दको प्रसङ्गवश प्रयोग मात्र हो । तद्भव र आगन्तुक शब्दका प्रयोगले भाषिक प्रयोगमा सरलता देखिएकाले भाषा शैली कथा अनुकूल देखिएको छ । यस कथामा सुरुमै कवितामा प्रस्तुत गरिएको पाइन्छः

झलझली आँखामा, झलझली आँखामा

कस्तो बस्यो मपायाप्रिति

सक्दिनँ म बिर्सिन

तिमै हो यो लैजाऊ जोवन.......

'जिद्दी' कथामा कथाकारले वृत्ताकारीय कथानक ढाँचा प्रयोग गरिएको छ । आत्मिय शैलीमा कथा अगाडि बढेको छ तर भाषा शैली सरल र स्पष्ट देखिन्छ । छोटा छोटा वाक्य र उपमा तथा बिम्बको प्रयोगले घटना सरल छ । पूर्वस्मृतिको प्रक्रियाले कथाशैली जटिल जस्तो देखिए पनि सुबोध्य छ । भाषामा तद्भव, तत्सम र आगन्तुक शब्द तथा छोटा छोटा टुक्काको प्रयोगले कथाको भाषिक संरचना छरितो सान्दर्भिक र पात्रानुकूल देखिन्छ । कथामा प्रयुक्त केही आगन्तुक शब्दहरू नोकरी, क्याम्पस, झ्याल, लभ च्यारिज, चर्चित छन् । त्यसैगरी प्रस्तुत कथाको वाक्यगठन, शब्दचयन र अभिव्यक्ति शैली सरल र सुबोध छ । प्रासङ्गिक घटनाको वर्णनात्मक शैलीले कथालाई उत्कृष्ट र बोधगम्य र रूचिपूर्ण बनाएको छ ।

'गुरुचेला' कथामा सरल र चलन चल्तीका शब्दहरू योग भएका छन् वक्रीय वर्णन शैलीले कथालाई भावगाम्भीर्यमा पुऱ्याएका छन् । आगन्तुक शब्दहरूको प्रयोग कम छ । तत्सम शब्दहरूको भरपुर प्रयोग गरिएको छ । केही पारम्पारित र ग्रामीण शब्द पनि प्रयोग भएका छन् । यस कथाको भाषाशैली सरल सुबोध देखिएको छ ।

'हृदयको तरङ्ग' कथा सरल र गाउँले. भाषाका ठेट नेपाली योग भएका छन् वक्रीय वर्णनशैलीले कथालाई भावगाम्भीर्यमा पुऱ्याएका छन् । आगन्तुक शब्दहरूको प्रयोग कम छ । तत्सम शब्दहरूको भरपुर प्रयोग गरिएको छ । केही पारम्पारित र ग्रामीण शब्द पनि प्रयोग भएका छन् । यस कथाको भाषाशैली सरल सुबोध देखिएको छ ।

'रामघाट' कथा वर्णनात्मक शैलीको प्रयोग प्रायः कथामा देखिन्छ । जटिल वाक्य तथा चलनचल्तीका शब्दहरू प्रयोग भएका छन् । आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । केही उखान टुक्काहरूको प्रयोगले कथालाई मिठास बनाएको छ । जस्तैः कालले कसको मति बिगारेको हो ?, बास्तवमा रुख हल्लाएर, झटारो हानेर फल खान खोज्ने व्यक्तिहरू, बेहुलाले बेहुलीलाई लैगो, मोरी खाऊ, भाँडभैलो मच्चिरहेको छ ।

त्यसैगरी 'मोटरसाइकल' 'घरभेटी' 'भगवान् दहेलक' 'भाकल' कथाहरूमा वर्णनात्मक शैलीको प्रयोग प्रायः कथामा देखिन्छ । जटिल वाक्य तथा चलनचल्तीका शब्दहरू प्रयोग भएका छन् । आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । केही उखान टुक्काहरूको प्रयोगले कथालाई मिठास बनाएको छ ।

### ४.२.१.३ निष्कर्ष

बखतबहादुर थापाको यस सङ्ग्रहमा सङ्ग्रहित कथाहरूको शीर्षक पात्र, विषयवस्तु, स्थान आदिका आधारमा चयन नगरिएको पाइन्छ । यस **'आघात' कथासङ्ग्रह**का कथाहरूको शीर्षक चयन अधिक रूपमा विषयवस्तुका आधारमा गरिएको छ । कथा शीर्षक छोटा, स्पष्ट र सार्थक, उपयुक्त छन् । उनका कथाहरूमा सामाजिक यथार्थताको गतिविधिका उद्देश्य दिन खोजिएको छ भने भाषाशैली सरल, सहज खालको छ । सवै कथाहरू उत्कृष्ट खालका छन् ।

## ४.२.२. 'कम्प्युटर आतङ्क' कथासङ्ग्रहको अध्ययन

### ४.२.२.१ परिचय

कथाकार बखतबहादुर थापाद्वारा लिखित तथा साझा प्रकाशनबाट वि.सं. २०६९ सालमा प्रथम संस्करणको रूपमा प्रकाशित 'कम्प्युटर आतङ्क' कथासङ्ग्रह आवरण पृष्ठबाहेक जम्मा पृष्ठ १ देखि १६२ सम्ममा आबद्ध छ । यसमा २५ वटा कथाहरू सङ्ग्रहित छन् । सङ्ग्रहमा कथाहरू (१) आपत्, (२) आहारा, (३) कम्प्युटर आतङ्क, (४) खाडल्,

(५) गौरी, (६) जङ्गे् ड्राइभर, (७) ढँटुवा, (८) ढक्कन (९) नो इन्ट्री, 'पूर्ण' 'बर्दीधारी', 'बिछोड' 'भूतेश्वर', 'रवरको जुत्ता' 'रबाफ', 'राष्ट्रदेव', 'वडा जनसरकार सदस्य', 'विकास', 'विद्रोह', 'सन्न्यासी', 'समाधान', 'सरकार' 'शहरको सपना', 'सिसौको रुख' र 'सोख' रहेका छन् । संरचनाको दृष्टिले यस कथासङ्ग्रहलाई यसमा संरचित २५ कथाहरूले पूर्ण आकार दिएका छन् । यिनै कथाहरूलाई कथातत्त्वका आधारम यहाँ अध्ययन गरि बखतबहादुर थापाद्वारा लिखित उपर्युक्त कथाहरू मध्ये दोस्रो तथा हालसम्मको अन्तिम कथा 'कम्प्युटर आतङ्क' कथासङ्ग्रहलाई अध्ययन तथा विश्लेषण गर्न कथाका तत्त्वहरूलाई अधार मानिएको छ । बखतबहादुर थापाले लेखेका कथाहरूलाई कथानक, सहभागी/सहभागिता, परिवेश, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैलीय विन्यासका आधारमा अध्ययन गरिएको छ ।

**१. कथानक**

'आपत्" कथा 'म' पात्र जागिरको शिलशिलामा रुकुममा सरुवा भई माओवादी र सरकारपक्षबाट प्राप्त आपत्मा परेका यथार्थ घटनालाई कथानकमा मुख्य विषय वनाइएको छ । माओवादीहरू देशको कुनाकुनामा पुगिसेकको हुन्छन् । एकान्तमा भएका प्रहरी चौकीहरू ध्वस्त पार्ने, केही आफू सुरक्षित हुने गाउँ खोज्दै गरेका हुन्छन् । प्रहरी जवानहरू गस्तीमा हिडेको क्रममा माओवादीको घेराभित्र पार्नु, वन्दुक पड्कीनु, साथीहरू चिच्चाउदै ढल्न थाले पछि 'म' पात्र पनि भुइमा पछारिन पुग्छ । आफूलाई जोगाउने क्रममा ऊ गाउँ पस्छ र गाउँमा माओवादी भन्ठानेर वास पनि दिदैनन् । पछि आफै माओवादीको फन्दामा पर्छ र उसलाई 'टाइगर' भन्ने इन्चार्जले गाउँको कमान्डर वनाउछन् उसको नाम 'आपत्' राखिदिन्छन् । यो कथाको प्रसङ्गबाट कथागको शीर्षक चयन गरिएको पाइन्छ ।

सरकार र जनसरकारको वार्ता सफल पछि इन्चार्जले काठमाडौं, पोखरा, नेपालगन्जमा घडेरी किन्छ । 'म' पात्र लगायतका अन्य साथीहरू यता न उताका भई अलपत्र पर्छन् । गाउँलेहरूले उसलाई मरणासन्न हुनेगरी कुट्छन् । अन्त्यमा उसलाई ठाउँठाउँको कुटाईले कुजीएको छ र आफ्नै निम्ती आपत् भएको छ । यसका लागि सरकारले विशेष ध्यान दिनुपर्ने कुरा यस कथा मार्फत् व्यक्त गरिएको छ ।

'आहारा' कथा शहरीया जीवनशैली तथा काठमाडौंको सेरोफेरो भित्र हुने गरेका जटिल अवस्थालाई चित्रण गरि लेखिएको छ । विर्खे जागिरको खोजीमा काठमाडौं पस्छ । ऊ खानका लागि फुटपाथ र होटलमा काम गर्छ । एकदिन भरियासँग उसको भेट हुन्छ । आफू

पनि भरियाको काम गरी साहुँजी वनेको महसुस गरी खुसी हुन्छ । आफू जाँड रक्सीको लतमा लागि पैसाको वचत गर्न सक्दैन । मामाले छोरी करुनासँग विर्खको विवाह गरिदिन्छन्, दुवैजना जुँगे साहूँको घरमा काम गरेका हुन्छन् । जुँगेसाहूले उसकी राम्री श्रीमतीमाथि आखा गाडेको देखेपछि विर्खेका परिवार सुकुम्वासी वस्तीमा वसेका हुन्छन् । विर्खेको दुई छोरी र दुई छोरा जन्माइ उनीहरूलाई हेरचार गर्नमा तल्लीन उनकी श्रीमती वस्न थाल्छन् तर अचानक देशमा राजनिती अस्तव्यस्तताको कारण वन्द, हटड्तालले गर्दा काम पाउन कठिन हुँदै जान्छ । भोक मेट्न विर्खेले एक पाउण्ड रगत वेच्छ । सडकमा निस्कीएको जुलुसमा परी उसको मृत्यु हून्छ । समाचारमा ऊ आन्दोलनकारी ठहरिन्छ । यता बालबच्चा उसको बाटो हेरिरहेका हुन्छन् । यसरी कथामा काठमाडौंमा हातमुख जोर्न धौ धौ हुने, वन्द हटड्ताले मखुजोर्न कठिन हुने अवस्थालाई मुख्य कथावस्तु वनाइएको छ तर कसलाई के थाहा र एक गरिव भरिया तथा निर्दोष व्यक्तिको हत्या भएको छ ।

'कम्प्युटर आतङ्क' कथामा कम्प्यूटरको दुरूपयोगका कारण कस्तो सम्म समस्या भोग्नु पर्ने रहेछ भन्ने सन्देश यस कथाको कथानक हो । यस कथामा 'म' पात्रले जताततै कम्प्यूटरको चर्चा गरेको सुन्दा र छोराछोरीको माग रहेका कारण एउटा पियनको सल्लाह बमोजिम छोराछोरीलाई दशैमा खानलगाउन दिनुको सट्टा कम्प्यूटर किनेर ल्याइ दिन्छ । घरमा इन्टरनेटको लाइन पनि जोड्छ । 'म' पात्रले पनि अफिसमा हल्का कम्प्यूटर चलाउन सिक्छ । उसका साथीहरूले उसलाई व्लु फिल्म र अनावश्यक नेटबाट डाउनलोड गर्न सिकाइन्दिन्छ । घरमा छोराछोरीले कम्प्यूटर चलाउन सक्याएपछि 'म' पात्रले रातको समयमा इन्टरनेटबाट अश्लीन दृश्यहरू हेर्न खोज्दा र डाउनलोड गर्दा कम्प्यूटर ह्याङ हुन गई विग्रन्छ र 'म' पात्रले पसलेसँग डुव्लीगेट सामान दिएको भन्दै झगडा गर्छ र उसले कम्प्यूटर खोलेर हेर्दा त सवैकुरा थाहा हुन्छ । मिस्त्रीले उसलाई यस्तो नगर्न, कम्प्यूटरमा अनावश्यक पेज खोल्दा कम्प्यूटर विग्रन पनि सक्ने सल्लाह दिन्छ । उक्त कुरा 'म' पात्रले थाहा पाउछ र जे सामानको पनि सही प्रयोग गर्नुपर्दछ । जथाभावी प्रयोग गर्दा कस्तो सम्म परिणाम भोग्नु पर्छ भन्ने सन्देश दिइएको छ ।

'खाडल' कथा यथार्थ कथा हो । द्वन्द्वकालमा कालमा कस्ता खालका अवस्था सम्म अवस्था भोग्नु पर्दो रहेछ भन्ने कुरा यस कथामा प्रस्तुत गरिएको छ । यस कथामा माओवादी र प्रहरीविचको द्वन्द्वलाई प्रमुख कथानक वनाइएको छ । 'इ' पात्रलाई माओवादी

कार्यकर्ताले समातेर खुट्टामा बाधेर उसको नाम सुराकी 'इ' राखीदिन्छन् । सुराकीकै क्रममा विभिन्न ठाउँमा वम, तथा गोलीहरू पड्क थाल्छन् । सुराकी 'इ' लाई थाहै नदिई प्रहीले उसलाई जंगलमा लगी गोली हान्छन् र खाडल खनेर पूर्छन् । यता उसको साथी 'इ' को मृत्युपछि डराउछ र बरवराउन थाल्छ । यसरी प्रहरीले ऊ वरवराउदाको अवस्थामा माओवादीको बारेमा सवै जानकारी लिन सफल हुन्छन् ।

'गौरी' कथामा प्रमुख पात्र मनोज उसले गाउँकी सोझी केटी गौरीसँग विवाह गरेको हुन्छ । जागीरको सिलसिलामा मनोज अनेत्र ठाउँमा पुग्दछ । उसलाई बाहिर राम्री राम्री केटीसँगको सङ्गतले गौरीलाई मन पराउन छाड्छ । आफ्नो लोग्नेले वास्था गर्न छाडेपनि भगवानको भरोसा भन्दै आफ्नो लोग्लेको हरपल सफलताको कामना गर्दै बस्छिन् । यता मनोज भने साथीको साली मोनीकासँग नजिकिदै जान्छ । समय वित्दै जाँदा गौरी विरामी पर्छे मनोजले आस्था गर्दैन । राम्रो उपचार नपाएपछि गौरीको मृत्यु हुन्छ । आफन्त तथा साथीभाईले यो कुरा थाहापाएर उसलाई घृणा गर्न थाल्छन् । मोनीकाले पनि उसलाई अपराधी भन्दै टाढिन्छे र मनोज गौरीलाई सम्झदै पछुत्ताउन थाल्छ । यस कथाका माध्यमबाट आफूसँग भएको वस्तुलाई जतन गर्नु पर्दछ । आफूसँग हुँदाहुँदै अर्को लोभ गर्दा यस्तो सम्मको स्थिति भोग्नुपर्ने कुरा देखाउन खोजिएको छ ।

'जङ्गे ड्राइभर' कथामा ड्राइभरको जीन्दगीको चर्चा गर्न खोजिएको छ । यस कथाका मुख्य पात्र जङ्गबहादुर काठमाडौं-सुर्खेतको रात्री बस चलाउने काम गर्छ । यात्रा गर्ने क्रममा खाजा, खाना खाने होडेलमा काम गर्ने केटीहरूको पछि लाग्छ । ऊ टन्न रक्सी पियर गाडी चलाउन पुग्छ । साइडका पसलमा गाडीले ठोक्याइदिन्छ र पसलेलाई उडाइदिन्छ । यसै क्रममा सशस्त्र प्रहरीको नियन्त्रणमा पर्छ । जंङ्गवहादुर र सरिताका मान्छेले प्रहरीलाई घुस दिएपछि रिहाइ गराउछन् । फेरी उसको रवाफ वढ्दै जान्छ र केहि समयपछि ऊ पहिले जस्तो हुन पुग्छ र उसलाई एड्स जस्तो प्रांणघातक रोग एड्स लाग्न पुग्छ । आफन्तहरूसँग लुक्ने क्रममा ऊ गाडी मुन्तिर लुकको हुन्छ । गाडी चलेको चालै नपाउदा उसको किचिएर मृत्यु हुन्छ ।

ढटुवा कथामा मान्छेहरू दाम र कामको पछि जोडिएर इमान जमान वेचिएको विषयलाई समेटिएको छ । कथामा पात्र जेठो माहिलो र कान्छो हुन्छन् । जेठोले ढाँट छल गरेर प्रशस्त पैसा कमाएर मोजमस्तीमा दिनहरू बिताइरहेको हुन्छ । उसकी श्रीमती पनि

त्यस्तै काम गर्छे । छोराछोरी पैसाले मातेर बिग्री सकेका हुन्छन् । रातीमा वालुवा चोर्ने देखि ठेकेदारसम्
मको काम गर्छ । आफूभन्दा अरु सवै मान्छे गरिव नै हुन्छन् भन्ने ठान्छ । ढाँटेर, छल गरेर कमाएको पैसा फस्न पुग्छ । उसकी श्रीमती साथीहरू बटुलेर चियापान गर्ने, भोज गर्ने काम गर्छिन् । छोरा भने पढ्न लेख्नमा भन्दा अङ्ग्रेजी गाना सुन्नुमा व्यस्त देखिन्छ । अचानक भुँइचालो आउछ । घरमा कसैले पत्तो पाउदैनन् । सवै सम्पत्ति नष्ट हुन पुग्दछ ।

माहिलो छोरा विग्रेको मेसिन मर्मत केन्द्र खोली काठमाडौंमा एकतले घर किनेको हुन्छ । वरपरका छरछिमेकीले उसलाई घर सानो भएमा हेप्ने गर्दछन् । गाउँबाट आएकी आमाद्धारा उसको गाउँमा केही नभएको र यहि घर पनि वैंकमा छ रे भन्ने कुरा छिमेकीले थाहा पाउछन्  र उसलाई हेप्न थाल्दछन् । माहिलो टोलमा एक्लो भएको महशुस गर्छ ।

कान्छा छोरा लेवरको काम गर्छ र श्रीमती पनि ज्यामी काममा हिड्छे । छोराछोरी लगायत श्रीमतीले पनि जाड, रक्सी पिउछन् । जाँड, रक्सीका कारण जेठी श्रीमतीको मृत्यु भइसकेको हुन्छ भने कान्छी श्रीमतीको पनि जन्डिसका कारण मृत्यु हुन्छ । ऊ रक्सी खान पाउने भएपछि आफ्नो इमान पनि बेच्न पछि पर्दैन । त्यसकारण उसले कहिल्यै सम्पत्ति कमाउन सकेको हुँदैन । बुढेसकालमा आएर उसलाई पछुतो लाग्न थालेको कथाबाट कथा समाप्त हुन्छ ।

'ढक्कन' कथा नेपालको जनयुद्धमा साही सेना र सेनाका परिवार तथा आफन्तहरूको दुःख पीडाहरूको दर्दनाक स्थिति प्रस्तुत गरिएको छ । यस कथाको प्रमुख पात्र ढपवहादुर सिपाही हुन्छ । एकदिन उसको जंगलको छेउमा पालो पर्छ । माओवादीहरू आर्मी पूलीसलाई खोजी खोजी मान्नुपर्छ भन्दै घुमिरहेका हुन्छन् । उता उसकी श्रीमती गाउँमा मेरो लोग्ने सिपाही हो भन्दै फूर्ती लगाएकी हुन्छे तर पछि गाउँको जनयुद्धकाकारण धेरै घटनाहरू घटेपछि गाग्रीको हिम्मत कमजोर हुँदै गएको देखिन्छ । यता ढपवहादुर खुट्टामा माओवादीको गोली लागि लड्छ । लोग्नेको मृत्युको मुखबाट वचेर अस्पतालको वेडमा पुगेको खवरले गाग्री भोकै प्यासै नेपालगञ्ज पुग्छे र इश्वरलाई धन्यवाद दिदै खुसी हुन्छे । यस्तो सम्मको स्थिति समेत नेपालको जनयुद्धमा व्यक्तिहरूले भोग्नु परेको कुरा यस कथाबाट व्यक्त गरिएको छ ।

'नो इन्ट्री' कथामा नेपालको पाउरवालाहरूको समसामयिक घटना प्रस्तुत गरिएको छ । यस कथाको प्रमुख पात्र तेजबहादुर प्रहरी हवल्दारको रूपमा देखा पर्छ । ऊ साह्रै सोझो र इमान्दार व्यक्ति हुन्छ । आफ्नो नियम भन्दा बाहिर ऊ कुनै काम पनि गर्दैन । ट्राफिक जामले उसलाई दिक्क वनाउथ्यो । साथै मुहारमा हुने ध्वनी प्रदुषण, धूवा धुलोले उसको घाटी तथा फोक्सोमा असर पर्न थालेको हुन्छ । यता घरमा भने श्रीमती हुनेखानेको देखासिखि गरेर श्रीमानलाई पैसाको बारेमा कचकच गर्छिन् । एकदिन डिउटीको समयमा नोइन्ट्री लेखेको ठाउतीर छिरेको देखेपछि मोटरसाइकल चालक परिवेशको लाइसेन्स राखीदिन्छ । परिवेशले तेज वहादुरलाई घुस दिन खोज्छ तर ऊ मान्दैन । भोलीपल्ट लाइसेन्स लीन परिवेश आउछ प्रहरीलाई धम्काउछ, तेजवहादुरको जागीर अव रहेन भन्दै थर्काउछ । अचानक उसलाई फोन आउछ तर उठाउदैन र नम्वर हेर्न सम्म सक्दैन । शका उपशंकाले उसलाई तानातान गरेका हुन्छन् । एस.पी साहेवको आदेशअनुसार परिवेशलाई वेसरी पिटेर कोठामा लगेर थुन्छन् । त्यसपछि हाकिम भाई नेताको कुरा गरेर उल्टै परिवेशसँग माफी माग्न लगाउछन् । भोलीपल्ट एका विहानै प्रहरी कार्यालयमा जुलुस पुग्छ, छानविन समिति गठन गर भन्दै प्रहरी माथि हातहालेकोमा परिवेशको गल्ती ठम्याइन्छ तर नेता मान्दैनन् । जुलुस हट्दैन । अन्ततः ए.सी.साहेवको सरुवा हुन्छ । तेजवहादुर निलम्बित हुन्छ । नेपालमा पहुँचवालाको कस्तो सम्म हुन्छ र सोझासाझाले कसरी जागीरबाट गलहत्तिनु पर्छ भन्ने कुरा यस कथामा देखाइएको छ ।

प्रमुख पात्र पुर्णेले आफ्नो वुवालाई सानै उमेरमा गुमाएको हुन्छ । आफूलाई पढ्ने इच्छा हुँदाहुँदै पनि पढ्न जेनतेन उसकी आमाले स्कुल पढएकी हुन्छे । सात आँठ कक्षा पढेपछि पैसा कमाउन मुग्लान पसी लेवरको काम गर्छ । घर फर्कने क्रममा ऊ लुटीन्छ र सोही स्थान नेपालगञ्जबाट खलासी बनेर काठमाडौं भित्रिन्छ । आफन्तबाट माओवादीद्धारा मारिएकाले ११ लाख हात पारेको कुरा सुन्छ र आफू पनि सुरक्षाकर्मी वनी झडपमा पर्ने अनि ११ लाख आमालाई लगेर दिने मनसायले ऊ आर्मीमा भर्ती हुन्छ तर एकदिन माओवादीसँगको झडपमा ऊ पर्छ र उसलाई माओवादीले लिएर जान्छन् । सेनामा फर्केर नजानु भन्दै यातना दिएर ठुलो चौरमा लगेर छोडिदिन्छन् । साथी पत्थरद्धारा आफ्नी आमाको बारेमा वुझ्छ र आमा भेट्न पुग्छ । छोराको मुख हेर्ने वित्तिकै उनकी आमाको मृत्यु हुन्छ । अन्त्यमा अफिसमा पुगेपछि पुर्णको वढुवा हुन्छ र गुप्तचरको काम गर्न सुरु गर्छ । पूर्णको पारिवारिक दुःख नै दुःखमा जीवन वितेको कुरा यस कथाको कथानक हो ।

'बर्दीधारी' कथामा नारीहरूको पीडा, दुःखले कस्तो सम्मको स्थिति निम्त्याउछ भन्ने कुरा देखाउन खोजिएको छ । यस कथाको प्रमुख पात्र मानव र उसकी श्रीमती मानवीको रहेका छन् । एक दिन जमीन्दारको गाठको कुनामा वाधिएको मानव र अर्को कुनामा धोतीको पासो लगाएर झुन्डीएकी उसकी श्रीमती देखेर गोठालाहरूको सातो उड्छ । मानवकी श्रीमतीलाई वर्दिधारीहरूले उसेको अगाडी वलात्कार गरेर छोड्छन् । त्यो पिडा सहन नसकेर आत्महत्या गरेर मर्छे । मानवीको मृत्युपछि मानव पागल जस्तो बनेर बर्दीवाला देख्ने वित्तिकै नाइ मेरी मानवीलाई छाडिदिनुहोस भन्दै बर्बराई रहन्छ । उसको मानसिक सन्तुलन नै खलवलिएको हुन्छ । यस कथामा प्रत्यक्ष घटना देखेर पनि केही गर्न नसक्नु गरिवीपनको फाइदा उठाएको पाइन्छ ।

'विछोड' कथामा श्रीमान श्रीमतीको माया प्रेम कति सम्म गाढा हुन्छ भनी प्रष्ट्याउन खोजिएको छ । यस कथाको मुख्य पात्र सुव्वाले आफ्नी श्रीमतीलाई माया गर्छ । उसकी श्रीमतीको निमोनियाको कारणले मृत्यु हुन्छ । सुव्वाल आफ्नी श्रीमतीलाई असाध्यै माया गरेको हुन्छ । उसको मृत्युपछि श्रीमान अर्धपागल भएको हुन्छ । दिनानुदिन आर्यघाट जाँदै श्रीमतीलाई बोलाउन थाल्छ । खेतमा काम गर्न पुग्यो भने साझैँ पर्नासाथ आर्यघाट पुगेरै घर फर्किन्छ । एक्लै वस्ने, एक्लै गुनगुनाउने वानी वसेको हुन्छ । सुव्वाको। एकदिन एकजना महात्माले उसलाई निमी माया र मोहजालमा हरपल रहेका छौं भनेको सुन्दा उसलाई ठीक जस्तो लाग्छ । र वेलुका श्रीमतीलाई जलाएको ठाउँमा रुख चढेर हाम फाली उसको मृत्यु हुन्छ । यस कथाबाट के प्रष्ट हुन्छ भने आफ्नो माया गर्ने जीवन संगिनीले छाडेर गएको पीडाले ऊ सहन नसकी उसैको इदमा तड्पिएर आत्महत्या गरेको देखिन्छ ।

'भुतेश्वर' कथामा नेपालको सममामयिक घटनामा आधारित देखिन्छ । यस कथाको मुख्य पात्र भूतेश्वर माओवादीको नेता वनेको हुन्छ । साथमा उसकी श्रीमती काली घर्तिनी पनि कमरेड बनेकी हुन्छे । भुतेश्वर गाउँको सवैलाई ठग्दै हिडेको हुन्छ । राजनीतिक दाउँपेचले उसको मास्टरी पेसा चट हुने सम्भावना देखेर नेतावन्न सजिलो र समयमै शक्तिशाली वन्ने पोज वनाएर अगाडी वढ्छ । गाउँमा भैसी काटेर छेतविछेत वनाउछ, ससुरालीमा गई सालीको इज्जत लुट्छ र हत्या गरिदिन्छ । आफ्ना जस्ता क्रियाकलापमा माओवादीकै नाम पछि राज्यपक्षबाट ससुरालीलाई राहत दिलाउछ । यसै सिलसिलामा उसले आफ्नो स्वार्थको लागि उपचार गर्न लाने भनेर श्रीमती काली घर्तिनीलाई भारतको

वेश्यालयमा लगेर बेच्छ । पछि काली फर्केर आएपछि सम्पूर्ण क्रियाकलापहरू गाउँलेको सामु भुतेश्वरलाई बोल्न लगाउछे । भुतेश्वरले सवै कुरा यथार्थ भनेपछि गाउँलेहरूले उसको जीउभरी कालोमोसो दलेर जुत्ताको माला लगाई गाउँ निकाला गरिदिन्छन् र राजधानीमा गई  झन ठूलो नेता भएर वसेको हुन्छ ।

'रवरको जुत्ता' कथामा सौतेनी मामला कस्तो हुन्छ र संसार पैसामा अडिएको छ भन्ने कुरालाई पुष्टि गरेको पाइन्छ । यस कथाको मुख्य पात्र गोठे अंशवन्डाको अन्यायमा परेको पात्र हो । सौतेनी आमासँग वस्दै आएको हुन्छ । सौतेनी आमाको भनाइ खपेर वस्न नसकेर मुग्लानमा पस्छ र पछि अंश लिन भनी घर फर्कन्छ । घरमा भएको सम्पती बाबुले कान्छी श्रीमती विन्देश्वरीको नाममा गरिदिसकेको हुन्छन् । गोठेले आफ्नो अंश लीनका लागि अदालतमा मुद्दा हाल्छ । अदालतमा एकजना वकीलसँग भेट हुन्छ । उसले मलाई पैसा देउ मुद्दा जीताइदिन्छु भन्ने आश्वासन दिन्छ । सोही वमोजिम गोठेले पैसा खुवाउछ । पछि त्यो वकिल सौतेनी आमाको दाजुभाई भएको शंका गर्छ र पैसा फिर्ता माग्छ तर वकिलले पैसा फिर्ता दिदैन । आफूले हारेको महसुस पछि गोठे मुग्लान पस्छ । यता मुद्धा खारेज हुन्छ । त्यसैको खुसीमा सौतेनी आमाले घरमा भव्य पार्टी आयोजना गरेकी हुन्छे तर गोठे भने हार खाई फेरि मुग्लान पस्छ । नेपाली समाजको घरपरिवार भित्र हुँने भेदभावको दयनिय अवस्था यस कथामा देख्न सकिन्छ ।

'रवाफ' कथामा जमिन्दार भन्ने पात्र शिक्षक पेशामा लागेको हुन्छ । काठमाडौमा शिक्षक पेशाले जीवन धान्न धौ धौ भएकोले उसले इलेक्टोनिक पसल खोल्न पुग्छ । इलेक्ट्रोनिक पसलमा २/३ जना कामदार राख्छ । एकदिन उसको पसलमा पजेरो गाडी चढेर मन्त्री आइपुग्छ । उसलाई भेट्न आएको मन्त्री उसको गाउँमा काम गर्ने व्यक्ति हुन्छ । मन्त्री भएपछि मसँग सान र रवाफ देखाउन खोज्दै आएको हो भन्ने ठान्छ । आफ्ना कामदारसँग गाउँमा घटेका घटनाहरू सुनाइरहन्छ । कामदारहरूसँग आफ्नै विगतको कुरा गर्दै रवाफ देखाउछ र मन्त्रीको डाह गर्छ ।

'राष्ट्रदेव' कथामा पशुपतिनाथको दर्शनमा देखिएको भेदभावलाई मुख्य विषयवस्तु वनाइएको छ । यस कथामा म पात्र पशुपतीथानको दर्शनको लागि फुल समाएर लाइनमा लागेको हुन्छ । मन्दिरको दक्षिण ढोका पछाडि उभिएको पात्रको अगाडी र पछाडी मारवाडी हुन्छ । उनिहरूले पूजासामग्रीका सट्टा पैसाहरूलाई हेरका हुन्छन् । ऊ सरलाई देख्ने वित्तीकै

दर्शन गर्न आएको भनी नमस्कार गर्छ । त्यसपछि ऊ सरले आफूलाई अर्को पट्टी घकेलीदिन्छ र उनीहरूलाई दर्शनका लागि पठाउछ । उसको पछाडी उभिएकी महिलाले पनि सुरक्षाकर्मीका नाममा सरकारले दादागिरी गर्न पढाएको हो भन्दै कराउँछिन् । मन्दीर जस्तो पवित्र ठाउँमा घुसखोरी देख्दा उसले अचम्म मान्छ । कथा टुङ्गिन्छ । यस कथाले धनलाई प्राथमिकता दिएको तर मनलाई वास्ता नगरेको प्रसङ्ग पाइन्छ । यस कथामा थापाले हिन्दु धर्मप्रति खेद प्रकट गरेको पान्इछ ।

चीहानघरबाट चिया वेचेर गुजारा चलाइरहेको गगनवहादुरलाई जवरजस्ती व.ज.स. वनाउछन् । गाउँमा सवैजनाले उसैको नाम लिन्छन् र उसैलाई प्रतिनिधी वनाउछन् । उसले वस्तुभाउ लिएर वस्ने सुर बनाएको हुन्छ । जनप्रतिनिधीले ब.ज.स. लाई आफ्नो वडाको के - कस्तो काम गर्ने भन्ने कुराहरू सवै वताएका हुन्छन् । गाउँमा आर्मी पुलीसको परिवारलाई टाउँकोमा रातो पट्टी बाधी दिने, द्राही, जुङ्गा काट्न नपाइने, काजीक्रिया गर्न नपाइने जस्ता नियमहरू वनाएका थिए । यस्ता नियमहरू घरमा आइ श्रीमतीलाई सुनाउछ । गाउँमा पनि उसले भनेको कसैले मान्न तयार हुदैनन् । अन्त्यमा उसले मुग्लान पस्ने निधो गर्छ र रातारात गगन त्यस ठाउँबाट भाग्छ ।

'विकास' कथा शिक्षाको विकाससँग सम्वन्धित छ । यस कथामा नेपालीहरू कति सम्मको नीच काम गर्न सक्छन् भन्ने देखाउन खोजिएको छ । पुतलीको मनोरम सौन्दर्यले भरिपूर्ण हाम्रो देश त्यही आकर्षणमा तानिएका एकजोडी अष्ट्रेलियाली दम्पत्ति राजधानीसँगैको विकास ठाउँतीर सोझिन्छन् । यहाँका बालबालिकाको दयनिय अवस्था देखेर गाउँले र आफूहरूले स्कुल निर्माण गर्ने निर्णय गरी आफ्नो देश फर्कन्छन । ६ महिला पछि स्कुलको उद्घाटन गर्न नेपाल आउछन् । उनिहरूले दिएको सवै पैसा स्कुलमा खर्च नगरेर भ्रष्टाचार गरेको थाहा पाएपनि बालबालिकाको लागि भएपनि चित्त बुझाउछन् । अन्य ठाउँ वरीपरि रहेका विभिन्न ठाउँमा घुम्ने क्रममा जारी राख्दछन् । घुम्ने क्रममा उसलाई ज्वरो आएकाले औंषधी सेवन गर्छ तर गाउँलेहरू पात्लो फाल्नुपर्छ भनेर धामी लगाएर मन्छाउछन् । धामीले आगोले तताएको पन्यूले डामेको देख्दा ऊ छक्क पर्छ । दाताले धामीलाई गुड पनि भन्छ । धामीद्धारा नभएपछि दातालाई उपचारका लागि काडमाडौं पठाउछन् । दातालाई बढीमात्रामा अफिम र गाजा खाएकाले यस्तो भएको भनि डाक्टरले सुनाउछ । ऊ अन्त्यमा कहिले पनि नेपाल नफर्किने प्रण गरी स्वदेश फर्किन्छ । यता गाउँका

ठालुहरू स्कुलको वास्ता गर्दैनन्, सोलार र कोठामा कम्प्यूटर जोड्छन् जस्ता पाता निकालेर आफ्नो घर बनाउछन् । नेपालमा आफूले गर्न त सक्दैनन् तर अरुले सहयोग गर्छु भन्दा पनि आफ्नै भुँडी भर्ने काम गर्ने प्रवृत्तिले गर्दा कहिले पनि नेपालको विकास हुँदैन भन्ने कुरा यस कथामार्फत् सन्देश दिन खोजेको पान्इन्छ ।

'विद्रोह' कथामा हैकमवाद र विस्तारवादको इच्छामा दौडिरहेको प्रमुख पात्र कोप्चोले गाउँमा रहेका लायकदारलाई आफैले प्रयोग गरेको हुन्छ । कोही आफ्नो अधिनता आउन नचाहेमा समाजबाट बहिष्कार सम्मान गर्ने काम गरेको हुन्छ । एकदिन खड्गवहादुरलाई आफूले पैसा दिएर पसल खोल्न लगाउछ कोप्चोले, खेतवारी धितो राखेर खोलेको खड्गवहादुरको पसल राम्रो सँग चल्दैन र ऊ घाटामा पर्छ । रिन तिर्न नसक्दा कोप्चोले उसको जग्गा आफ्नो नाममा वनाएछ । एकदिन कोप्चो खड्गवहादुरको घरमा आउछ । उसकी श्रीमती ढाँड दुख्ने विरामी परेर सुतेकी हुन्छे । कोप्चोले साथी तिल्खेलाई उपचारका लागि अस्पताल पढाउछ । त्यहाँ पनि निको नभएपछि घर ल्याउछ । छोरो प्रकाशले विद्यालय जान पछि छोड्छ । कोप्चोले उल्टै कुलतमा फसाइदिन्छ । केही समयपछि खड्गबहादुरले गाउँका सबै मानिसहरूलाई यथार्थ कुरा सुनाउछ र कोप्चाको विद्रोहमा लाग्छ । त्यसपछि कोप्चो भागेर शहरतिर पलायन भएको देखिन्छ ।

'सन्यासी' कथामा जति पाप गरेपनि मान्छेले एक न एक दिन पापको प्रायश्चित गर्छ भन्ने कुरा देखाउन खोजिएको छ । कथामा शान्तारामले आफ्नो छोरा दौलत रामलाई धनि वनाउने सुरमा आयात निर्यातको काम हेर्ने कार्यालयमा नोकरी लागाइदिन्छ । काठमाडौंमा वस्ने दौलतराम प्रशस्त सम्पत्ती कमाएको हुन्छ । एक जना जोगी माग्न आएको हुन्छ । जोगीलाई उसले नानाथरीका कुरा सुनाउछ तर सम्पतीले उसलाई राम्रा राम्रा उपदेश दिन्छ । धनसम्पत्तीको घमण्ड गर्नु वेर्थ छ । लोभलालच त्याग्नुपर्छ । धेरै सम्पत्तीले मान्छेलाई कुलतमा फसाउछ भन्दै आध्यात्मकमा लाग्न आग्रह गर्छ । सम्पत्तीको कुरा सुनेपछि दौलतराम सत् बाटोमा लाग्ने निर्णय गरी केहि दिनको लागि कार्यालयमा छुट्टी लिएर वनकाली पुग्छ । बनकालीमा दौलताराम आफूलाई स्वामी भनेको मन पराउछ र रोगको मलम लिएर जानुहोस् भन्छ र कथा सकिन्छ । यस कथामा धन सम्पत्ति केही होइन मनमा आनन्दित हुनु पर्छ र सवै सुख मिल्छ भन्ने भाव प्रकट गरेको पाइन्छ ।

'समाधान' कथामा उमेर कटेपछि ३५ वर्षमा लगन जुरेको शिक्षित जोडी राम र पवित्राको बारेमा वर्णन गरेको छ । श्रमिती एम.ए. र श्रीमान पि.एच.डी. को तयारमिा जुटेका हुन्छ । विस्तारै उनीहरूको वैवाहिक जीवनमा कठिनाई देखा पर्न थाल्दछ । राम जाड रक्सी खाएर आएर पवित्रालाई दुःख तर विस्तारै उनीहरूको डिभोर्स नै हुने अवस्था हुन्छ । यस्तो कुरा साथी प्रेमलाई पवित्राले सुनाउछे । पवित्राका कुरा सुनेपछि प्रेमले जस्तो परिस्थीति आएपनि रामसँग  केहि पनि नबोल्नु म आएर सहयात्राको समाधान खोज्छु भनेको हुन्छ । धैर्यको बाध नफुटाउनु होला म हाजिर हुने भनि हुन्छ । निरन्तर रामको व्यवहार पनि परिवर्तन हुँदै जान्छ । पवित्रा पनि सुत्केरीको लागि प्रसुतिगृह ल्याएको प्रेमले थाहा  पाउछ र छोरो जन्मेकोमा बधाई दिन पुग्छ । दुवैजना मिलेर वस्छन् ।

यस कथामा झगडाको औषधि मुखमा पानी राखेर वस्नु भन्ने कुरालाई यहाँ व्यक्त गरेका छन् । यसरी कसैले सही सल्लाह दिएमा एउटा परिवार तहस नहस हुन लाग्ने अवस्थामा पनि सुध्रिने रहेछ भन्ने कुरा यस कथाबाट प्रष्ट हुन्छ ।

'सस्कार' कथामा सानै देखि चकचके स्वभावको रेसम पढ्न र लेख्नमा कति पनि मन नगर्ने प्रमुख पात्र हो । वुवाआमा तथा साथीभाईले उसलाई भनेको नाम राखीदिएका हुन्छन् । उसलाई जसले भने पनि सानो तिनी दुःख ले उसलाई छुट्टै हुँदैन । जेनतेन सात कक्षा पढ्ने कहिले मुग्लान त कहिले घर गर्न थाल्यो र उसले जानेको भनेको धूम्रपान गर्न, जुवातास खेल्न र छिमेकका साथहरूलाई सङ्गतमा पुऱ्याएर छोड्छन् । यतिकैमा कसैले उसलाई प्रहरीमा भर्ना गरि दिन्छन् । एकदिन साथी दानेले गर्ने क्रियाकलापको चियोचर्चा गरेर हतगडी सम्म लगाउछ अनि आफू वढुवा भएकोमा घमण्ड गर्छ । पछि आफ्नै सालो र भाईलाई हतकडी लगाऊ पुग्छ र वढुवा हुन्छ । यता सुन्तली भाइलाई छुट्याउन साहुकहा पुग्छे । एकदिन सइ र रेसमको कुराकानी भएको सुन्छे र झुटो आरापमा उनीहरूले बडुवा हुन आफ्नो लोग्नेलाई फसाएका रहेछन् भन्ने कुरा बुझ्छे र उजुरी गर्छे तर रेसमलाई केही दिन थुनेर छाडिन्छ भने उसको पतिलाई भने कानुन विपरित काम गरेको भन्दै १० वर्षको कैद सजाय सुनाइन्छ । उसकी श्रीमती दिन विराएर भेट्न जान्छे, खानेवस्ने समस्या पर्छकी भनि सोध्छे । कान्छो भने फलामको डण्डीमा झोक्राएर भुतभुताउन थाल्छ । यसरी निर्दोष व्यक्ति थुनामा परेको अवस्थालाई यस कथामा बढो राम्रो तरिकाले व्यक्त गरेको पाइन्छ ।

'शहरको सपना' कथामा शहरको वातावरणलाई वुझ्न नसक्दा कस्ता खालका समस्या आइलाग्छन् भन्ने कुरा देखाउन खोजिएको छ । यस कथा सामान्य किसानपरिवारमा जन्मीएको प्रमुख पात्र एन्जनले सानै उमेरमा बुवा गुमाएकाले आमासँगै वस्दै आएको हुन्छ । प्रदेशीका परिक्षामा फस्ट  भएर र उच्च शिक्षा हासील गर्न शहर पस्ने निधो गर्छ । घरका विवाह गरि छोड्न पाउने हुनाले विवा पश्चात शहर पस्छ । सानो जागिर गर्दै पढाइलाई अगाडि बढाउछ । केही समयपछि साथीका सङ्गतमा परी रेष्टुरेन्टमा जान थाल्छ । मोनीका भन्ने केटीसँग उनको शारीरिक सम्पर्क हुनपुग्छ । उता उसकी आमा र श्रीमतीले उसको लागि प्राथना गरि वसेका हुन्छन् । त्यसपछि उसलाई एच. आइ. भी. हुन्छ । त्यसपछि आत्महत्या गर्न भनी विष सेवन गर्छ तर मोनिकाले बचाउछे । सबैले सम्झाएर सल्लाह दिए पछि सबै कुरा आमा र श्रीमतीलाई भनेर अबका दिनमा कुलतमा नलागी समाजसेवा गर्ने निर्णय गरी वाँकी जीवन विताउछ । यस कथाको मुख्य उद्देश्य साथी संङ्गतीमा पर्दा आफ्नो जीवन मृत्युको मुखमा पुगको प्रसङ्ग यस कथामा पाइन्छ ।

'शिसौको रुख' कथामा नेपालको गृह युद्धको बारेमा यथार्थ चित्रण गरिएको छ । यस कथामा २०६१ सालतिर भएको देशको जनगुद्धको चर्चा गरिएको छ । नेपालमा भएको माओवादी जनयुद्धदेखि लिएर सात पाटी बीच भएको शान्ति सम्झौता अनि सातदलले गरेका १९ दिने जनआन्दोलन र पुनः ज्ञानेन्द्रले राज्य जनताको नाममा जिम्मा दिएको घटनाको तिथिमिति सहित उल्लेख गरिएको छ । माओवादीहरू गोली गठ्ठा सहित जंगलमा घुमिरहेका हुन्छन् । त्यसमा नेपाली सेना, सशत्र जनपद सिभिल पोशाक गुप्तचरको काम गरेका हुन्छन् । सिसौको रूखको चारैतर्फ प्रेसर कुकर वम पड्कीएको हुन्छ । भाग्ने र लखेट्ने क्रम जंगल नजिकै पुगेपछि डाँडाबाट सकेर बम र गोलीहरू वर्सिन थाल्छन् प्रहरी हवल्दार रगत र धुलोले पोतिएका हुन्छन् । सात दलले गरेको सम्झौता अनुरूप १९ दिने जनआन्दोलनको सफलतामा घाइतेलाई काठमाडौं तीर दौडाइन्छ । २०६३ साल वैसाख ११ गते राती राजा ज्ञानेन्द्रद्धारा गरिएको लोकतान्त्रिक घोषणाले पूरै देशवासीलाई हर्षविभोर वनाउछ । अन्त्यमा माओवादी आक्रमणबाट अङ्गभङ्ग भएका सिपाहीहरूको दयनिय अवस्था, परिवारको विजोग भएको अवस्थाको चित्रण गरिएको छ ।

'सोख' कथामा नेपालको सन्दर्भमा ठूला व्यक्तिहरूले साना व्यक्तिरूलाई कसरी शोषण गर्दा रहेछन् भन्ने कुराको चित्रण गरिएको छ । प्रस्तुत सोख कथामा सोखिन

प्रकाशनले बालबालिकालाई पुरस्कृत गर्ने कार्यक्रमबाट प्रारम्भ हुन्छ । विद्धानहरूले अशिक्षीतहरूलाई हेप्ने र अपमान गर्ने कुरालाई समेटीएको छ । एउटा संस्थाका सदस्यदेखि संचालक सदस्यहरू समेटीएको छ । मञ्चमा उपस्थित हुन्छन् । गाउँका मान्छेलाई अनेक तहका कुराहरू सुनाउछन् । नेपाल विश्वका चिनीएको छ । बीरहको गाथा उचाइमा छ भन्दै म पात्रलाई हाम्रा विद्धानहरूमा नेताकै भूत चढेको ठान्छ । हामी नेपालीहरूको अवस्था गुफामा छौं । जस्ता मान्छ । कोही सहर बनाउन गाडी बढ्छ भनिएको उसको खुट्टा तानेर आफू अगाडी बढ्न खोज्छ । संरचनाका अन्य टाउँकोहरूको चमत्कार सुन्न बाँकी नै थियो तर म पात्र त्यहाँबाट बाहिरिन्छ । त्यसपछि थाहा हुँन्छ कि हामी भ्रममा छौं । यथार्थ कुरा अर्कै रहेछ भन्ने थाहा पाउछ ।

**२. सहभागी/सहभागिता**

कथाको अर्को महत्वपूर्ण तत्त्व सहभागी वा सहभागिता हो र कथालाई गति दिने कथाका सहभागीहरू कथामा विभिन्न अवस्थामा आएका हुन्छन् । पात्रहरूकै अवस्थाले कथालाई रोचक बनाउने कथा कथानक अगाडि बढाउने हुँदा सहभागी र सहभागिता कथाको अनिवार्य तत्त्व हो र यहाँ तल दिइएका कथाहरूमा यिनै सहभागितको अवस्थाको अध्ययन गरिएको छ ।

'आपत' शीर्षक कथाको आपत्, 'आहारा' कथाको बिर्खे, 'खाडल' कथाको सुराकी 'इ', 'गौरी' कथाका मनोज र गौरी, 'जङ्गे ड्राइभर' कथाको होटलवाला, 'ढँटुवा' कथाका कान्छा र कान्छी, 'ढक्कन' कथाकी गाग्री, 'नो इन्ट्री' कथाको तेजबहादुर, 'पूर्ण' कथाको पूर्ण, 'बर्दीधारी' कथाका मानव र मानवी, 'बिछोड' कथाको सुब्बा, 'रबरको जुत्ता' कथाको गोठे, 'वडा जनसरकार सदस्य' कथाको गगनबहादुर, 'बिद्रोह' कथाको खड्गबहादुर, 'शहरको सपना' कथाका रन्जन र सावित्री आदि पात्रहरू विभिन्न कारणबाट पीडित र दुःखी बन्दै केही विदेसिन बाध्य छन् भने कतिपय समाजसँग विद्रोह नसकेर हेपिएर बाँचेका छन् । अनि नारीहरू यौनको शिकार बन्न विवश छन् र कतिपय गरिबीका कारण साहुको घरमा नोकर बस्न भएर वस्न समेत बाध्य रहेका छन् ।

यस्तै 'आहार' कथाको जुँगे साहु,' कम्प्युटर आतङ्क' कथाको साहु, 'खाडल' कथाका प्रहरीहरू, 'जङ्गे ड्राइभर' कथाको जङगबहादुर, 'ढुँटुवा' कथाको जेठो र जेठी, 'नो इन्ट्री' कथाका एस्.पी. र परिवेश, 'पूर्ण' कथाका आर्मीहरू, 'बर्दीधारी' कथाका बर्दीधारीहरू

'भूतेश्वर' कथाको भूतेश्वर, 'रबरको जुत्ता' कथाकी विन्देश्वरी र सरकारी कर्मचारीहरू, 'रबाफ' कथाको जमिन्दार, 'विकास' कथाका गाउँलेहरू, 'विद्रोह' कथाको कोप्चो, 'सन्यासी' कथाको दौलतराम, 'सरकार' कथाका रेसम र सइ आदि सहभागीहरू भ्रष्ट, दुराचारी, सामन्ती, स्वार्थी स्वभावका छन् । यी पात्रहरू निम्नस्तरीय जनतालाई शोषण गर्दै मोजमस्तीको जीवन बिताइ रहेका छन् । सरकारी कर्मचारीहरू आफ्नो बढुवाको लागि गरिब जनतालाई अमानवीय व्यवहार गर्ने गरेका छन् ।

यस सङ्ग्रहमा स्त्री, पुरुष, सहायक, गौण, अनुकूल, प्रतिकूल, स्थिर, गतिशील, मञ्च, नेपथ्य, सबै प्रकारका सहभागिता रहेको छन् । थापाले कथानथ र परिवेश सुहाउदा पात्रहरूको चित्रण यस सङग्रहका कथामा गरेका छन् । यहाँ आएका प्रायः सहभागीहरूले समाजको कुनै न कुनै वर्गको प्रतिनिधित्व गरेका छन् । यहाँका सहभागीहरूको सहभागितालाई वर्णनात्मका पद्धतिद्वारा सहज, सरल र स्वाभाविक ढङ्गले चित्रण गरिएको छ ।

| कथा क्रम | आधार | लिङग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्र | स्त्री | पु. | प्र. | स् | गौ. | अ. | प्र. | ग. | स्थी. | व. | व्य. | ने. | म. | ब. | मु. |
| १. | 'म' पात्र | + | | + | | | + | | + | | + | | | + | + | |
| | पुलीस | + | | | + | | + | | + | | + | | | + | + | |
| | टाइगर | + | | | | + | + | | | + | | + | + | | | + |
| | आमा | | + | | | + | | + | | + | | + | | + | | + |
| | काले | + | | | | + | + | | | + | | + | | + | | + |
| | हर्के | + | | | | + | + | | | + | + | | | + | | + |
| | रामबहादुर खड्का | + | | | | + | | + | | + | + | + | | + | | + |
| २. | विर्खे | + | | + | | | + | | + | | + | | | + | + | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | साहू | + | | | + | | + | | + | | + | | | + | + | |
| | भरिया | + | | | + | | + | | + | | + | | | + | + | |
| | कमला | | + | | | + | | + | | + | | + | | + | | + |
| ३. | 'म' पात्र | + | | + | | | + | | + | | + | | | + | + | |
| | श्रीमती | | + | | | + | | + | | + | | + | | | + | + |
| | छोरा | + | | | | + | | + | | + | | + | | | + | + |
| ४. | 'इ' पात्र | + | | + | | | + | | + | | + | | | + | + | |
| | प्रहरी | + | | | + | | + | | + | | | | + | + | + | |
| ५. | मनोज | + | | | + | | + | | + | | + | | | + | + | |
| | गौरी | | + | | | + | + | | | + | | | + | | + | |
| | डाक्टर | + | | | | + | | + | | + | | + | | + | | + |
| ६. | जङ्गवहादुर | + | | + | | | + | | + | | + | | | + | + | |
| | कन्डक्टर | + | | | + | | + | | + | | | + | | + | + | |
| | होटल साहुकी छोरी | | + | | + | | + | | + | | | + | | + | + | |
| | छोरीहरू | | + | | | + | + | | | + | | | + | + | | |
| | साहुजी | + | | | | + | | + | | + | | + | | + | | + |
| ७. | जेठा | + | | + | | | + | | + | | + | | | + | + | |
| | माइलो | + | | | + | | + | | + | | + | | | + | + | |
| | कान्छो | + | | | | + | | + | | + | | + | | + | | + |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८. | ढपवहादुर | + | | + | | | + | | + | | + | | | + | + | |
| | हवलदार | + | | | + | | + | | + | | + | | | + | + | |
| | ग्राग्री | | + | | + | | + | | + | | + | | | + | + | |
| | ईश्वरी | | + | | | + | | + | | + | | + | | + | | + |
| ९. | म पात्र | + | | + | | | + | | + | | + | | | + | + | |
| | हवलदार तेज वहादुर | + | | | + | | + | | + | | + | | | + | + | |
| | बर्दी | + | | | + | | + | | + | | + | | | + | + | |
| | होटल साहू | + | | | | + | + | | | + | | | + | + | | |
| | परिवेश | + | | | | + | + | | | + | | | + | + | | |
| | एस.पी | + | | | | + | | + | | + | | + | | + | | + |
| १०. | पूर्ण | + | | + | | | + | | + | | + | | | + | + | |
| | वावु | + | | | + | | + | | + | | + | | | + | + | |
| | छिमेकीहरू | | | | | + | | + | | + | | + | | + | | + |
| ११. | जमीन्दार | + | | + | | | + | | + | | + | | | + | + | |
| | मानवी | | + | | + | | + | | + | | + | | | + | + | |
| | गाउलेहरू | | | | + | | + | | + | | + | | | + | + | |
| | दक्षिण | + | | | | + | + | | | + | | | | + | + | |
| | मानव | + | | | | + | + | | | + | | | | + | + | |
| | डाक्टर | + | | | | + | + | | | + | | | + | + | | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्रोहधारी | + | | | | + | | + | | + | | + | | + | | + |
| १२. | 'म' पात्र | + | | + | | | + | | + | | + | | | + | + | |
| | सुब्बा | + | | | + | | + | | + | | + | | | + | + | |
| | सुब्बिनी | | + | | + | | + | | + | | + | | | + | + | |
| | डाक्टर | + | | | | + | | + | | + | | + | | + | | + |
| १३. | भुतेश्वर | + | | + | | | + | | + | | + | | | + | + | |
| | घर्तीनी काली | | + | | | + | + | | | + | | + | | + | + | |
| १४. | गोठे | + | | + | | | + | | + | | + | | | + | + | |
| | सौतेनी आमा | | + | | + | | + | | + | | + | | | + | + | |
| | विन्देश्वरी | | + | | + | | + | | + | | + | | | + | + | |
| | हाकिम | + | | + | | | + | + | | | + | | | | + | + |
| | प्रीतम | + | | | | + | | + | | + | | + | | + | | + |
| १५. | जमिन्दार | + | | + | | | + | | + | | + | | | + | + | |
| | लेक्चर | + | | | + | | + | | + | | + | | | + | + | |
| | गार्ड | + | | | + | | + | | + | | + | | | + | + | |
| | मन्त्री | + | | | | + | | + | | + | | + | | + | | + |
| १६. | मारवाडी | + | | + | | | + | | + | | + | | | + | + | |
| | असइ | + | | | + | | + | | + | | + | | | + | + | |
| | महिला | | + | | | + | | + | | + | | + | | + | | + |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७. | गगन | + | | + | | | + | | + | | + | | | + | + | |
| | गगन बहादुरकी श्रीमती | | + | | + | | + | | + | | + | | | + | + | |
| | नवराज पुरी | + | | | + | | + | | + | | + | | | + | + | |
| | बहिनी | | + | | | + | + | | | + | | | + | + | | |
| | सासूआमा | | + | | | + | | + | | + | | + | | + | | + |
| १८. | अस्टेलियाली दम्पती | | | + | | | + | | + | | + | | | + | + | |
| | पर्यटक गाइड | + | | | + | | + | | + | | + | | | + | + | |
| | कुइरे | + | | | + | | + | | + | | + | | | + | + | |
| | डाक्टर | + | | | | + | | + | | + | | + | | + | | + |
| १९. | खड्गवहादुर | + | | + | | | + | | + | | + | | | + | + | |
| | कोप्चो | + | | | + | | + | | + | | + | | | + | + | |
| | फूलमाया | | + | | + | | + | | + | | + | | | + | + | |
| | डाक्टर | + | | | | + | + | | | + | | | + | + | | |
| | विकाश | + | | | | + | | + | | + | | + | | + | | + |
| | शेरे | + | | | | + | | + | | + | | + | | + | | + |
| २०. | दौलतराम | + | | + | | | + | | + | | + | | | + | + | |
| | शान्तराम | + | | | + | | + | | + | | + | | | + | + | |
| | दौलतरामकी श्रमिती | | + | | + | | + | | + | | + | | | + | + | |
| | भिखारी | + | | | | + | + | | | + | | | | + | + | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | राम | + | | | | + | | + | | + | | + | | + | | + |
| २१. | पवित्रा | | + | + | | | + | | + | | + | | | + | + | |
| | प्रेमजी | + | | | | + | + | | | + | | + | | + | | + |
| २२. | रेसम | + | | + | | | + | | + | | + | | | + | + | |
| | नरे | + | | | + | | + | | + | | + | | | + | + | |
| | दाने | + | | | + | | + | | + | | + | | | + | + | |
| | रत्ने | + | | | | + | + | | | + | + | | + | + | | + |
| | सुन्तली | | + | | | + | + | | | + | | | + | + | | + |
| | रेशमकी भाइबुहारी | | + | | | + | + | | | + | | + | | + | + | |
| | कान्छो भाई | + | | | | + | + | | | + | | + | | + | | + |
| | सइसहाव | + | | | | + | | + | | + | | + | | + | | + |
| २३. | रञ्जन | + | | + | | | + | | + | | + | | | + | + | |
| | सुकेश | + | | | + | | + | | + | | + | | | + | + | |
| | मोनिका | | + | | + | | + | | + | | + | | | + | + | |
| २४. | प्रमुख सेनानी | + | | + | | | + | | + | | + | | | + | + | |
| | कमाण्डर | + | | | + | | + | | + | | + | | | + | + | |
| | माओवादी | + | | | + | | + | | + | | + | | | + | + | |
| | छापामार | + | | | | + | + | | | + | | | + | + | | |
| | राजा ज्ञानेन्द्र | + | | | | + | | + | | + | | + | | + | | + |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २५. | प्रकाश | + | | + | | | + | | + | | + | | | + | + | |
| | उद्घोषक | + | | | + | | + | | + | | + | | | + | + | |
| | डा. दुर्गा | + | | | + | | + | | + | | + | | | + | + | |
| | प्राध्यापक डा सूर्य | + | | + | | + | + | | | + | | + | | + | | + |
| | उज्जवल | + | | | | + | | + | | + | | + | | + | | + |

यसरी बखतबहादुर थापाका कथामा पाइने पात्र विधान विविधतामय हुनाका साथै हाम्रो समाजका विभिन्न वर्ग, क्षेत्र कार्यमा संलग्न विभिन्न मानिसहरूको प्रतिनिधित्वले गर्दा समाजको यथार्थताको चित्रण गर्न कथामा प्रयुक्त पात्रहरू सफल र सक्षम रहेका छन् ।

### ३.परिवेश

परिवेश भनेको कथाभित्र घट्ने घटना हो । स्थान, समय तथा अवस्था हो । कथालाई गतिशील वनाउनको लागि परिवेश अनिवार्य हुन्छ । कथामा परिवेशको महत्वपूर्ण भूमिका हुने हुँदा यहाँ **कम्प्यूटर आतङ्क कथासङ्ग्रह**मा समावेश २५ वटै कथाहरूको परिवेशको अध्ययन गरिएको छ ।

यस ‘आपत’ कथामा नेपालको काठमाडौ देखि सुर्खेतसम्मको परिवेशमा केन्द्रीत छ । नेपालमा माओवादी र सरकारपक्ष वीचको द्वन्द्व र सम्झौताको विचमा रुमलीएर रहेको नेपालको २०६० सालदेखि २०६३ सालसम्मको समयलाई लिइएको छ । गाउँमा वस्न नसक्नु, मुग्लान पस्न वाध्य हुनुका साथै नेपालका प्रहरीहरूको विवशतालाई यस कथामा परिवेश बनाइएको छ ।

यसैगरी ‘आहार’ कथामा गाउँ तथा शहरको परिवेशलाई लिइएको छ । यस कथामा दुःखी जीवनबाट दिक्क भएर काठमाडौ छिरेको र आहारका लागि संघर्ष गर्दा गर्दै मृत्यु भएको अवस्था छ । काम दोज्दै हिड्नु काम नपाउनु, देशका ऊ शान्ती र आन्दोलनले गर्दा हातमुख जोर्ने समस्या पर्नु, आन्दोलनकारी वन्न वाध्य भएको नेपालको जनआन्दोलनको समयलाई यस कथामा समेटिएको छ ।

'कम्प्यूटर आतङ्क' कथामा नेपालमा हालको समयलाई परिवेश वनाइएको छ । समाजमै घट्ने गरेको विभिन्न घटनाहरू जस्तै, कम्प्यूटर र मोवाइलको प्रयोग गर्न नजान्नुबाट सिर्जीत समस्या, आधुनिकतामा अगाडी वढेको समाजको देखासिकी गरी आफुपनि आधुनीकतातर्फ डोरीदै जान खोज्दा कस्ता खालका समस्या भोग्न पर्दो रहेछ भन्ने कुरा देखाई नेपालका विकसीत शहरीया परिवारका वच्चा तथा आमावावुको इच्छा चाहनालाई परिवेश मान्न सकिन्छ ।

'खाडल' कथामा नेपालको जनआन्दोलनको समयमा ग्रामीण तथा शहरी इलाकालाई परिवेश वनाइएको छ । त्यसैगरी ग्रामीण इलाकामा आमोवादी र नेपाली सेनावीच कस्ता खालका द्वन्द्व भए, कुन कुन ठाउँमा वढी द्वन्द्व भयो भने नेपालको २०६२/२०६३ सालको जनआन्दोलनको समयलाई परिवेश बनाइएको छ ।

'गौरी' कथामा गर्मीको समयलाई परिवेश वनाइएको छ । गाउँ र शहरमा रहनेहरू वीचको भिन्नता र गाउँघरमा सानैमा विवाह गर्ने चलन र त्यसले निम्त्याएको वहुविवाहको सन्दर्भलाई यस कथाको परिवेश मान्न सकिन्छ ।

'जङ्गे ड्राइभर' कथाको परिवेश काठमाडौं देखि सुर्खेतसम्मको रहेको छ । यस कथामा ड्राइभरको जीन्दगी, वाइरोडको बाटोमा रहेका होटल तथा रेष्टुरेन्ट जस्ता ठाउँको दृश्य यस कथामा परिवेश वनाइएको छ ।

'ढटुवा' कथामा नेपाली समाजमा मान्छेहरू आफ्नो इमान जमान सम्म पैसाका लागि वेचिएको कुराको जानकारी गराई ग्रामीण वस्तीलाई परिवेश वनाइएको छ । त्यसैगरी काठमाडौंको कठिनाई वसोवास, जाड रक्सी खुवाउने भट्टीहरू र त्यसबाट मान्छे कुलतमा फस्न वाध्य शहरी तथा ग्रामीण स्थानलाई लिइएको छ ।

'ढक्कन' कथामा देशमा भएका युद्ध र हडतालका पक्षहरू, माओवादी र सेनाको द्वन्द्वलाई परिवेश वनाइएको छ भने नेपालगञ्ज अस्पताल, गाउँले परिवेश, कर्णाली पूल, सोही पूलको पूर्व तर्फ रहेको वर्दिया राष्ट्रिय निकुञ्जको जंगललाई स्थानान्तर गरिएको छ ।

'नो इन्ट्री' कथामा काठमाडौंको ट्राफिक जाम, ध्वनी प्रदुषणलाई मुख्य परिवेश वनाइएको पाइन्छ । त्यससँग सम्वन्धित कार्यालयमा हुने गरेको घुसपेट, नाराजुलुस जस्ता क्रियाकलापलाई समेटीएको छ । हाकीम तथा मन्त्रीले आफ्नो हैकम देखाउनु, उनीहरूले भने

बमोजिम नमान्दा जागिर नै खोसीदिनु जस्ता कार्यको जानकारी गराई नेपालको सरकारी कार्यालयलाई यस कथामा परिवेश मान्न सकिन्छ ।

'पूर्ण' कथा नेपालका ग्रामीण इलाका तथा विकसीत शहरी इलाकालाई परिवेश मान्न सकिन्छ । नेपाली समाजमा हुने गरेको यथार्थ घटनाहरूलाई मुख्य पविवेश मानी मुग्लान पस्दाका खुःद कष्ट, नेपालका जिल्लाहरूमा जाँदा आउदा बाटोमा हुने पाकेटमार, देशमा कुना काप्चामा माओवादीको विगविगीले गर्दा जीवन भोगाईमा कठिनाई जस्ता दृश्यलाई यस कथामा छर्लङ्ग पारिएको छ ।

'बर्दीधारी' कथामा गाउँ, घर, आँगन, जंगल, गोठ आदिलाई परिवेश वनाइएको छ । गाउँका ठूलावढाले निमुखा सोझा गाउँलेमाथि हुने गरेको थिचोमिचो जस्तै मानवकी श्रीमतीलाई वर्दिधारीले गरेको वलत्कार, गाउँलेहरुले गर्ने शंका उपशंकाहरू आदि नेपालका ग्रामीण स्थानमा घट्ने घटनालाई मुख्य परिवेश वनाइएको छ ।

'विछोड' कथामा देशको जनआन्दोलन तथा राजनीति दाउँपेजलाई मुख्य परिवेश वनाइएको छ । देशमा फैलिएको अशान्ती, गाउँमा पढ्दै गएको असुरक्षा र वाटोघाटोमा हुने वन्द, चक्का जाम, नेपाल वन्द आदिलाई समेटिएको छ । त्यसैगरी श्रीमान श्रीमती बीचको माया, विछोड र विछोडको पिडा सहन नसकी त्यसबाट घट्न सक्ने घटना आदी परिवेश हुन् ।

'भूतेश्वर' कथामा सरकार पक्ष र माओवादी विचको द्वन्द्वलाई विशेष परिवेश वनाएर लेखिएको छ । यस कथामासेना तथा प्रहरीले भोगेको यथार्थ घटनाहरु ग्रामिण परिवेशमा भएका घटनारु परिवेश हुन् ।

'रवरको जुत्ता' कथामा नेपाली समाजलाई परिवेश मान्न सकिन्छ । समाजमा अंशवण्डामाथि हुने झै-झगडा, त्यसबाट उत्पन्न मुद्दामामिलाबाट उत्पन्न हुने समस्या, सौतेनी मामलाले घर तहस नहस पारेको, सौतेनी आमाका कारण सौतेनी छोराछोरीले भोग्नु परेको दुःख कष्टलाई मुख्य विषयवस्तु वनाई नेपालको घरायसी झै-झगडा तथा कानुनी कार्यालयमा कस्ता खालका कार्य समेत गर्न सक्छन् भन्ने कुरालाई जानकारी गराई ग्रामीण समाज तथा सरकारी अदालतलाई परिवेश वनाइएको छ ।

'रवाफ' कथामा २०६३ सालको समयलाई लिइएको छ । काठमाडौंलाई मुख्य वसोवासको थलो मानि गाउँ नफर्किनु, समय समयमा गाउँमा गएर आफ्नो रवाफ देखाउनु तर गाँउको विकासमा वास्ता नगर्दा गाउँले जीवन कति कष्टकर हुन्छ भनी गामीण जीवनलाई परिवेश वनाइउको छ ।

'राष्ट्रदेव' कथामा काठमाडौंको पशुपतिनाथ मन्दिरलाई मुख्य परिवेश वनाई नेपालमा भएका हिन्दु मठमन्दिरहरूमा हुने गरेको भेदभाव, खिचातानीका बारेमा यथार्थ चित्रण गरिएको छ । यहाँ कार्यालयमा मात्र नभई मन्दिरमा समेत ठूलाबढा तथा राजनीतिज्ञ व्यक्तिहरूले सत्ता जमाएर राखिएको परिवेशलाई देखाइएको छ ।

'वडा जनसरकार सदस्य' कथाको परिवेश माओवादी र सरकारपक्षविच भएको द्धन्द हो । गाउँमा मान्छेहरूलाई जवरजस्ती आन्दोलनमा लाने, डरत्रास देखाउने जस्ता प्रवृत्तिले गर्दा मुग्लान पस्न वाध्य भएको कुरा देखाई जनयुद्धको समयमा ग्रामीण स्थानलाई परिवेश वनाइएको छ ।

'विकास' कथामा नेपाल लगायत अष्टेलियासम्मलाई स्थानन्तरण गरिएको छ । यस कथामा नेपालमा रहेको शैक्षिक अवस्थालाई दयनिय देखाइनु, नेपालको मनोरम आकर्षण सँगै आर्कर्षित हुनु, गाउँमा स्कुल वनाउन खोज्नु, गाउँघरमा धामी, झाक्रीमाथि विश्वास गरिनु, अशिक्षाका कारण गाउँका ठूलाठालुले विकासमा आएको वजेट पनि आफ्नो घरखर्चमा लगाउनु आदि घटनाहरूलाई यस कथामा परिवेश वनाइएको छ ।

'विद्रोह' कथामा हाम्रै समाजमा रहेको गरिव पात्रहरू माथि थिचोमिचो गर्नु, गाँउमा नराम्रा कार्य गरी गाउँ निकाला भएकाहरूले शहरमा पसि उच्च स्थानमा कार्य गरेको यथार्थ चित्रण यस कथामा गरिएको छ । यस कथामा पनि कोप्चो पात्रले गाउँलेहरूमाथि हैकम चलाउने, छोराछोरीलाई फ्रि छाडेर कुलामा फस्नु, अन्त्यमा आफै गाउँ भोगर शहर पस्नु जस्ता द्धटजनले नेपालको ग्रामीण परिवेशमा अशिक्षित परिवारलाई परिवेश वनाईको छ ।

'सन्यासी' कथामा काठमाडौंको एक धनाढ्य परिवारलाई परिवेश वनाइएको छ । यस कथामा आध्यात्मवादी चिन्तनलाई अघि सार्दै धन सम्पत्ति भनेको हातका मैला हुन् । धर्म गर्न समाज सेवामा लाग्नु पर्ने कुरा साधु (जोगी) मार्फत जानकारी पाएर काठमाडौंको पशुपतिनाथ स्थिति बनकालीसम्मको परिवेशलाई लिइएको पाइन्छ ।

'समाधान' कथामा एक शिक्षित परिवार पनि कुलतमा फसेपछि कस्तो सम्मको स्थिति आउदो रहेछ भन्ने नेपालको सन्दर्भलाई परिवेश मान्न सकिन्छ । यस कथामा एक शिक्षित पारिवारिक स्थल र साथी भेट्ने अखडाका रूपमा चिया पसल, रेष्टुरेन्टलाई परिवेश मान्न सकिन्छ ।

'सरकार' कथामा नेपाल सरकारको कार्य गर्ने ठाउँलाई मुख्य परिवेश वनाइएको छ । चुनावको वेला सरकारको देशमाथि गरिने मावल, नेपाली समाजमा छोराछोरीलाई पढ्न शहर पढाउदा कुलतमा फस्नेहरूको विगविगि त्यसमा प्रहरीको पन्जामा पर्नु तथा २०६० सालको समयमा देशमा भएको जनआन्दोलनमा भएका घटनास्थलहरूलाई परिवेश मान्न सकिन्छ ।

'शहरको सपना' कथामा नेपालको दुर्गम स्थान तथा नेपालको राजधानी काठमाडौंलाई मुख्य परिवेश वनाइएको छ । गाउको सस्कारअनुसार सानैमा विवाह गरिदिनु, सानैमा विवाह गर्दा हुने नेपालमा घट्न सक्ने घटना कस्ता सम्म हुन्छन् भन्ने कुरा यस कथामा पाइन्छ । त्यसैगरी शहरमा गएर पढ्ने रहर गर्दा कस्ता कठिनाईहरू भोग्नु पर्ने कुराको पनि यथार्थता देखाउन खोजिएको छ ।

'शिसौको रुख' कथामा व्यारेक, गस्ती गर्ने ठाउँ, गाम्रिण स्थानको मकैवारी, जंगल, खोल्सा लगायत शहरमा वस्ने राजा जानेन्द्रका घोषणा आदिलाई मुख्य परिवेश वनाइएको छ भने देशमा लोकतन्त्र आएपछि सिसौको रूपले समेत फेरेको नयाँ रूपलाई परिवेश मान्न सकिन्छ ।

'शोख' कथामा शुक्रवारको दिन विद्यालयहरूमा कस्ता खालका क्रियाकलाप गराईन्छ र विद्यालयमा राजनीति खिचातानी कस्तो सम्म हुने गर्छ भन्ने कुरा देखाउन गाउँको विद्यालयको सेरोफेरोलाई परिवेश वनाइएको छ । साथै विहान, दिउँसो र साँझको समयलाई पनि निर्धारण गरी एक दिनको गाउले परिवेशको चित्रण गरिएको छ ।

## ४. उद्देश्य

हरेक विधाका साहित्यिक कृतिको सिर्जना उद्देश्यमूलक ढङ्गले गरिने हुँदा साहित्यमा सिर्जनाका पछाडि प्रत्यक्ष र परोक्ष रूपमा कुनै कुनै प्रकारको उद्देश्य अन्तर्निहित हुन्छ । यसैका आधारमा बखतबहादुर थापाका कथाहरूले पनि सामाजिक संस्कार, समाजमा घट्ने

गरेका घटना, विकृति, राजनैतिक परिवेश, शहरी जनजीवनको अवस्थाको जानकारी तथा मुग्लान पस्ने व्यक्तिको दुःख पीडा कस्तो हुन्छ भन्ने कुरा प्रष्ट्याउन खोज्नु नै यस कथा सङ्ग्रहको मुख्य उद्देश्य हो ।

'आपत्" कथा 'म' पात्र जागिरको शिलशिलामा रुकुममा सरुवा भई माओवादी र सरकारपक्षबाट प्राप्त आपत्मा परेका यथार्थ घटनालाई कथानकको मुख्य उद्देश्य हो ।

'आहारा' कथा शहरीया जीवनशैली तथा काठमाडौंको सेरोफेरो भित्र हुने गरेका जटिल अवस्थाको चित्रण गर्नु मुख्य उद्देश्य हो । आहारको खोजीमा सुकुम्वासीको आन्दोलनमा मृत्यु हुँदा सरकारले सहिद घोषणा गर्नु कतिसम्मको अन्याय गरेको छ भन्ने कुरा देखाउन खोज्नु यस कथाको उद्देश्य मान्न सकिन्छ ।

'कम्प्युटर आतङ्क' कथामा कम्प्यूटरको दुरूपयोगका कारण कस्तो सम्म समस्या भोग्नु पर्ने रहेछ भन्ने सन्देश दिन खोजिएको छ । त्यसैगरी आजको कम्प्युटर युगमा उमेर पाकेकाले चलाउन नजान्नु, त्यसको फाइदा पिउनले समेत उठाउनु, छोराछोरीका अगाडी समेत लज्जित हुनपर्ने अवस्था खोजिएको छ ।

'खाडल' कथा यथार्थ कथा हो । द्वन्द्वकालमा कालमा कस्ता खालका अवस्था सम्म अवस्था भोग्नु पर्दो रहेछ भन्ने कुरा यस कथाको मुख्य उद्देश्य हो । यस कथामा माओवादी र राज्यपक्षद्धारा देशका सोभ्रा जनताहरू पिल्सीएको यथार्थ चित्रण गरिनु मुख्य उद्देश्य मान्न सकिन्छ ।

'गौरी' कथामा प्रमुख पात्र मनोज पात्रका माध्यमबाट गाउँकी सोभ्री केटीसँग सानैमा विवाह गर्ने र शहर पसि रेष्टुरेन्ट तथा होटलमा काम गर्ने राम्रा राम्रा केटीसँग लागि गाउँका श्रीमतीलाई विर्सने प्रवृतिलाई देखाउनु यस कथाको मुख्य उद्देश्य हो ।

'जङ्गे ड्राइभर' कथामा ड्राइभरको जीन्दगी कस्तो भएर टुङ्गिन्छ भन्ने देखाउन खोजिएको छ । पैशा छ भन्दैमा मोजमस्ती गर्दा कस्तो सम्मको समस्या भोग्नु पर्दो रहेछ भन्न कुरा देखाउनु खोज्नु मुख्य उद्देश्य हो । यस कथामा एक जङ्गे ड्राइभर नेपालगञ्ज र काठमाडौंको रात्री बस चलाउदा कति ठाउँमा खाना, नास्ता खान्छ र कस्ता केटीको सङ्गत गर्छ पछि गएर कस्तो रोग लागि कसरी मृत्यु हुन्छ भन्ने कुारको चर्चा गरिएको छ ।

यस 'ढटुवा' कथामा मान्छेहरू दाम र कामको पछि जोडिएर इमान जमान वेचिएको विषयलाई समेटिएको छ । कसैलाई छल गरि कमाएको धन पछि गएर आफै विलाउछ र आफ्नै परिवार नष्टसमेत हुनसक्छ भन्ने सन्देश दिन खोज्नु यस कथाको मुख्य उद्देश्य हो ।

'ढक्कन' कथा नेपालको जनयुद्धमा साही सेना र सेनाका परिवार तथा आफन्तहरूको दुःख पीडाहरूको दर्दनाक स्थिति प्रस्तुत गर्न खोज्नु मुख्य उद्देश्य हो । ढपवहादुरलाई प्रमुख पात्र वनाई देशमा चलेको द्वन्द्वमा माओवादी  र सरकारविचको घटनामा सेनाले कस्तो खालको यातना समेत भोग्नु पऱ्यो भन्ने कुराको जानकारी दिन खोजिएको छ ।

'नो इन्ट्री, कथामा नेपालको ठूलाठालु व्यक्तिहरूको समसामयिक घटना देखाउन खोज्नु मुख्य उद्देश्य हो । यस कथाका माध्यमबाट देशमा हाकिम, मन्त्री जस्ता व्यक्तिले जुन ठाउँमा पनि तुरुन्तै छिर्न पाउने तर सर्वसाधरण जनताले भने अनुमति लिनु पर्ने स्थितिमार्फत यो सोझै अन्याय हो भन्ने देखाउनु मुख्य उद्देश्य हो ।

'पूर्ण' कथामा सानैमा वावुआमा गुमाउदा कतिसम्मको दुःख कष्ट भोग्नुपर्दो रहेछ भन्ने कुरा देखाउन खोज्नु यसको मुख्य उद्देश्य हो ।

'बर्दीधारी' कथामा नारीहरूको पीडा, दुःखले कस्तो सम्मको स्थिति निम्त्याउछ भन्ने कुरा देखाउन खोजिएको छ । एउटी नारीको दयनीय र पिडादायिक वलत्कार र त्यसपछि मृत्युका मुखमा पुऱ्याएको अवस्थाबाट नेपालमा महिलाहरूमाथि हुने गरेको हिंशांको यथार्थ जानकारी गराउनु मुख्य उद्देश्य हो ।

'विछोड' कथामा श्रीमान श्रीमतीको माया प्रेम कति सम्म गाढा हुन्छ र हुनु पनि पर्दछ भन्ने सन्देश दिन खोजिएको छ । मानिसको जीवनमा श्रीमान र श्रीमतीको कस्तो जरुरत पर्दो रहेछ भन्ने कुरा यस 'विछोड' कथाका माध्यमबाट देखाउन खोज्नु मुख्य उद्देश्य हो ।

'भुतेश्वर' कथामा नेपालको सममामयिक घटनाको चित्रण गरी हालको अवस्था वताउन खोजिएको छ । नेपाली समाजमा सोझा, गाउँले व्यक्तिहरूलाई ठगेर रातारात धन कमाउदा कस्तो सम्मको अवस्था भोग्नुपर्दो रहेछ भन्ने कुरा देखाउन खोजिएको छ ।

'रवरको जुत्ता' कथामा सौतेनी मामला कस्तो हुन्छ र संसार पैसामा अडिएको छ भन्ने कुरा देखाउन खोजिएको छ । काम गरी जीवन विताउनु, चोरी तथा ठगी नगुर्न र स्वावलम्वी वनी काम कर्तव्यमा लाग्नु पर्ने देखाउनु यस कथाको उद्देश्य मान्न सकिन्छ ।

यस 'रवाफ' कथामा धाक तथा रवाफ गर्नु भन्दा पनि आफूले काम गरी निष्पक्ष तरिकाबाट कमाएको व्यक्तिलाई समाजमा सवैले मान्दछन् तर नराम्रो तरिकाले कमाएको धनमाथि धाक धक्कु लगाएर वस्दा एकदिन सवैले थाहा पाउछन् भन्ने कुरा देखउन खोज्नु मुख्य उद्देश्य मान्न सकिन्छ ।

'राष्ट्रदेव' कथामा पशुपतिनाथको दर्शनमा देखिएको भेदभावलाई देखाउन खोज्नु मुख्य उद्देश्य हो । नेपाल हिन्दु राष्ट्र हो । सवै जनताहरू धर्ममा आस्था राख्दछन् । तर देशका ठूलाठालु व्यक्तिले भने पाप काम गर्न हुने, घुस खान हुने, सवै जनता घण्टौं लाइनमा वस्ता ती व्यक्तिहरू सोझै छिर्न पाउनु कति सम्मको अन्याय तथा अत्याचार हो भनी नेपाली जनतामाथिको सहिष्णुतामाथि प्रष्ट्याउन खोज्नु मुख्य उद्देश्य मान्न सकिन्छ ।

'वडा जनसरकार सदस्य' कथाको मुख्य उद्देश्य माओवादीको द्वन्द्वकालमा जनतालाई जवरजस्ती ब.ज.स.वनाएको र त्यस पछिको परिणाम जनताले कस्तो भोग्नु पर्‍यो भन्ने देखाउन खोजिएको छ ।

यस 'विकास' कथाका माध्यमबाट नेपालको ग्रामीण तथा शहरीया स्थानमा विद्यालयहरूको शिक्षाको विकासमा कस्ता व्यक्तिले अवरोध पुर्‍याउछन् भन्ने कुरा देखाउन खोज्नु मुख्य उद्देश्य हो । आफूले त गरेनन् गरेनन् अर्का देशबाट सहयोग आएको आर्थिक सहयोग समेत आफ्नो घरमा उपयोग गर्दा पनि सवैजना किन चुपचाप छन् भन्ने कुरा देखाउनु यसको अर्को उद्देश्य हो ।

'विद्रोह' कथामा ओरालो लागेको मृगलाई बाछाले पनि लखेट्छ भने झैँ समाजमा पहुँचवाला व्यक्तिहरूले पिन्न वर्गका व्यक्तिलाई गर्ने तुच्छ व्यवहार र त्यसबाट पिडित व्यक्ति जीवन धान्न भौतारिएको अवस्थामा वालवच्चा पाल्न आफ्नो मृगौला समेत वेच्नु परेको स्थितिलाई यस कथामा देखाउन खोज्नु मुख्य उद्देश्य हो ।

'सन्यासी' कथामा जति पाप गरेपनि मान्छेले एक न एक दिन पापको प्रायश्चित गर्छ भन्ने कुरा देखाउन खोजिएको छ । धनसम्पत्ति मात्र जीवनमा केही होइन उसले नाम र इज्जत कमाउन समाजसेवा गुर्न पर्छ भन्ने कुरा यस कथाका माध्यमबाट देखाउन खोज्नु मुख्य उद्देश्य हो ।

'समाधान' कथाका माध्यमबाट एम.ए. तथा पि.एच.डी. सम्मको अध्ययन गरेपनि खराव कुलतमा फसेपछि कस्तो खालका समस्यासम्म आउन सक्छ र कसैको सल्लाहले जीवनमा नयाँ मोड ल्याउदो रहेछ भन्ने कुरा देखाउन खोज्नु मुख्य उद्देश्य हो ।

'सरकार' कथामा आफ्नो धाक र सान देखाई वढुवा हुनको लागि अरुलाई फसाएर होइन राम्रो काम गरेर अगाडी पढ्नु पर्छ । त्यसपछि सफल हुन सकिन्छ नत्र भने २/४ दिनको सान मात्र हो भन्ने कुरा देखाउनु मुख्य उद्देश्य हो ।

'शहरको सपना' कथामा शहरको वातावरणलाई वुझ्न नसक्दा कस्ता खालका समस्या आइलाग्छन् भन्ने कुरा देखाउन खोजिएको छ । आफू अगाडी वढ्नलाई परिवारको पनि सहयोग चाहिने र दुःख पाउदा परिवार चाहिने तर सुःख पाउदा वास्ता नगर्दा कस्ता खालका धोका पाइन्छ भन्ने कुरा देखाउनु यस कथाको मुख्य उद्देश्य हो ।

'शिशौको रुख' कथामा नेपालको गृह युद्धको बारेमा यथार्थ चित्रण गरी देशमा भएको आन्दोलनको समयमा कस्ता समस्याहरू भोगे र पछि लोकतन्त्र आएपछि शिसौको रुखले समेत काचुली फेरेको स्थितिबाट सबै नेपालीहरूको काँचुली फेरिएको कुरा देखाउनु मुख्य उद्देश्य हो ।

'सोख' कथामा नेपालको सन्दर्भमा ठूला व्यक्तिहरूले साना व्यक्तिरूलाई कसरी शोषण गर्दा रहेछन् भन्ने कुराको चित्रण गरिएको छ । शिक्षित पात्रले एक अशिक्षित व्यक्तिहरूलाई कसरी दास वनाउछन् भन्ने प्रसङ्गलाई लिएर लेखिएको यस कथामा कोही पनि पढेलेखेको भरमा विद्धान नेता वन्न सक्तैन भन्ने सन्देश दिन खोजिएको छ ।

यस 'कम्प्यूटर आतङ्क' कथा समग्रमा नेपालको ग्रामीण समाजको गरिवीका कारण दयनिय स्थिति, गरिविका कारण फस्टाउन नसकेको शिक्षा, अन्धविश्वासका कारण अकालमै ज्यान गुमाउनु परेको अवस्था, माओवादी युद्धका कारण मुग्लान पस्न बाध्य भएका निरिह

जनताहरू, विनाकारण हुने वन्द, हट्ताल, कुलतमा फसेकाहरूको परिवारमा उत्पन्न हुने समस्या, राजनैतिक परिवेश, पावर वाला व्यक्तिहरूको अगाडि न्यायालयमा पनि उचित न्याय हुन नसक्नु आदि यथार्थ घटनाको प्रस्तुती निकै मार्मिक ढङ्गको पाइन्छ ।

## ५. दृष्टिविन्दु

थापाले **कम्प्युटर आतङ्क कथासङ्ग्रह**मा समावेश कथाहरूका प्रयुक्त दृष्टिविन्दुलाई केलाएको पाइन्छ ।

थापाका कम्प्यूटर कथासङ्ग्रहमा २५ वटै कथाहरूमा दृष्टिविन्दुका आधारमा हेर्दा कथाहरूमा प्रायजसो तृतीय पुरुष दृष्टिविन्दु प्रंयोग भएका छन् भने कुनै कुनै कथामा प्रथम पुरुष दृष्टिविन्दु पनि प्रयोग भएको छ । उनका प्राय कथाहरूमा 'म' पात्रका माध्यमबाट स्वयम् आफूनै उपस्थित भई आफ्ना मनका कुरा व्यक्त गरेको पाइन्छ भने तृतीय पुरुषमा विद्यार्थी वर्ग, गाउँका वुढापाका, बुद्धिजीवि तथा पढेलेखेका व्यक्तिका माध्यमबाट विचारहरू व्यक्त गराएको पाइन्छ । कथामा कथाकारले वर्णनशैली छोटो छरितो र कवितात्मक रहेको छ ।

'आहारा', 'गौरी', 'जङ्गे ड्राइभर', 'ढक्कन', 'पूर्ण', 'बर्दीधारी', 'भूतेश्वर', 'रबरको जुत्ता', 'वडा जनसरकार', 'विकास', 'सन्यासी', 'सरकार, शीर्षकका कथामा कथाकारले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यसरी वर्णन गर्दा कथाकारले कथाका प्रमुख सहभागिहरू क्रमशः बिर्खे, सुराकी, मनोज, जङ्गबहादुर, ढपबहादुर, पूर्ण मानव, भूतेश्वर गोठे, जमिन्दार, गगन, खड्गवहादुर, दौलतराम, रेसम आदिलाई विशेष जोड दिएर तिनीहरूकै क्रियाकलापमा आफूलाई लुकाएका हुनाले यहाँ तृतीय पुरुष अन्तर्गत सीमित दृष्टिविन्दुको प्रयोग भएको छ ।

'आपत', 'कम्प्युटर आतङ्क', 'खाडल', 'नो इन्ट्री', 'राष्ट्रदेव', 'समाधान', 'शहरको समना', शीर्षकका कथाहरूमा कथाकार 'म' पात्रका रूपमा उपस्थित भएर सम्पूर्ण घटना र पात्रको बारेमा वर्णन गरेको भएकाले प्रथम पुरुष आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ । 'ढँटुवा' र 'विछोड' शीर्षकका कथामा कथाकार उपस्थित भए पनि आफू गौण बसेर अन्य पात्रको वर्णनमा केन्द्रीत भएकाले यी कथामा प्रथम पुरुष परिधीय दृष्टिविन्दुको प्रयोग भएको

छ । यसरी यस सङ्ग्रहमा कथामा मूलतः तृतीय पुरुष दृष्टिविन्दु र अंशतः प्रंथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

## ६. भाषशैली

कथाको तत्त्वहरू मध्ये भाषाशैली एक महत्त्वपूर्ण तत्त्व हो । भाव वा विचारलाई अधिनत्व गर्ने माध्यमका रूपमा भाषालाई लिने गरिन्छ । विभिन्न ढङ्गबाट भावलाई अपनाएर भाषाको माध्यमबाट भावलाई व्यक्त गरिन्छ । अतः यस कथासङ्ग्रहमा समावेश कथाहरूमा प्रयुक्त भाषाशैलीको यहाँ अध्ययन पारिएको छ । उनका कथाहरूको भाषाशैली सरल, सहज, सरस, यथार्थतामा रहेको छ । सवैले वुझ्न सकिने भाषाशैलीमा लेखिएका कथा उनका कथाहरू छोटा छोटा वाक्यमा संरचित भएको पाइन्छ । कथाहरू नाटकीय तथा मञ्चीय दुवै शैलीमा सवादात्मक र एकालापीय शैली प्रयोग गरिएको छ । हाम्रै जनजीवनका वोलीने तथा प्रयोग गरिने भाषाशैलीमा लेखिएका उनका कथामा कारुणिकता, मानसिकता गरिवीबाट छट्पटिएको अवस्था युद्धबाट पिल्सीएका जनताको विज, वहुविवाह सौतेनी आमासँगको झै-झगडा जस्ता सामाजिक प्रसंगलाई सहज ढङ्गले वुझ्न सक्ने गरि प्रस्तुत गरिएको छ । कथाहरूमा भाषिक जटिलता नभएकाले सवै सहज पाठकहरूका लागि पठनिय र वोधगम्य रहेको छ । भाषाशैली कृतिम र आलङ्कारिक नभई सहज स्वतः स्फूर्त प्रभावमय रहेको छ ।

**कम्प्युटर आतङ्क कथासङ्ग्रह**का कथाहरूको भाषाशैली सरल, सहज, सरस र स्वभाविक छ । छोटा-छोटा वाक्यमा संरचित यस कथासङ्ग्रहका कथाहरूमा अधिकांश पूर्ण बाक्यको प्रयोग पाइन्छ । कथाहरू संवादात्मक र एकालापीय दुवै शैलीमा भएकाले बोधगम्य बनेका छन् । बाक्य गठनका सामाय तथा सरल वाक्यको प्रयोग पाइन्छ । भाषाशैली कृत्रिम, आलङ्कारिक नभई सहज स्वतः स्फूर्त र प्रभावमय रहेको छ । कतिपय कथाहरूमा आन्दोलन, क्रान्ति, युद्धका प्रसङ्गहरू आए पनि त्यस किसिमका प्रसङ्गलाई सहज ढंङ्गले वुझ्न सक्ने बनाउदा उचित ठाउँमा उचित शव्दको प्रयोग गरिएको छ । कथाहरूमा स्थानीय भाषा र अङ्ग्रेजी भाषाको प्रयोग गरिएको भए तापनि कथामा प्रयुक्तः भाषा मानक नेपाली भाषा नै रहेको छ । कथाहरूमा भाषिक जटिलता नभएकाले सबै तहका पाठकहरूका लागि पठनीय र बोधगम्य रहेको छ ।

उनका सवैजसो कथाहरूका आगन्तुक शव्दहरूको प्रयोग कम र तत्सम शव्दहरूको भरपूर प्रयोग पारिएको पाइन्छ । वाक्यगठन सरल, सहज, भाषा क्लिष्ट, दुर्वोध्य भई सजिलो तर स्वाभाविक भएको पाइन्छ । कुनै पनि भाव वा विचारलाई अभिव्यक्ति गर्ने माध्यम भाषा हो र भाषालाई अभिव्यक्त गर्ने विभिन्न ढङ्ग वा तरिका नै शैली हो । अतः यस कथासङ्ग्रहका कथाहरूमा पनि प्रयुक्त भाषाशैलीको यहाँ अध्ययन गरिएको छ ।

४.२.२.३ **निष्कर्ष**

प्रस्तुत **कम्प्युटर आतङ्क कथासङ्ग्रह**को अध्ययन गर्दा समाजका यथार्थ घटना र चरित्रलाई नै विषयवस्तु बनाएको पाइन्छ । कथाकार थापाले आफूले देखेका, भोगेका र सुनेका तथा समाजमा हुने गरेका वास्तविक घटनालाई जस्ताको तस्तै उतारेका छन् । यस सङ्ग्रहका कथामा नेपाली ग्रामीण जनजीवनमा देखिएको गरिबी, अशिक्षा, रुढीवादी परम्परा, आन्दोलनका नाममा हुने गरेको निर्दोष व्यक्तिको हत्या, माओवादी युद्धका विविध दर्दनाक घटनाहरू, युद्धका घाइतेहरूको दयनीय अवस्था, नेपाली सेनाको अत्याचार बढुवाको लागि सरकारी कर्मचारीले गर्ने गरेको अमानवीय व्यवहार र घुसखोरी प्रवृत्ति, कम्प्युटर मोबाइल चलाउन नजान्दाको पीडा, रक्सी सेवनबाट उत्पन्न हुने जटिल अवस्था, न्यायालयमा समेत गरिबिलाई गर्ने गरेका अन्याय, जीवन चलाउनका लागि शरीर बेच्न बाध्य नेपाली नारीहरूको विवशता, गाउँमा फटाहा कहलिएका र गाउँ निकाला भएका व्यक्तिहरू शहर पसेर रातारात नेता बन्ने गरेको यथार्थता, एच.आइ.भी एड्सको विषयवस्तुको चित्रण थापाले यस सङ्ग्रहका कथामा जीवन ढङ्गले प्रस्तुत गरेका छन् । उनका यस कथामा नेपाली ग्रामीण समाजको धरैजसो परिवेश रहेको र प्रथम तथा तृतीय पुरुष दृष्टिविन्दुमा कथाहरू लेखिएको पाइन्छ । थापाले अन्य कृतिहरूमा जस्तै यस सङ्ग्रहमा पनि जीवनका सुखद् पक्षको भन्दा दुःखद् पक्ष कै चित्रण गर्न सफल भएका छन् । युगीन जनजीवनसँग सम्बद्ध विभिन्न क्षेत्रबाट विषयवस्तु टिपेर त्यसैअनुरुप सहभागी र परिवेशको निर्माण गरी स्पष्ट विचारसँग उद्देश्यमूलक ढङ्गले सरल, सहज, सुवोध र सहभागीको स्तरअनुरूप स्वभाविक भाषाशैलीय विन्यासमा कथा सिर्जना गरेका छन् । यस सङ्ग्रहका कथाले बखतबहादुर थापालाई एक सफल कथाकारका रूपमा उभ्याएको पाइन्छ ।

# पाँचौं परिच्छेद

# सारांश र निष्कर्ष

## ५.१ सारांश

प्रस्तुत शोधपत्र नेपाली साहित्यमा विविध विधामा कलम चलाउने बखतबहादुर थापाका कथाकारिताको अध्ययनमा केन्द्रीत रहेको छ । पाँच परिच्छेदमा विभाजित यस शोधपत्रका हरेक परिच्छेदहरूको सारसंक्षेपलाई क्रमिक रूपमा तल प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको पहिलो परिच्छेदमा विषयपरिचय, समस्याकथन, शोधकार्यका उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यका औचित्य, महत्त्व र उपयोगिता तथा सिमाङ्कन, शोधविधि, सामग्रीसङ्कलन विधि, विश्लेषण विधि र शोधपत्रको रूपरेखा गरी विभिन्न शीर्षकमा विभाजन गरेर शोधपत्रको प्रस्तावनाको रूपमा राखिएको छ । यस परिच्छेदमा बखतबहादुर थापाका अन्य कृतिहरू तथा त्यसको अध्ययनबाट प्राप्त उपयुक्त सामग्रीहरू पूर्वकार्यको समीक्षाको रूपमा राखिएको छ भने निष्कर्ष सहित यस अध्यायमा समावेश गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा कथाकार बखतबहादुर थापाको सङ्क्षिप्त परिचय भित्र बाल्यकाल, स्वभाव, शिक्षादिक्षा, रुचि, साहित्यिक दृष्टिकोण र थापाको जीवनी र व्यक्तित्वहरू प्रस्तुत गरिएको छ ।

शोधपत्रको तेस्रो परिच्छेदमा बखतबहादुर थापाको कथायात्रा र प्रवृत्ति विषय प्रवेश गरिएको छ । त्यसैगरी उनका कथागत प्रवृत्तिलाई दुई चरणमा राखी अध्ययन तथा अनुसन्धान गरिएको छ ।

शोधपत्रको चौथो परिच्छेदमा थापाका दुईवटा कथासङ्ग्रहभित्रका सबै कथाहरूलाई कथातत्त्वका आधारमा विधातात्त्विक विश्लेषण गरिएको छ । कथाका तत्त्वका आधारमा कथाहरूको कथानक, सहभागी र सहभागिता, उद्देश्य, परिवेश, दृष्टिविन्दु र भाषाशैलीको माध्यमबाट विभिन्न कथाहरूको अन्तरनिहित भाव, विषयवस्तु, पात्रको चरित्रिक विशेषता विभिन्न विषयवस्तुको विभिन्न कोणबाट विश्लेषण गरिनुका साथै भाषिक शैली आदिको व्याख्या र विश्लेष्ण गरिएको छ । शोधपत्रको अन्तिम तथा पाँचौ परिच्छेदमा सारांश तथा निष्कर्ष राखिएको छ ।

## ५.२. निष्कर्ष

नेपाली साहित्य जगत्मा विभिन्न क्षेत्रमा विगत एक दशक देखि निरन्तर कलम चलाउदै आएका थापा मध्यपश्चिमाञ्चल विकासक्षेत्रको भेरी अञ्चलमा पर्ने दुर्गम ग्रामीण पहाडी जिल्ला दैलेखको दुम्लु गा.वि.स.मा २०२२ साल माघ २९ गते जन्मिएका हुन् । आफ्नो साहित्यिक यात्रा उपन्यास विधाबाट वि.स २०५८ सालमा शुरु गरेका थापाले हाल आएर आख्यान विधामा पढी मात्रामा अग्रसर भएको पाइन्छ ।

**आघात** कथामा जम्मा २० वटा कथाहरूको सङ्ग्रह हो । यस सङग्रहका रचनाकार बखतबहादुर थापा हुन् । यस सङ्ग्रहका सम्पूर्ण कथाहरूलाई विधातात्त्विक विश्लेषण गरिएकाले कथाका कथानक, सहभागी, सहभागिता, उद्देश्य, परिवेश, दृष्टिविन्दु र भाषाशैली गरी छ तत्त्वहरूलाई आधार बनाएर कथाको विश्लेषण गरिएको छ । समग्रमा यस **आघात कथासङ्ग्रह** भित्रका  कथाहरू विधातात्त्विक दृष्टिले उत्कृष्ट नै देखिएका छन् ।

कथाकार बखतबहादुर थापाद्वारा लिखित तथा साझा प्रकाशनबाट वि.सं. २०६९ सालमा प्रथम संस्करणको रूपमा प्रकाशित 'कम्प्युटर आतङ्क' कथासङ्ग्रह आवरण पृष्ठबाहेक जम्मा पृष्ठ १ देखि १६२ सम्ममा बद्ध छ । यसमा २५ वटा कथाहरू सङ्ग्रहित छन् । सङ्ग्रहमा कथाहरू (१) आपत्, (२) आहारा, (३) कम्प्युटर आतङ्क, (४) खाडल्, (५) गौरी, (६) जङ्गे् ड्राइभर, (७) ढँटुवा, (८) ढक्कन (९) नो इन्ट्री, 'पूर्ण' 'बर्दीधारी', 'बिछोड' 'भूतेश्वर', 'रवरको जुत्ता' 'रबाफ', 'राष्ट्रदेव', 'वडा जनसरकार सदस्य', 'विकास', 'विद्रोह', 'सन्न्यासी', 'समाधान', 'सरकार' 'शहरको सपना', 'सिसौको रुख' र 'सोख' रहेका छन् । संरचनाको दृष्टिले यस कथासङ्ग्रहलाई यसमा संरचित २५ कथाहरूले पूर्ण आकार दिएका छन् । यिनै कथाहरूलाई कथातत्त्वका आधारमा यहाँ अध्ययन गरिएको छ । यहाँ उनले लेखेका कथाहरूलाई कथानक, सहभागी/सहभागिता, परिवेश, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैलीय विन्यासका आधारमा अध्ययन गरिएको छ । यी छ वटा कथातत्का आधारमा शैद्धान्तिक दृष्टिकोणबाट थापाका दुई कथासङ्ग्रहहरु आघात कथासङ्ग्रह र कम्प्यूटर आतङ्क कथासङ्ग्रहलाई कथाकारिताका आधारमा अध्ययन गरिएको छ ।

समग्रमा थापाका यी कगासङ्ग्रहहरुमा समाजमा विद्यमान स्वार्थ, अज्ञानता, बेपर्बाहीद्धारा कतिपयले बोक्नुपरेको मुटुका घाउहरुलाई प्रस्तुत गर्ने जमर्को गरेका छन् । उनका कथाहरूले नेपाली जनजीवन, ग्रामीण परिवेश, माओवादी युद्धको पीडा, गरिबी,

नेपालको ग्रामीण परिवेश, शहरी जनजीवनमा कठिनाई आदिलाई देखाउन सफल भएका छन् । उनका कथासङ्ग्रहका कथामा विषयवस्तुगत विविधता पाइन्छ । नेपाली ग्रमीण जनजीवनमा व्याप्त गरिबी, अशिक्षा, रोग, भोक, अन्धविश्वास, विदेशीप्रतिको ग्रामीण नेपाली मानसिकता आदिलाई कथात्मक ढाँचामा उनिएका कथाकार बखतबहादुर थापाका कथामा परिवारका दयनिय क्रियाकलाप र आन्दोलनबाट तिनका जीवनमा पर्ने प्रभाव, आन्दोलनका नाममा भएका निर्दोष व्यक्तिको हत्या आदिको जीवन्त चित्रण पाइन्छ ।

यनका कथमा कथानकलाई सहज ढङ्गमा गतिशील तुल्याउन सक्षम देखिन्छन् । कथामा प्रयुक्त सहभागीके नामकरण पनि धरैजसो ग्रामीण परिवेशको झझल्को दिने खालकाृ छ । कथामा निम्न र उच्च दुवै वर्गका सहभागीहरुको प्रयोग पाइन्छ ।

यसरी मूल्याङ्कन गर्दा थापाको कथाकारिता समग्रमा उत्कृष्ट नेपाली सोच, संस्कार तथा अवस्थालाई समेट्ने गरी शिक्षा र पाठकलाई स्वच्छ समाजको निर्माणमा लाग्न प्रेरित गर्ने देखिन्छ । निष्कर्षमा उनको कथाकारिता सफल, सवल र शिक्षाप्रद रहेको छ ।

# सन्दर्भ सामग्रीसूची

## १. पुस्तकसूची

खरेल, लीला, **बखतबहाद्रुर थापाको जीवनी, व्यक्तित्व र कृतित्व,** अप्रकाशित एम.ए. शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, २०७० ।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु, **नेपाली कथाको इतिहास,** काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान, २०६९ ।

थापा, बखतबहादुर, **परदेश,** काठमाडौं : मोतीराम थापा, २०५८ ।

........................, **आघात,** काठमाडौं : श्रीमती लक्ष्मी थापा, २०६२ ।

........................, **कम्प्युटर आतङ्क,** ललितपुरः साझा प्रकाशन, २०६९ ।

पाठक, व्याकुल (सम्पा.) **प्रख्यात नेपाली कथा खण्ड-४,** काठमाडौं : रत्नपुस्तक भण्डार, २०६८ ।

पौडेल, उमादेवी, **गोविन्द गिरी प्रेरणाको कथाकारिता,** अप्रकाशित एम.ए. शोधपत्र, त्रि.वि.वि., नेपाली केन्द्रीय विभाग, २०७३ ।

ममता भट्टराई **बखतबहाद्रुर थापाको उपन्यासकारिता**, अप्रकाशित एम.ए. शोधपत्र, त्रि.वि.वि., नेपाली केन्द्रीय विभाग, २०७३ ।

रेग्मी, सनत, 'बखतबहादुर थापाको कम्प्युटर आतङ्क' **कथासङ्ग्रह,** ललितपुर : साझा प्रकाशन, २०६९ ।

लुइटेल, खगेन्द्रप्रसाद, 'बखतबहादुर थापाको बखत बखतका कुरा, बखतबहादुर थापा, **आघात कथासङ्ग्रह**, काठमाडौं श्रीमती लक्ष्मी थापा प्रकाशन, २०६२ ।

........................., 'सामाजिक यथार्थवादी कथासँगालो : कम्प्युटर आतङ्क', **कथासङ्ग्रह,** ललितपुर : साझा प्रकाशन, २०६९ ।

.........................., **नेपाली उपन्यासको इतिहास,** काठमाडौं : नेपाली राजकीय प्रज्ञा प्रतिष्ठान, २०६९ ।

## २. पत्रपत्रिका सूची

**कान्तिपुर,** 'बखतको पाँचौं' (२०७०) वैशाख ९) ।

गिरी, मधुसूदन, 'युगीन बिम्बको कथासङ्ग्रह कम्प्युटर आतङ्क' **ज्वाला सन्देश** (वर्ष १४ अंक १, २०७०), पृ. ३-८ सम्म ।

**नेपाली पत्र,** 'थापाको **आघात कथासङ्ग्रह** सार्वजनिक' (२०६२ मङ्सिर २४) ।

न्यौपाने, तीर्थ, 'बखतका गन्थन' **कान्तिपुर,** (२०६२ पुस ९), पृ.८ ।

**राजधानी** 'कम्प्युटर आतङ्कमा बखत' (२०७० ५), पृ.६ ।